# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

८४

पू
र्णा
ङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४६

*तदिह न गुणदोषौ योजनीयावलीकौ*
*कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।*
— बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा

( इतिहास–प्रधान त्रैमासिक पत्रिका )

२१ वर्ष

४ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. ४०/–

# विषयसूची


| | | |
|---|---|---|
| १. छोट्टचाइएको हर्षचरितको अलिकता भाग | –नयराज पन्त<br>सहायक– चन्द्रनाथ पाँडे | १–७ |
| २. ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको नेपालको संक्षिप्त इतिहास | –देवीप्रसाद भण्डारी | ८–४८ |
| ३. नेवारराज्य र ब्राह्मण | –महेशराज पन्त | ४९–६२ |
| ४. बीसौँ वर्षको आम्दानीखर्चको विवरण | | ६३ |
| ५. एक्काइसौँ वर्षको आम्दानीखर्चको विवरण | | ६४–६५ |


# हाम्रा प्रकाशित कृति

## संशोधन–मण्डलतर्फबाट

| | |
|---|---|
| १. पूर्णिमा १ देखि ८४ अङ्कसम्म | १०३३।५० |
| २. अभिलेख–सङ्ग्रह १–१२ भाग | ७।५० |
| ३. इतिहास–संशोधन | १७५। |
| ४. सावधान–पत्र | ६०। |
| ५. विद्या–रक्षा | ७५। |
| ६. व्याकरण–संशोधन | १५। |
| ७. पञ्चाङ्ग–संशोधन | ३०। |
| ८. बुद्धिविनोद–प्रश्नावली र त्यसको उत्तर | २। |
| ९. रत्नदीप | २।५० |
| १०. वृत्तशतक | ३। |
| ११. नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य | ५। |
| १२. कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या | १०। |
| १३. श्री ३ महाराज पद्मशमशेरका कुरा | १२। |
| १४. अभिनन्दनग्रन्थ | ५। |

(बाँकी ६६ पृष्ठमा)

# छोट्याइएको हर्षचरितको अलिकता भाग

## छोट्याउने – नयराज पन्त

सहायक – चन्द्रनाथ पाँडे ( वि. सं. १९८७–२००३ )

### प्रस्तावना

संस्कृतभाषाका श्रव्य काव्य प्रायः पद्यमय छन्, गद्यमय काव्य थोरै छन्। परन्तु व्यवहारमा मानिसहरू गद्यमय बोलचाल गर्छन्। यस कारण संस्कृतभाषामा बोलचालमा प्रयोग हुने ग्रन्थ कम मात्रामा पाइन्छन्। संस्कृतभाषालाई बोलीचालीको रूपमा उतार्न गद्यमय पाठ्य ग्रन्थको खाँचो अनुभव हुन्छ। यस कारण केही विद्वान्‌हरूले संस्कृतभाषामा गद्यमय ग्रन्थको विकास गर्नुपर्छ भन्ने सम्झी केही ग्रन्थ बनाएका पनि छन्। यसै प्रसङ्गमा कवि बाणको हर्षचरित र कादम्बरी, दण्डीको दशकुमारचरितहरूलाई अघि सारी केही विद्वान्‌हरूले संस्कृतमा गद्यसाहित्यको कमी छ भन्ने कुराको उत्तर पनि दिन खोजेका छन्। यसै प्रसङ्गमा एउटा अर्को कुरो पनि अघिल्तिर आउँछ। बाण दण्डीहरूका ती ग्रन्थ साधारण मानिसलाई बुझाउने अभिप्रायले भन्दा काव्यको चमत्कार देखाउने उद्देश्यले लेखिएका छन्। विद्वान्‌हरूको लेखा त काव्यको चमत्कार आनन्ददायी हुन्छ, तर सामान्य जनको लागि त्यो दुर्बोध हुन्छ। यस कारण हर्षचरितहरूको केही विद्वान्‌हरूले संक्षिप्त रूप पनि बनाएका छन्।* त्यसो गर्दा हर्षचरितहरूको संक्षिप्त कथा त आएको छ, बाणले दिएको ऐतिहासिक कुरा भने छुट्न गएको छ।

---

*जस्तै— वि. सं. १९८५ मा नागपुरबाट डी. ए. मिराशीद्वारा प्रकाशित, बासुदेव विष्णु मिराशीको हर्षचरितसार र वि. सं. १९८८ मा प्रकाशित, वे. अनन्ताचार्यको हर्षचरितसार। अनन्ताचार्यको हर्षचरितसारको वि. सं. २००० मा इलाहाबादबाट रामनारायणलालद्वारा प्रकाशित चौथो संस्करण मसँग छ।

मैले बाणको कादम्बरीको पनि केही अंशको संक्षिप्त रूप तयार गरेको छु। त्यसको केही भाग वि. सं. २०१९ मा काठमाडौँबाट संस्कृत-छात्र-संघद्वारा प्रकाशित जयतु संस्कृतम् १९ अङ्कका १३-१६ पृष्ठ, २० अङ्कका १३-१६, १९ पृष्ठ र २१ अङ्कका १६-१९ पृष्ठमा संक्षिप्ता कादम्बरी भन्ने नाउँले छापिएका छन्।

वे. अनन्ताचार्यले छोट्याएको कादम्बरी, चन्द्रापीडचरितम् भन्ने नाउँले प्रकाशित छ। त्यस पुस्तकको वि. सं. १९९० मा पालघाटबाट आर. सुब्रह्मण्य वध्यारद्वारा प्रकाशित छैटौँ संस्करण मसँग छ। वि. सं. २०३३ मा पालघाटबाट आर. एस. वध्यार यान्ड सन्सद्वारा प्रकाशित टी. के. रामचन्द्र अय्यरले छोट्याएको चन्द्रापीडचरितम् भने वेङ्कटाचार्यको चन्द्रापीडचरितम्‌को प्रतिलिपि हो।

ऐतिहासिक कुरो यथार्थ रूपमा आयो भने मात्र काम पर्दा काम गर्न सकिन्छ भन्ने कुरो मेरो मनमा खेलिरहन्छ। बाणले हर्षचरितमा जस्तो दृश्य आफ्ना पाठकहरूलाई देखाउन खोजे अथवा आफैँले देखे, त्यो कुरो हामी पनि देख्न सकौँ भन्ने भाव मेरो मनमा आइरहन्छ। यस कारण हर्षचरितलाई छोट्याउने उद्योगमा म लागेको हुँ। संस्कृतभाषालाई लौकिक रूपमा उतार्न सके भलो होला भन्ने विचारले म तानिएको छु। यसै कारण मैले मेरा मामा मेरुनाथ पाँडे (वि. सं. १९५८—२०३८)का जेठा छोरा चन्द्रनाथलाई संस्कृत पढाउने प्रसङ्गमा हर्षचरितको यो छोट्याइएको भाग तयार हुन लागेको हो। वि. सं. २००२ को हिउँदमा मैले यो काम गरेको हुँ। अहिले प्रकाश हुन लागेको यति भाग चन्द्रनाथको हस्ताक्षरमा छ। वि. सं. २००३ मा चन्द्रनाथको स्वर्गवास भएकोले यो भाग त्यसै अधूरो भएको छ। त्यसपछि यो पूरा गर्ने काम अहिलेसम्म व्यवस्थित रूपमा गराउन मैले सकिनँ। चन्द्रनाथको स्वर्गवास भएको ४६ वर्ष पुगिसक्यो र म पनि ८० वर्ष पुग्न लागेँ। यस कारण अधूरै भए पनि यसलाई पूर्णिमाको यस ८४ अङ्कमा प्रकाश गराउन म लागेको हुँ।

वि. सं. २०४९ आश्विन १७ गते शनिवार (फूलपाती) **—नयराज पन्त**

## अथ प्रथम उच्छ्वासः

एवमनुश्रूयते— पुरा किल भगवान् स्वलोकमधितिष्ठन् परमेष्ठी विकासिनि पद्मविष्टरे समुपविष्टः सुनासीरप्रमुखैर्गीर्वाणैः परिवृतो ब्रह्मोद्याः कथाः कुर्वन्नन्याश्च निरवद्या विद्यागोष्ठीर्भावयन् कदाचिदासाञ्चक्रे। तथाऽऽसीनं च तं त्रिभुवनप्रतीक्ष्यं मनुदक्षचाक्षुषप्रभृतयः प्रजापतयः सप्तर्षिपुरस्सरा महर्षयश्च सिषेविरे। केचिदृचः स्तुतिचतुराः समुदचारयन्। केचिदपचितिभाञ्जि यजूंष्यपठन्। केचित् प्रशंसासामानि जगुः। अपरे विवृतक्रतुक्रियातन्त्रान् मन्त्रान् व्याचचक्षिरे। विद्याविसंवादकृताश्च तत्र तेषामन्योन्यस्य विद्याविवादाः प्रादुरभवन्।

अथाऽतिरोषणः प्रकृत्या महातपा मुनिरत्रेस्तनयस्तारापतेर्भ्राता नाम्ना दुर्वासा द्वितीयेन मन्दपालनाम्ना मुनिना सह कलहायमानः साम गायन् क्रोधान्धो विस्वरमकरोत्। सर्वेषु च तेषु शापभयात् प्रतिपन्नमौनेषु मुनिष्वन्यालापलीलयाऽवधीरयति कमलसम्भवे भगवति, कुमारी किञ्चिदुन्मुक्तबालभावे नवे वयसि वर्तमाना, गृहीतचामरप्रचलद्भुजा पितामहमुपवीजयन्ती, स्वभावारुणाभ्यां पादाभ्यां समुद्भासमाना, पदक्रममुखरेण नूपुरयुगलेन वाचालितचरणा, सलीलं कलालापिनि मेखलादाम्नि विन्यस्तवामहस्ता, अंसावलम्बिना ब्रह्मसूत्रेण पवित्रीकृतकाया, भास्वन्मध्यनायकमनेकमुक्तानुयातं हारमुद्वहन्ती, पाटलेन स्फुरता दशनच्छदेन विराजमाना, तिर्यक् सावज्ञमुन्नमितैकभ्रूः, विस्वरश्रवणादपाङ्गनिर्गतलोचनजला, विकसितसितसिन्धुवारमञ्जरीजुषैकश्रवणेन समुपेता, सूक्ष्मविमलेनांऽशुकेनाऽच्छादितशरीरा, निर्मलां दशनज्योत्स्नां विकिरन्ती, देवी सरस्वती श्रुत्वा जहास।

दृष्ट्वा च तां तथा हसन्तीं स मुनिः "आः पापकारिणि, दुर्गृहीतविद्यालवावलेपदुर्विदग्धे, मामुपहससि" इत्युक्त्वा शिरःकम्पशीर्यमाणबन्धविशरारुपिङ्गलजटाकलापः, अन्धकारितललाटां भ्रुकुटिमाबध्नन्, अतिलोहितचक्षुः, निर्दयदष्टदशनच्छदः, अंसावस्रंसिनः कृष्णाजिनस्य ग्रन्थिमन्यथा ग्रथ्नन्, स्वेदकणप्रतिपन्नसर्वावयवः, कोपकम्पतरलिताङ्गुलिना करेणाऽक्षमालामाक्षिप्य कामण्डलवेन वारिणा समुपस्पृश्य शापजलं जग्राह।

अत्राऽन्तरे स्वयम्भुवोऽभ्याशे समुपविष्टा, पाण्डरं द्रुमवल्कलं वसाना, बिसतन्तुमयेनांऽशुकेनोन्नतस्तनमध्य-

बद्धगात्रिकाग्रन्थिः, तिसृभिर्भस्मपुण्ड्रकराजिभिर्विराजितललाटा, स्कन्धावलम्बिना धवलेन योगपट्टकेन विरचितवैकक्षका, सव्येन स्फटिककमण्डलुं करेण कलयन्ती, दक्षिणमक्षमालाकृतपरिक्षेपं कम्बुनिर्मितोर्मिकादन्तुरितं तर्जनतरङ्गिततर्जनीकमुत्क्षिपन्ती करम्, "आः पाप, क्रोधोपहत, दुरात्मन्, अज्ञ, अनात्मज्ञ, ब्रह्मबन्धो, मुनिखेट, अपसद, निराकृत, कथमात्मस्खलितविलक्षः सुरासुरमुनिमनुजवृन्दवन्दनीयां त्रिभुवनमातरं भगवतीं सरस्वतीं शप्तुमभिलषसि" इत्यभिदधाना, रोषविमुक्तवेत्रासनैरोङ्कारमुखरितमुखैरुत्क्षेपदोलायमानजटाभारैः परिकरबन्धभ्रमितकृष्णाजिनैरमर्षनिश्वासैः स्वेदं स्रवद्भिरग्निहोत्रपवित्रभस्मस्मेरललाटैः कुशतन्तुचारुचीरचीवरिभिराषाढिभिः प्रहरणीकृतकमण्डलुभिर्मूर्तैश्चतुर्भिर्वेदैः सह बृसीमपहाय देवी मूर्तिमती सावित्री समुत्तस्थौ।

ततः "मर्षय भगवन्, अभूमिरेषा शापस्य" इत्यनुनाथ्यमानोऽपि विबुधैः, "उपाध्याय, स्खलितमेकं क्षमस्व" इति बद्धाञ्जलिपुटैः प्रसाद्यमानोऽपि स्वशिष्यैः, "पुत्र, मा कृथास्तपसः प्रत्यूहम्" इति निवार्यमाणोऽप्यत्रिणा, रोषावेशविवशो दुर्वासाः "दुर्विनीते, व्यपनयामि ते विद्याजनितामुन्नतिमिमाम्, अधस्ताद् गच्छ मर्त्यलोकम्" इत्युक्त्वा तच्छापोदकं विससर्ज। प्रतिशापदानोद्यतां सावित्रीम् "सखि संहर रोषम्, असंस्कृतमतयोऽपि जात्यैव द्विजन्मानो माननीयाः" इत्यभिदधाना सरस्वत्येव न्यवारयत्।

अथ तां तथा शप्तां सरस्वतीं दृष्ट्वा पितामहो भगवान् धवलयज्ञोपवीतिनीं तनुमुद्वहन्, अच्छमरकताक्षवलयेन दक्षिणेन करेण निवार्य शापकलकलं गम्भीरेण स्वरेण सुधीरमुवाच— "ब्रह्मन्, न खलु साधुसेवितोऽयं पन्था, येनाऽसि प्रवृत्तः। निहन्त्येष परस्तात्। उद्दामप्रसृतेन्द्रियाश्वसमुत्थापितं हि रजः कलुषयति दृष्टिमनक्षजिताम्। कियद् दूरं वा चक्षुरीक्षते। विशुद्धया हि धिया पश्यन्ति कृतबुद्धयः सर्वानर्थानसतः सतो वा। निसर्गविरोधिनी चेयं पयःपावकयोरिव धर्मक्रोधयोरेकत्र वृत्तिः। आलोकमपहाय कथं तमसि निमज्जसि। क्षमा हि मूलं सर्वतपसाम्। परदोषदर्शनदक्षा कुपिता बुद्धिर्न त आत्मदोषं पश्यति। क्व महातपोभारवैवधिकता, क्व पुरोभागित्वम्। अतिरोषणश्चक्षुष्मानन्ध एव जनः। नहि कोपकलुषिता विमृशति मतिः कर्तव्यमकर्तव्यं वा। कथं लोकविनाशाय ते जटा जाता। अनुचिता खल्वस्य मुनिवेषस्य वृत्तमुक्ता चित्तवृत्तिः। शैलूष इव वृथा वहसि कृत्रिममुपशमशून्येन चेतसा तापसाकल्पम्। अल्पमपि न ते पश्यामि कुशलजातम्। अनेनाऽतिलघिम्नाऽद्याऽप्युपर्येव प्लवसे ज्ञानोदन्वतः। न खल्वनेडमूका एडा जडा वा सर्व एते महर्षयः। रोषदोषनिषद्ये स्वहृदये निग्राह्ये किमर्थमसि निगृहीतवाननागसं सरस्वतीम्। एतानि तान्यात्मप्रमादस्खलितवैलक्ष्याणि, यैर्याप्यतां यात्यविदग्धो जनः" इत्युक्त्वा पुनराह— "वत्से सरस्वति, विषादं मा गाः। एषा त्वामनुयास्यति सावित्री, विनोदयिष्यति चाऽस्मद्विरहदुःखिताम्। आत्मजमुखावलोकनावधिश्च ते शापोऽयं भविष्यति" इति। एतावदभिधाय विसर्जितसुरासुरमुनिमनुजमण्डलः ससम्भ्रमापगतनारदस्कन्धविन्यस्तहस्तः समुचिताह्निककरणायोदतिष्ठत्। सरस्वत्यपि शप्ता किञ्चिदधोमुखी दृष्टिमुरसि पातयन्ती, शापशोकशिथिलितहस्ता, नूपुरव्याहाराहूतैर्भवनकलहंसकुलैरनुगम्यमाना समं सावित्र्या गृहमगात्।

अत्राऽन्तरे मध्यमं लोकमवततारांऽशुमाली। क्रमेण च मन्दायमाने वासरे, क्षेपीयः क्षितिधरशिखरमवतरति लोहिते लोकैकचक्षुषि भगवति, प्रस्नुतमुखमाहेयीयूथक्षरत्क्षीरधाराधवलितेषु दिव्याश्रमोपशल्येषु, अपराह्णप्रचारचलिते चामरिणि चामीकरतटताडनरणितरदने रदति सुरस्रवन्तीरोधांसि स्वैरमैरावते, प्रकटयति च तारापथे पाटलताम्, तारापथप्रस्थितसिद्धदत्तदिनकरास्तमयार्घ्ये, वन्दारुमुनिवृन्दारकवृन्दबध्यमानसन्ध्याञ्जलौ, समुच्चारिततृतीयसवनब्रह्मणि ब्रह्मणि, ज्वलितवैतानज्वलनज्वालाजटालाजिरेषु सप्तर्षिमन्दिरेषु, कृताघमर्षणेषु यतिषु, सन्ध्योपासनासीनतपस्विपङ्क्तिपूतपुलिने प्लवमाननलिनयोनियानहंसे मन्दाकिनीजले, सुषुप्सति कण्डूयनकुण्डलितकन्धरे धुतपक्षराजिवीजितराजीवे राजहंसयूथे, तटलताकुसुमधूलिधूसरितसरिति सायन्तने तनीयसि वाति नभस्वति, नभस्थलं

स्तबकयति तारागणे, सन्ध्यानुबन्धताम्रे काले मेदुरे मेदिनीं मीलयति नववयसि तमसि, तरुणतरतिमिरपटलपाटनपटीयसि समुन्मीषति प्रदीपप्रकरे, प्रतनुतुहिनकिरणलावण्यालोकपाण्डुनि शातक्रतवे ककुभि शर्यति तिमिरमाशामुखे, खमुचि विलीयमाने तमसि, उदिते भगवति लोहित वपुर्धारयति श्वेतभानौ, ध्वस्ते ध्वान्ते, स्पष्टे प्रदोषसमये सावित्री शून्यहृदयामिव किमपि ध्यायन्तीं सास्रां सरस्वतीमवादीत्– "सखि, त्रिभुवनोपदेशदक्षायास्तव पुरो जिह्वा जिह्रेति मे जल्पन्ती। जानास्येव यादृश्यो विसंस्थुला गुणवत्यपि जने निर्दाक्षिण्याः क्षणभङ्गिन्यो दुरतिक्रमणीया न रमणीया दैवस्य वामा वृत्तयः। निष्कारणा च निकारकणिकाऽपि कलुषयति मनस्विनोऽपि मानसमसदृशजनादापतन्ती। अनवरतनयनजलसिच्यमानो विपल्लवोऽपि सहस्रधा प्ररोहति शोकः। अतिसुकुमारं च जनं सन्तापपरमाणुरपि म्लानिमानयति। महतां चोपरि निपतन्नणुरपि क्लेशः कदर्थनायाऽलम्। सहजस्नेहपाशग्रन्थिबन्धनाश्च बान्धवभूता दुस्त्यजा जन्मभूमयः। दारयति दारुणो हृदयं संस्तुतजनविरहः। सा नाऽर्हस्येव भवितुम्। अभूमिः खल्वसि दुःखस्य। अपि च पुराकृते कर्मणि बलवति शुभेऽशुभे वा फलकृति तिष्ठत्यधिष्ठातरि प्रष्ठे पृष्ठतश्च कोऽवसरो विदुषि शुचाम्। इदं च ते मङ्गलममङ्गलभूताः कथमिव मुखमपवित्रयन्त्यश्रुबिन्दवः। तदलम्। अधुना कथय कतमं भुवो भागमलङ्कर्तुमिच्छसि। कस्मिन्नवतितीर्षति ते पुण्यभाजि प्रदेशे हृदयम्। कानि वा तीर्थान्यनुग्रहीतुमभिलषसि। केषु वा धन्येषु तपोधनधामसु तपस्यन्ती स्थातुमिच्छसि। सज्जोऽयमुपचरणचतुरः सहपांसुक्रीडापरिचयपेशलः प्रेयान् सखीजनः क्षितितलावतरणाय। अनन्यशरणा चाऽद्यैव प्रभृति प्रतिपद्यस्व मनसा वाचा क्रियया च सर्वविद्याविधातारं दातारं श्वःश्रेयसस्य स्वचरणरजःपवित्रितत्रिदशासुरं सुधासूतिकलिकाकल्पितकर्णावतंसं देवदेवं त्रिभुवनगुरुं त्र्यम्बकम्। अल्पीयसैव कालेन स ते शापशोकविरतिं वितरिष्यति।" इति। एवमुक्ता मुक्तधवललोचनजला सरस्वती प्रत्यवादीत्— 'प्रियसखि, त्वया सह विचरन्त्या न मे काञ्चिदपि पीडामुत्पादयिष्यति ब्रह्मलोकविरहः शापशोको वा। केवलं कमलासनसेवासुखमार्द्रयति मे हृदयम्। अपि च त्वमेव वेत्सि मे भुवि धर्मधामानि समाधिसाधनानि योगयोग्यानि च स्थानानि स्थातुम्' इत्येवमभिधाय विरराम। रणरणकोपनीतप्रजागरा चाऽनिमीलितलोचनैव तां निशामनयत्।

अपरेद्युरुदिते भगवति पाटलितवपुषि विरोचने सरस्वती पुनरचिन्तयत्— "भवतु। मानयामि मुनेर्वचनम्" इत्युक्त्वोत्थाय कृतमहीतलावतरणसङ्कल्पा परित्यज्य वियोगविक्लवं स्वपरिजनं ज्ञातिवर्गमविगणय्याऽवगणा त्रिः प्रदक्षिणीकृत्य चतुर्मुखं कथमप्यनुनयनिवर्तितानुयायिव्रतिव्राता ब्रह्मलोकतः सावित्रीद्वितीया निर्जगाम।

ततः क्रमेण ध्रुवप्रवृत्ताम्, अधोधावमानधवलपयोधराम्, उद्धुरध्वनिम्, अन्धकमथनमौलिमालिकाम्, आलीयमानवालखिल्यरोधसम्, अरुन्धतीधौततारवत्वचम्, त्वङ्गत्तुङ्गतरङ्गतरत्तरलतरतारकाम्, तापसवितीर्णतरलतिलोदकपुलकितपुलिनाम्, आप्लवनपूतपितामहपातितपितृपिण्डपाण्डुरितपाराम्, पर्यन्तसुप्तसप्तर्षिकुशशयनसूचितसूर्यग्रहसूतकोपवासाम्, आचमनशुचिशचीपतिमुच्यमानार्चनकुसुमनिकरशाराम्, शिवपुरपतितनिर्माल्यमन्दारदामकाम्, अनादरदारितमन्दरदरीदृषदम्, ग्राहग्रावस्खलनमुखरितस्रोतसम्, सुषुम्णास्रुतशशिसुधाशीकरस्तबकिततीराम्, धिषणाग्निकार्यधूमधूसरितसैकताम्, सिद्धविरचितबालुकालिङ्गलङ्घनत्रासविद्रुतविद्याधराम्, सप्तसागरगामिनीं मन्दाकिनीमनुसरन्ती मर्त्यलोकमवततार।

अपश्यच्चाऽम्बरतलस्थितैव शशिमणिनिष्यन्दमिव विन्ध्यस्य, कर्पूरद्रुमद्रवप्रवाहमिव दण्डकारण्यस्य, स्वच्छशिशिरसुरसवारिपूर्णं भगवतः पितामहस्याऽपत्यं हिरण्यवाहनामानं महानदम्, यं जना शोण इति कथयन्ति। दृष्ट्वा च तं रामणीयकहृतहृदया तस्यैव तीरे वासमरोचयत्। उवाच च सावित्रीम्— "सखि, मधुरमयूरविरुतयः कुसुमपांशुपटलसिकतिलतरुतला रमयन्ति मां मन्दीकृतमन्दाकिनीद्युतेरस्य महानदस्योपकण्ठभूमयः। पक्षपाति च हृदयमत्रैव स्थातुं मे" इति। अभिनन्दितवचना च तथेति तया तस्य पश्चिमे तीरे समवातरत्। एकस्मिंश्च शुचौ

शिलातलसनाथे तटलतामण्डपे गृहबुद्धिं बबन्ध। विश्रान्ता च नाऽतिचिरादुत्थाय सावित्र्या सार्धमुच्चितार्चनकुसुमा सस्नौ। पुलिनपृष्ठप्रतिष्ठापितसैकतशिवलिङ्गा च भक्त्या परमया पञ्चब्रह्मपुरःसरां सम्यङ् मुद्राबन्धविहितपरिकरां ध्रुवागीतिगर्भामवनिपवनवनगगनदहनतपनतुहिनकिरणयजमानमयीमूर्तीरष्टावपि ध्यायन्ती सुचिरमष्टपुष्पिकामदात्। अयत्नोपनतेन फलमूलेन स्वादुना च शिशिरेण शोणवारिणा शरीरस्थितिमकरोत्। अतिवाहितदिवसा च तस्मिल्लतामण्डपशिलातले कल्पितपल्लवशयना सुष्वाप। अन्येद्युरप्यनेनैव क्रमेण नक्तंदिवमत्यवाहयत्।

एवमतिक्रामत्सु दिवसेषु गच्छति च काले कदाचिद् याममात्रोद्गते च रवावुत्तरस्यां ककुभि प्रतिशब्दपूरितवनगह्वरं गम्भीरतारतरं तुरङ्गह्रेषितह्लादमश्रृणोत्। उपजातकुतूहला च निर्गत्य लतामण्डपाद् विलोकयन्ती पाण्डुरं रजःसङ्घातं नाऽतिदवीयसि सम्मुखमापतन्तमपश्यत्। क्रमेण च सामीप्योपजायमानाभिव्यक्ति तस्मिन् महति धूसरे रजसि पुरः प्रधावमानेन, प्रलम्बकुटिलकचघटितललाटजूटकेन, एककर्णावतंसितधवलदन्तपत्रेण, पिनद्धकृष्णागुरुकल्कच्छुरणकृष्णशबलकषायकञ्चुकेन, उत्तरीयकृतशिरोवेष्टनेन, वामप्रकोष्ठनिविष्टस्पष्टहाटककटकेन, द्विगुणपट्टपट्टिकागाढग्रथितासिधेनुना, अनवरतकृतव्यायामकृशकर्कशशरीरेण, लङ्घितसमविषमावटविटपेन, कोणधारिणा, कृपाणपाणिना, सेवागृहीतविविधवनकुसुमफलमूलपर्णेन "चल चल, याहि याहि, अपसर्पाऽपसर्प, पुरः प्रयच्छ पन्थानम्" इत्यनवरतकृतकलकलेन, युवप्रायेण, सहस्रमात्रेण पदातिबलेन सनाथमश्ववृन्दं ददर्श।

मध्ये च तस्य सार्धचन्द्रेण मुक्ताफलजालमालिना विविधरत्नखण्डखचितेन पाण्डुरेणाऽऽतपत्रेण कृतच्छायम्, आनितम्बविलम्बिन्या मालतीशेखरस्रजा विराजमानम्, उत्सर्पिभिः शिखण्डखण्डिकापद्मरागमणेररुणैरंशुजालैः परिवृतम्, मार्गरेणुपरुषवपुषम्, बकुलकुड्मलमण्डलीमुण्डमालामण्डनमनोहरेण कुटिलकुन्तलमालिना मौलिना समुपेतम्, अभिनवयौवनारम्भावष्टम्भप्रगल्भदृष्टिपातम्, द्राघीयसा घोणावंशेन शोभमानम्, अतिसुरभिसहकारतैलकर्पूरकक्कोललवङ्गपारिजातकपरिमलमुचा मुखेन शोभमानम्, आसन्नसुहृत्परिहासभावनोत्तानितमुखमुग्धहसितैर्दर्शितदशनम्, स्थूलमुक्ताफलयुगलमध्याध्यासितमरकतेन त्रिकण्टककर्णाभरणेन शोभितकर्णम्, आमोदितमृगमदपङ्कलिखितपत्रभङ्गभास्वरं भुजयुगलं दधानम्, धवलब्रह्मसूत्रसीमन्तितं देहमुद्वहन्तम्, कर्पूरक्षोदमुष्टिच्छुरणपांशुलं विपुलमुरःस्थलं दधानम्, पुरस्तादीषदधोनाभिनिहितैककोणकमनीयेन पृष्ठतः कक्ष्याधिकक्षिप्तपल्लवेनोभयतः संवलनप्रकटितोरुत्रिभागेन हरिता निबिडनिपीडितेनाऽधरवाससा विभज्यमानतनुतरमध्यभागम्, अनवरतश्रमोपचितमांसकठिनविकटमकरमुखसंलग्नजानुभ्यां चारुचन्दनस्थासकस्थूलकान्तिभ्यामूरुभ्यां समुपेतम्, तनुतरजङ्घम्, पाटलस्योभयपार्श्वावलम्बिनः पादद्वयस्य नखमयूखैः समुपेतम्, पतद्भिः खुरैः खण्डितभुवि प्रतिक्षणदशनविमुक्तखणखणायितखरखलीने दीर्घघ्राणलीनलालिके ललाटलुलितचारुचामीकरचक्रके शिञ्जानशातकौम्भजयनशोभिनि कालकायलोम्नि वाजिनि महति समारूढम्, उभयतः पर्याणश्लिष्टहस्ताभ्यामासन्नपरिचारकाभ्यां दोधूयमानधवलचामरिकायुगलम्, अग्रतः पठतो बन्दिनः सुभाषितं भावयन्तम्, अष्टादशवर्षदेशीयं युवानमद्राक्षीत्।

पार्श्वे च तस्य द्वितीयमपरसंश्लिष्टतुरङ्गम्, प्रांशुम्, परिणतवयसमपि व्यायामकठिनकायम्, नीचनखश्मश्रुकचम्, शुक्तिखलतिम्, ईषत्तुन्दिलम्, रोमशोरःस्थलम्, अनुल्बणोदारवेषम्, धवलवारबाणधारिणम्, धौतदुकूलपट्टिकापरिवेष्टितमौलिं पुरुषम्।

अथ स युवा पुरोयायिनां यथादर्शनं प्रतीत्य विस्मितमनसां कथयतां पदातीनां सकाशादुपलभ्य दिव्याकृति तत् कन्यायुगलमुपजातकुतूहलः प्रतूर्णतुरगो दिदृक्षुस्तं लतामण्डपोद्देशमाजगाम, दूरादेव च तुरगादवततार। निवारितपरिजनश्च तेन द्वितीयेन साधुना सह चरणाभ्यामेव सविनयमुपससर्प। कृतोपसङ्ग्रहणौ च तौ सावित्री समं सरस्वत्या किसलयासनदानादिना सकुसुमफलार्घावसानेन वनवासोचितेनाऽऽतिथ्येन यथाक्रममुपजग्राह। आसीनयोश्च

तयोरासीना नाऽतिचिरमिव स्थित्वा तं द्वितीयं प्रवयसमुद्दिश्याऽवादीत्— "आर्य, सहजलज्जाधनस्य प्रमदाजनस्य प्रथमाभिभाषणमशालीनता, विशेषतो वनमृगीमुग्धस्य कुलकुमारीजनस्य । केवलमियमालोकनकृतार्थाय चक्षुषे स्पृहयन्ती प्रेरयत्युदन्तश्रवणकुतूहलिनी श्रोत्रवृत्तिः । प्रथमदर्शने चोपनयति सज्जनः प्रणयम् । अप्रगल्भमपि जनं प्रभवता प्रश्रयेणार्पितं मनो वाचालयति । अयत्नेनैव चाऽतिनम्रे साधौ परां कोटिमारोपयति विस्रम्भः । जनयन्ति च विस्मयमतिधीरधियामदृष्टपूर्वा दृश्यमाना जगति स्रष्टुः सृष्टचतिशयाः, यतस्त्रिभुवनाभिभावि रूपमिदमस्य महानुभावस्य । सौजन्यपरतन्त्रा चेयं देवानांप्रियस्याऽतिभद्रता कारयति कथां न तु युवतिजने सहोत्था तरलता । तत् कथयाऽऽगमनेनाऽपुण्यभाक्तमो विजृम्भितविरहव्यथः शून्यतां नीतो देशः । क्व वा गन्तव्यम् । को वाऽऽयं युवा । किंनाम्नो वा समृद्धतपसः पितुरयममृतवर्षी हृदयमाह्लादयति । का वाऽस्य त्रिभुवननमस्या जननी । कानि वाऽस्य पुण्यभाञ्जि भजन्त्यभिख्यामक्षराणि । आर्यपरिज्ञानेऽप्यमेव क्रमः कौतुकानुरोधिनो हृदयस्य" इत्युक्तवत्यां तस्यां प्रकटितप्रश्रयोऽसौ प्रतिव्याजहार— "आयुष्मति, सतां हि प्रियंवदता कुलविद्या । न केवलमाननं हृदयमपि च ते शीतलैरानन्दयति वचोभिः । सौजन्यजन्मभूमयो भूयसा शुभेन भवादृश्यो दृश्यन्ते । दूरे तावदन्योन्यस्याऽऽलापनम्, अभिजातैः सह दृशोऽपि मिश्रीभूता महतीं भूमिमारोपयन्ति प्रणयम् । श्रूयताम्— अयं खलु भार्गववंशस्य भगवतोऽदभ्रप्रभावस्तम्भितजम्भारिभुजस्य सुरासुरकुमुटमणिदुर्ललितपादस्य, निजतेजःप्रसरप्लुष्टपुलोम्नश्च्यवनस्य दधीचो नाम तनयः । जनन्यप्यस्य जितजगतोऽनेकपार्थिवसहस्रानुयातस्य शर्यातस्य सुता राजपुत्री सुकन्या नाम । तां खलु देवीमन्तर्वत्नीं विदित्वा वैजनने मासि प्रसवाय पिता पत्युः पार्श्वात् स्वगृहमानाययत् । असूत च सा तत्र देवी दीर्घायुषमेनम् । अनेहसाऽऽवर्धत तत्रैवाऽयमानन्दितज्ञातिवर्गो बालो राजगृहे । भर्तृभवनमागच्छन्त्यामपि दुहितरि नाऽऽसेचनकदर्शनमिममममुञ्चन्मातामहो मनोविनोदनं नप्तारम् । अशिक्षताऽयं तत्रैव सर्वा विद्याः सकलाश्च कलाः । कालेन चोपारूढयौवनमिममालोक्याऽहमिवाऽसावप्यनुभवतु मुखावलोकनानन्दमस्येति मातामहः कथङ्कथमप्येनं पितुरन्तिकमधुना व्यसर्जयत् । मामपि तस्य देवस्य सुगृहीतनाम्नः शर्यातस्याऽऽज्ञाकारिणं विकुक्षिनामानं भृत्यपरमाणुमवधारयतु भवती । पितुः पादमूलमायान्तं मया साभिसारमकरोत् स्वामी । तद्धि नः कुलक्रमागतं राजकुलम् । उत्तमानां च चिरन्तनता जनयत्यनुजीविन्यपि जने कियन्मात्रमपि मन्दाक्षम् । अक्षीणः खलु दाक्षिण्यकोशो महताम् । इतश्च गव्यूतिमात्रमिव पारेशोणं तस्य भगवतश्च्यवनस्य स्वनाम्ना निर्मितव्यपदेशं च्यावनं नाम चैत्ररथकल्पं काननं निवासः । तदवधिश्चेयं नौ यात्रा । यदि च गृहीतक्षणं दाक्षिण्यमनवहेलं वा हृदयमस्माकमुपरि भूमिर्वा प्रसादानामयं जनः श्रवणार्हो वा, ततो न विमाननीयोऽयं प्रथमः प्रणयः कुतूहलस्य । वयमपि शुश्रूषवो वृत्तान्तमायुष्मत्योः । नेयमाकृतिर्दिव्यतां व्यभिचरति । गोत्रनामनी तु श्रोतुमभिलषति नौ हृदयम् । तत् कथय कतमो वंशः स्पृहणीयतां जन्मना नीतः । का चेयमत्रभवती भवत्याः समीपे" इति । सा त्ववादीत्— "आर्य, श्रोष्यसि कालेन । भूयसो दिवसानत्र स्थातुमभिलषति नौ हृदयम् । अल्पीयांश्चाऽयमध्वा । परिचय एव प्रकटीकरिष्यति । आर्येण न विस्मरणीयोऽयमनुषङ्गदृष्टो जनः" इत्यभिधाय तूष्णीमभूत् । दधीचस्तु गभीरया भारत्या सुधीरमुवाच— "आर्ये, करिष्यति प्रसादमार्याऽऽराध्यमाना । पश्यामस्तावत् तातम् । उत्तिष्ठ । व्रजामः" इति । तथेति च तेनाऽभ्यनुज्ञातः शनकैरुत्थाय कृतनमस्कृतिरुच्चचाल ।

तुरगारूढं च तं प्रयान्तं सरस्वती सुचिरमुत्तम्भितपक्ष्मणा निश्चलतारकेण चक्षुषा व्यलोकयत् । उत्तीर्य च शोणमचिरेणैव कालेन दधीचः पितुराश्रमपदं जगाम । गते च तस्मिन् सा तामेव दिशमालोकयन्ती सुचिरमतिष्ठत् । कृच्छ्रादिव च संजहार दृशम् । अथ मुहूर्तमिव स्थित्वा स्मृत्वा च तां तस्य रूपसम्पदं पुनः पुनर्व्यस्मयताऽस्या हृदयम् । भूयोऽपि चक्षुराचकाङ्क्ष तद्दर्शनम् । अवशेव केनाऽप्यनीयत तामेव दिशं दृष्टिः । अप्रहितमपि मनस्तेनैव सार्धमगात् । अजायत च कुतोऽप्यस्या अनुरागश्चेतसि । ततः प्रभृति सालस्येव शून्येव

सनिद्रेव दिवसमनयत् । अस्तमुपयाति च प्रत्यक्पर्यस्तमण्डले ताम्रत्विषि सावित्रे त्रयीमये तेजसि, श्यामले च मलिनयति व्योम व्योमव्यापिनि तिमिरसञ्चये, मन्दं मन्दं समुत्सर्पति शशिनि गगनतलम्, कृतसन्ध्याप्रणामा निशामुख एव निपत्य विमुक्ताङ्गी पल्लवशयने तस्थौ । सावित्र्यपि कृत्वा यथाक्रियमाणं सायन्तनं क्रियाकलापमुचिते शयनकाले किसलयशयनमभजत । जातनिद्रा च सुष्वाप ।

इतरा तु मुहुर्मुहुरङ्गवलनैर्विलुलितकिसलयशयनतला निमीलितलोचनाऽपि नाऽभजत निद्राम् । अचिन्तयच्च— "मर्त्यलोकः खलु सर्वलोकानामुपरि, यस्मिन्नेवंविधानि सम्भवन्ति रत्नानि । पुण्यभाञ्जि तानि चक्षूंषि चेतांसि यौवनानि वा स्त्रैणानि, येषामसौ विषयो दर्शनस्य । क्षणं नु दर्शयता च तमन्यजन्मजनितेनेव मे फलितमधर्मेण । का प्रतिपत्तिरिदानीम्" इति चिन्तयन्त्येव कथङ्कथमप्युपजातनिद्रा चिरात् क्षणमशेत । सुप्ता च तमेव ददर्श । स्वप्नासादितद्वितीयदर्शना मनसि निर्दयमताडचत प्रतिबुद्धा मकरकेतुना । ततः प्रभृति वेदनामधत्त ।

अथ गणरात्रापगमे निवर्तमानस्तेनैव वर्त्मना तं देशमागत्य तथैव निवारितपरिजनश्छत्रधारद्वितीयो विकुक्षिर्डढौके । सरस्वती तु तं दूरादेव सम्मुखमागच्छन्तं प्रीत्या ससम्भ्रममुत्थायोद्ग्रीवा व्यलोकयत् । कृतासनपरिग्रहं तु तं प्रीत्या सावित्री पप्रच्छ— "आर्य, कच्चित् कुशली कुमारः" इति । सोऽब्रवीत्— "आयुष्मति, कुशली, स्मरति च भवत्योः । केवलममीषु दिवसेषु तनीयसीमिव तनुं बिभर्ति । अविज्ञायमानां चाऽनिमित्तां शून्यतामिवाऽधत्ते । अपि च । अन्वक्षमागमिष्यत्येव मालतीति नाम्ना वाणिनी वार्तां वो विज्ञातुम् । उच्छ्वसितं सा कुमारस्य" इति । तच्छ्रुत्वा पुनरपि सावित्री समभाषत— "अतिमहानुभावः खलु कुमारो यदेवमविज्ञायमाने क्षणदृष्टेऽपि जने परिचितिमनुबध्नाति । तस्य हि गच्छतो यदृच्छया कथमप्यंशुकमिव मार्गलतासु मानसमस्मासु मुहूर्तमासक्तमासीत् । अशून्यं हि सौजन्यमाभिजात्येन वः स्वामिसूनोः" इति । विकुक्षिरुच्चावचैरालापैः सुचिरमिव स्थित्वा यथाभिलषितं देशमयासीत् ।

अपरेद्युरुद्यति भगवति द्युमणावुद्दामद्युतावभिद्रुततारके तिरस्कृततमसि तामरसव्यासव्यसनिनि सहस्ररश्मौ शोणमुत्तीर्याऽयान्ती, स्फुटितातिमुक्तककुसुमस्तबकसमत्विषि सटाले महति तुरङ्गमे स्थिता, गौरी, सलीलमुरोबध्रारोपितेन तिर्यगुत्कर्णतुरगाकर्ण्यमाननूपुरपटुरणितेनाऽतिबहलपिण्डालक्तकेन कुङ्कुमपिञ्जरितपृष्ठेण चरणयुगलेन समुपेता, रशनया शिञ्जानजघनस्थला, धौतधवलनेत्रनिर्मितेन लघुतरेणाऽप्रपदीनेन कञ्चुकेन तिरोहिततनुः, छातकञ्चुकान्तरदृश्यमानैराश्यानचन्दनधवलैरवयवैः समुपेता, कुसुम्भरागपाटलं पुलकबन्धचित्रं चण्डातकमन्तःस्फुटमादधाना, हारेणाऽमलकीफलनिस्तलमुक्ताफलेन समुपेता, कुचयोरुपरि रत्नप्रालम्बमालिकामरुणहरितकिरणां धारयन्ती, प्रकोष्ठनिविष्टेनैकैकेन हाटककटकेन मरकतमकरवेदिकासनाथेन समुपेता, अतिबहलताम्बूलकृष्णिकान्धकारितेनाऽधरसम्पुटेन समुपेता, नीलीरागनिहितनीलिम्ना शितिना वामश्रवणाश्रयिणा दन्तपत्रेण द्योतमाना, बकुलफलानुकारिणीभिस्त्रिसृभिर्मुक्ताभिः कल्पितेन बालिकायुगलेनाऽधोमुखेन समुपेता, दक्षिणकर्णावतंसितया केतकीगर्भपलाशलेखया लिह्यमानकपोलतला, श्यामलेन मृगमदामोदनिष्यन्दिना तिलकबिन्दुना मुद्रितं वदनमुद्वहन्ती, ललाटलासकेन सीमन्तचुम्बिना चटुलातिलकमणिना समुपेता, पृष्ठप्रेङ्खदनादरसंयमनशिथिलजूटिकाबन्धा, चूडामणिमकरिकासनाथा, दीर्घलोचनया पाटलाधरया स्फुटदशनया सुकुमारभुजयुगलया कोमलकरया सुरभिनिःश्वसितयाऽवदातदेहया ताम्बूलकरङ्कवाहिन्या महाप्रमाणाश्वतरारूढयाऽनुगम्यमाना, कतिपयपरिचारकपरिकरा मालती समदृश्यत ।

□

( पूर्णिमा ८१ अङ्कको ७६ पृष्ठपछि )

# ऐ. शि. बाबुराम आचार्यले रचना गर्नुभएको

# नेपालको संक्षिप्त इतिहास

सम्पादक – देवीप्रसाद भण्डारी

## उनन्तीसौँ परिच्छेद

## अङ्ग्रेजी इष्ट इण्डिया कम्पनीसँगका युद्धको कारण र तैयारी

## ( ई. सं. १८११–१८१४ )[१]

१ । नेपालसरकार र इष्ट इण्डिया कम्पनीका बीचमा जो युद्ध भयो, त्यसको मुख्य कारण सिमानाको झगडा हो भन्ने अङ्ग्रेजहरूको भनाइ छ । बलिया राज्यले हेपेर अर्का राज्यउपर आक्रमण गर्दा कूटमूट एउटा कारण देखाइन्छ । नेपालसँगका युद्धको कारण भनी बताइएको सिमानाको झगडा पनि देखौवा कारण मात्र हो । वास्तव कारण विचार गर्नाका निमित्त दुइ सरकारका बीचमा अघि भएका व्यवहारको संक्षिप्त विवेचना यहाँ गर्नुपरेको छ । भारतवर्षमा इष्ट इन्डिया कम्पनीका अङ्ग्रेज अमलाहरूले र नेपालमा गोरखालीहरूले एकै समयमा राज्य स्थापना गरेका र आफ्ना आफ्ना राज्यलाई बढाएका थिए । नेपाल राज्य स्थापना हुनुभन्दा पहिले नै गोरखालीलाई हटाई मल्ल राजाहरूलाई अधीन गराएर भोटका सिमानासम्म पुग्ने उद्योग अङ्ग्रेजहरूले गरेका थिए । ई. सं. १७६७ मा[२] सिँधुली र हरिहरपुरमा हार खाएर मेजर किंलाकले फर्कनुपर्दा अङ्ग्रेजहरूको यो प्रयत्न विफल भएको थियो तापनि यस हारलाई उनीहरूले भुलेका थिएनन् ।

किंलाक फर्कनेबित्तिकै पृथ्वीनारायण शाहले नेपाल राज्य कायम गरिहाले (ई. सं. १७६९)[३] । यस समयमा भारतवर्षमा मरहट्ठाको दबदबा सर्वत्र फिँजिएको थियो । यिनलाई गिराएर आफ्नो शक्ति प्रधान नगराउञ्जेलसम्म सिमाना जोरिएको भए तापनि अङ्ग्रेजहरूले नेपालपट्टि कुदृष्टि दिएनन् । लगभग १३ वर्षसम्म मरहट्ठासँग यिनीहरूको पहिला युद्ध रह्यो (ई. सं. १७७१–८४)[४] । यस युद्धकालमा नेपालसरकारलाई सन्तुष्ट राख्नाका निमित्त अङ्ग्रेजहरूले आफूले दखल गरेको पर्सादेखि महोत्तरीसम्मको तराई नेपालसरकारलाई छोडिदिए । सप्तरी–मोरङमा गोरखाली सैन्यले अधिकार गर्दा अलिकति खिचोला गरी पछिबाट सो अधिकार मञ्जूर गरे । यति मात्र होइन, अब्दुल्ला बेगले कम्पनीका राज्यपट्टि घुसाउन लगेका प्रगन्नाहरू पनि छोडिदिए । मरहट्ठासँगका पहिला युद्धमा अङ्ग्रेजहरूले आफ्नो खूबी देखाए तापनि जित्न नसकेका हुनाले १८ वर्षसम्म मौका ताकेर

१. वि. सं. १८६८–१८७१ । २. वि. सं. १८२४ मा । ३. वि. सं. १८२६ । ४. वि. सं. १८२८–१८४१ ।

पर्खिरहे । यसबीचमा गोरखालीले कुमाउँगढवालसम्म अधिकार फैलाउँदा अङग्रेजहरूले नेपालसरकारसँग सन्धिपत्र पनि गरे (ई. सं. १७९२)[५] ।

२ । भारतवर्षका गभर्नर जनरल भएर लार्ड वेलेज्ली आएपछि मरहट्टाराज्यसङघमा फूट भएको मौका भेट्टाएर मरहट्टा राजाहरूका मुखिया पूनाका पेशवा बाजीरावलाई सहायक सन्धिका डोरीले कसे । यो हस्तक्षेप देखेर मरहट्टा राजाहरूमा बलवान् भएका ग्वालियरका राजा दौलतराव शिन्दे युद्धका मैदानमा उत्रे । यस युद्धको सम्भावना देखेर अगाडि नै वेलेज्लीले नेपालका भारादारसँग सन्धिपत्र गरी नेपालसरकारलाई थामथुम गराइराख्नाका निमित्त काठमाडौँमा राजदूत गराई नाक्सलाई राखेका थिए । युद्धमा शिन्देका सैन्यबलको संहार गरी मरहट्टाशक्तिको ढाड भाँचेपछि नेपालसरकारको वास्ता गर्नुपरेन । यता नेपालकी शासिका विद्यालक्ष्मी र दामोदर पाँडेसँग मेलमिलाप गर्न नसकी नाक्स फर्कँदा यिनीहरूको संहार गराउनाका निमित्त रणबहादुर शाहलाई बनारसबाट नेपालतिर जाने आज्ञा दिई वेलेज्लीले सन्धिपत्र तोडिदिए । नेपालका शासकहरूमा गृहकलह चलेपछि एकनएक पक्षले हामीसँग सहारा माग्लान् र उस समयमा नेपालतिर हात बढाउँला भन्ने तिनले विचार गरिराखेका थिए ।

काठमाडौँमा आएर रणबहादुर शाहले दामोदर पाँडे आदिको वध गरी पाल्पाली राजा पृथ्वीपाल सेनलाई कैद गरेर रियासतसमेत खोसे । दामोदर पाँडेकी मुख्यानी र भतिजा रणबम पाँडेसमेत भागेर कम्पनीका राज्यमा पुगे । यिनीहरू गोरखाली हुनाले आफ्ना राज्यका हितैषी रहेर बेतियामा बसी कुटोकोदालो गरिरहे । तर पाल्पालीहरू गोरखाली बनिसकेका थिएनन् । यस कारणले नेपाल राज्यबाट बुटवल झिकेर कम्पनीका राज्यमा मिलाई त्यहाँको जमीनदारी लिनाका निमित्त पृथ्वीपाल सेनका काका शूरवीर सेन र भाइ समरबहादुर सेनले गोरखपुरका कलेक्टरको ढोका घचघच्याए । पाल्पाली राजवंशका उपर रणबहादुर शाहले अवश्य अन्याय गरेका थिए । तर आफ्ना उपर भएका अन्यायको बदला आफ्ना बुद्धिबलले लिनु अनुचित थिएन, तर आफ्ना राष्ट्रको अङ्गभङ्ग गराई एक परिवारको पेटपूजा गर्नु उचित काम थिएन ।

३ । आफूले चिताएबमोजिम पाल्पाली राजाको परिवार आफ्ना आश्रयमा आएको खबर पाएर वेलेज्ली दङ्ग भएका थिए । तर ठीक यसै समयमा अर्का मरहट्टा राजा इन्दौरका जसवन्तराव होल्करले कम्पनीका अधिकारमा आएका प्रदेशहरूमा आक्रमण गरी तहल्का मचाइदिँदा बुटवलतिरबाट नेपालपट्टि हात पसार्ने काम थाँती राखे । भरतपुरका किल्लामा आड लिएर होल्कर रहँदा अङग्रेज सेनापतिहरूले त्यस गढमा चार पटक आक्रमण गर्दा पनि लिन नसकी फर्के (जनवरी १८०५)[६] । होल्करको पराक्रम देखेर शिन्दे पनि यिनीसँग मिले । युद्ध लम्बिने देखेर इङ्गल्याण्डमा रहेका कम्पनीका सञ्चालकहरूले लार्ड कार्नवालीसलाई गभर्नर जनरल गराउँदा जुलाईका आखिरमा[७] यी कलकत्तामा उत्रे । यिनले शिन्देलाई जयपुरको आधिपत्य दिई सहायक सन्धिका बन्धनबाट मुक्त गरिदिने सन्देश पठाई होल्करसँग छुट्टयाए । तीन महीनाभित्रैमा यिनको मरण हुँदा यिनका अठोटबमोजिम स्थानापन्न गभर्नर जनरल सर जार्ज बार्लोले दिसम्बरसम्ममा[८] शिन्दे र होल्कर दुवैसँग सन्धिपत्र गरे । नेपालपट्टिका विषयमा वेलेज्लीले थाँती राखेको बुटवलको कुरो जगाई शिन्दे र होल्करसँग सन्धि हुने निश्चय हुनेबित्तिकै एक्कासि बुटवल छोडिदिनू भनी नेपालसरकारलाई खलीतापत्र लेखी नवम्बरमा[९] नै पठाइहाले ।

५. वि. सं. १८४८ । ६. वि. सं. १८६१ पौष । ७. वि. सं. १८६२ श्रावणको मध्यमा । ८. पौषसम्ममा । ९. कार्तिकमा ।

अचेलका बुटवलका चार जिल्लामध्ये स्युराज जिल्ला प्युठानाका रियासतमा रहेको हुनाले बुटवलमा गनिँदैनथ्यो । अवधका नवाबहरूले यस स्युराजका उपर आफ्नो सत्ता देखाई खिराजका रूपमा केही तिरो बाँसीका जमीनदारमार्फत लिने गरेका थिए । तर शासनको काम प्युठानाका राजाहरूकै हातमा थियो । यस्तै हिसाबसँग बुटवलको आधा भाग पाल्पाली राजाहरूका शासनमा रहेको र बाँकी आधा भाग गुल्मी, अर्घा र खाँचीका राजाहरूका शासनमा बाँडिएको थियो । अवधका नवाबहरू बुटवलको पनि यस्तै तिरो लिन्थे । गुल्मी आदि रियासतका भागको तिरो त्यहाँका राजाहरूसँग उठाई आफ्नो भागसमेत मिसाई पाल्पाली राजाहरू बुझाउँथे । महादत्त सेनले ती रियासत जफत गरेपछि जम्मैको तिरो यिनले र यिनका छोरा पृथ्वीपाल सेनले बुझाइआएका थिए । ई. सं. १७८६मा[१०] नेपालसरकारले प्युठाना दखल गरेपछि दश वर्षसम्म महादत्त सेनमार्फत स्युराजको तिरो बुझाएका थिए । पछि बाँसीका जमीनदारले स्युराजका निमित्त बखेडा चलाउँदा त्यो तिरो बन्द गरी त्यहाँ आफ्नै अधिकार कायम राखेका थिए । ई. सं. १८०१ मा[११] कम्पनीसरकारले नवाब सआदत अलीसँग सहायकसन्धि गरी गोरखपुर आदि अनेक जिल्ला लिँदा सन्धिपत्रमा बुटवलको नाम नपरेको हुनाले त्यहाँको तिरो मागेका थिएनन् । गोरखपुर छोडेपछि त्यसमा जोडिएका बुटवलका तिरामा सआदत अलीले पनि वास्ता राखेका थिएनन् । ई. सं. १८०४ मा[१२] रणबहादुर शाहले बुटवल जफत गरी नेपाल राज्यमा मिलाउँदा नचलौलपट्टिका आधा भागमा दखल गर्न सकेका थिएनन् । यसमा शूरवीर सेन र समरबहादुर सेनले पृथ्वीपाल सेनको जमीनदारी कायम हुने गरी कम्पनीका राज्यमा मिलाउन लैजाँदा गोरखपुरका कलेक्टरले स्वागत गर्नु स्वाभाविकै थियो । अघि अवधका नवाबलाई हामीले जम्मै बुटवलको तिरो बुझाइआएका हुनाले र नवाबका राज्यमा रहेको गोरखपुर जिल्ला कम्पनीका राज्यमा आएको हुनाले जम्मै बुटवलमा कम्पनीको राज्य भई पृथ्वीपाल सेनको जमीनदारी हुनुपर्दछ भन्ने शूरवीर सेनको फिराद थियो । "स्युराज र बुटवलको तिरो अवधका नवाबहरूले खाएका हुनाले यी नवाबी राज्यका जिल्ला हुन्, यी जिल्लाहरू नवाबले कम्पनीलाई छोडिदिएका हुनाले कम्पनीका अधिकारमा आएका छन्, तैपनि स्युराजको तिरो नवाबी राज्य छँदै लिन छोडिएको हुनाले हामीलाई बुटवल छोडिदिएमा स्युराजका उपर दावा गर्नेछैनौँ" भन्ने बार्लोका पत्रको सारांश थियो । नवाबसँगका सन्धिपत्रमा स्युराज र बुटवलको नाम परेको थिएन तापनि कम्पनीसरकारले यी नाम थपेर पूरक सन्धिपत्र तयार गरेका थिए । "स्युराज र बुटवलमा अघिदेखि प्युठानी र पाल्पाली राजाहरूको शासन रहेको थियो, तिनीहरूसँग हामीले लिएको हुनाले त्यहाँको शासन छोड्न सक्तैनौँ, पाल्पाली राजाले तिरिआएबमोजिमको बुटवलको तिरो कम्पनीसरकारलाई तिर्न राजी छौँ" भन्ने जवाफ रणबहादुर शाहले पठाए । यहाँपछि अङ्ग्रेजहरू चूप रहेका हुनाले रणबहादुर शाहले रिस फेरेर कैदमा रहेका पृथ्वीपाल सेन, उनका भाइ र साथमा रहेका पाल्पाली-लाई कष्ट दिन थाले । भीमसेन थापाले ता यी कैदीहरूको ज्यानै लिई यिनीहरूको लाश पशुपक्षीलाई खुवाई आनन्द मनाए ।

४ । अङ्ग्रेजहरू चूप लाग्नामा तीन कारण थिए । १) मरहट्ठासँगका युद्धमा सैन्यबलको जो हानि भएको थियो, त्यो पूरा हुन पाएको थिएन, बार्लोका २ वर्षका शासनकालमा पूरा गरियो । २) यसै समयमा फ्रान्सका सम्राट् नेपोलियनले भारतवर्षका अङ्ग्रेजी राज्यमा आक्रमण गर्ने अठोट गरेका हुनाले यो रोक्नाका निमित्त कम्पनीका सञ्चालकहरूले लार्ड मिन्टोलाई भारतवर्षका गभर्नर जनरल गराई पठाए (१८०७)[१३] । यिनले इरान र अफगानिस्तानका बादशाहहरूछेउ राजदूत पठाई मित्रसम्बन्ध बाँधेर नेपोलियनको भय रोके । ३) यसै समयमा

---

१०. वि. सं. १८४३ मा । ११. वि. सं. १८५८ मा । १२. वि. सं. १८६१ मा । १३. वि. सं १८६४ ।

गोरखालीले काँगडाको किल्ला घेरिरहेका र रणजित्सिंहले पञ्जाबमा सीखराज्य खडा गरिरहेका थिए। सतलज नदीका किनारमा यिनीहरूको भेट भएको हुनाले यी दुइ थरी मिलेमा हराउन अङ्ग्रेजहरूलाई कठिन पर्दथ्यो। उसमाथि रणजित्सिंह सतलज पार भएर जमुनालाई आफ्ना राज्यको सिमाना गराउने धुनमा लागेका थिए। चतुर राजनीतिज्ञ अङ्ग्रेजहरूले रणजित्सिंहलाई आसत्रास देखाई सतलजको साँध कायम गराएर अमृतसरको सन्धिपत्र गरे (१८०९)[१४]। यसपछि तुरुन्तै रणजित्सिंह काँगडामा गई गोरखालीलाई हटाइदिए। रणजित्सिंहले करकापमा परी अमृतसरको सन्धि गरेका हुनाले यो तोड्नाका निमित्त दौलतराव शिन्देसँग लेखापढी गरिरहेका थिए, नेपालसरकारसँग पनि अङ्ग्रेजहरूका विरुद्ध सन्धि गर्ने उद्योगमा लागेका थिए। शिन्दे स्वतन्त्र भए पनि चारैतिरका अङ्ग्रेजी राज्यले घेरिएका हुनाले सीखसँग मिल्न असमर्थ थिए। भीमसेन थापाले रणजित्सिंहसँग मेल गर्न इन्कार गरेर अङ्ग्रेजहरूसँग मिली सीखराज्यमा आक्रमण गर्ने अठोट गर्दा अङ्ग्रेजहरूले यो भेद रणजित्सिंहलाई खोलिदिएका हुनाले ती गोरखालीका कट्टर शत्रु बनी अङ्ग्रेजहरूका सच्चा मित्र बने (१८१०)[१५]।

अमृतसरमा अङ्ग्रेज र सीखको सन्धिपत्र हुनु नेपाल राज्यका लागि भयङ्कर घटना थियो। यी दुइ थरी मिलेर आक्रमण गरेमा नेपालसरकारलाई महाकठिन पर्दथ्यो। गोरखाली सैनिकहरू लडाइँमा गई रहँदा बडा लडाका बनेका थिए। तर अङ्ग्रेज वा सीखको जस्तो सैनिक शिक्षा नपाएका हुनाले यिनको लडाकापन शिक्षित सैनिकका दृष्टिमा मूढबल मात्र देखिन्थ्यो। नेपाली कालीगडले अङ्ग्रेज वा सीखका जस्ता छरिता र बलिया बन्दूक बनाउन सकेका थिएनन्। बीस पच्चीस तोप काठमाडौँमा ढालिएका थिए तापनि भद्दा हुनाले नेपाल-ब्याँसीदेखि बाहिर लैजान सकिएका थिएनन्। यस कारण भीमसेन थापाले गोरखाली सैनिकलाई सैनिक शिक्षा दिन र पहाडमा लैजान सकिने छरिता तोप र बन्दूक ढाल्ने मेगजीन खडा गर्न आवश्यक देखे। मरहट्टा र सीखहरूले यी कामका निमित्त यूरोपबाट आएका गोरा नोकर राखेका थिए। भीमसेन थापाले पनि तिनीहरूको अनुकरण गरी बनारसमा रहेका विष्णु पण्डितज्यूद्वारा दर्भेसी र वेन्सितार्त नामक दुइ फ्रान्सी गोरालाई ई. सं. १८१० का आरम्भमा[१६] काठमाडौँमा झिकाए। यिनमा एक जना रणशिक्षक र अर्का तोप, बन्दूक र गोलीगट्ठा बनाउने कालीगड थिए। यिनीहरूका तजबीजबमोजिम गोरखाली सैनिकलाई फ्रान्सी भाषामा रणशिक्षा दिने काम आरम्भ भयो। काठमाडौँका मेगजीनमा बनेका तोपहरू नेपाल राज्यका पहाड र तराईमा समेत फिँजिन लागे। त्यहाँ र प्युठानाका मेगजीनमा तयार भएका छरिता बन्दूकहरू सैनिकमा बाँडिन थाले। लेटरनामक नयाँ पल्टन खडा भई यसमा केही पुराना पल्टनसमेत गाभिएर लेटरकम्पू र श्रीनाथ पल्टनमा अरू केही पल्टन गाभिएर श्रीनाथकम्पू खडा भए। यी दुइ कम्पूमा ६ हजार जति सैनिक थिए। भीमसेन थापाले यी कम्पूपल्टनका अफिसर कप्तान र कुमेदानका पगरीमा सुनका र सिपाहीका पगरीमा चाँदीका चाँदतोडा लगाइदिए। बीचका अफिसरहरूलाई पनि गङ्गाजमुनी चाँदतोडा दिए। यिनबाट सैनिकको चेहरा उज्यालो बन्दथ्यो। तर युद्धक्षेत्रमा गएका अफिसर वा सैनिकका शिरमा सुनचाँदी झल्काएर लैजानु फजूलखर्च थियो।

५। कम्पनीका राज्यसँग जोडिएका नेपाल तराईका सिमानामा प्राकृतिक सीमा नभएको हुनाले दुवैपट्टिका चौधरी जमीनदारहरू सिमानापारको मौजाहरू चाप्दथे। यस तरहसँग दुइ चार मौजाका विषयको तकरार उठेमा नेपालसरकारले प्रायः छोडिदिने गरेको थियो। बारा जिल्ला सिमरावनगढ प्रगन्नाका दक्षिण भागका २२ मौजाका विषयमा भने आफ्नो दावा छोडेका थिएनन्। मकवानी राजाबाट पाएको भनी अब्दुल्ला बेगले दावा गर्दा

---

१४. वि. सं. १८६६। १५. वि. सं. १८६६। १६. वि. सं. १८६६ पौषका मध्यमा।

तौतर र पचरौतीका साथ यी २२ मौजामा पनि आफ्नो हक देखाएका थिए। कम्पनीका राज्यका स्रेस्तामा नदरिएका भनी वारेन हेस्टिंग्जले तौतर र पचरौती फिर्ता गरेका थिए। तर मुद्दा चल्दा चल्दै बेतियाका जमीनदार राजा वीरकिशोरसिंहले ती मौजा आफ्ना नाममा दर्ता गराएका हुनाले नेपालसरकारको दखल हुन पाएको थिएन। यस विषयमा सारन जिल्लाका कलेक्टरमार्फत कम्पनीसरकारसँग धेरै वर्षदेखि लेखापढी चलिरहेको थियो। अघि मकवानी राजाका अधिकारमा रहेका तौतर र पचरौतीमा हाम्रो हक साबित भएपछि २२ मौजामा मात्र हक नहुनु किन ? भन्ने नेपालसरकारको जिकिर थियो। आफ्ना दखलमा आइसकेका मौजा फिर्ता दिन अङ्ग्रेजहरू राजी नभएका हुनाले आलटाल गरिरहेका थिए। यस कारणले भीमसेन थापाले बारामा रहेका सुब्बा लक्ष्मण गिरिलाई ती मौजाहरूमा अधिकार गर्ने आज्ञा दिए। १८ जून १८११ का दिन[१७] हतियारबन्द पुलीस लगी लक्ष्मण गिरिले सात आठ मौजा दखल गरे। भोलिपल्ट बिहान बेतियाका ढलेटहरूले आक्रमण गरी लक्ष्मण गिरिलाई मारिदिए। तर गोरखाली पुलीसले दखल भएका मौजा नछोडी बाँकी मौजाहरू पनि दखल गरी लिए। यही घटना नेपाल र कम्पनीसरकारका बीचमा भएका युद्धको बीउ बन्यो।

६। ई. सं. १८११ का आखिरसम्मका[१८] २ वर्षमा भीमसेन थापाले गोरखाली सैन्यको सङ्गठन गर्ने काम पूरा गरे। कम्पू पल्टन जति काठमाडौँमा रहने र युद्धकालमा मात्र अन्यत्र जाने नियम गरी आफ्नै तैनाथमा राखे। आफूले जनरल भन्ने पदवी लिई आफ्ना कान्छा भाइ रणवीरसिंह थापालाई कर्णेल गराई कम्पूविषयका काममा सहायक बनाए (नवम्बर)[१९]। पाल्पामा साधारण चार पल्टनको तैनाथ लिएर तिनका पिता अमरसिंह थापा (छोटा) बसेकै हुनाले यिनलाई पनि जनरल गराए। लेटर र श्रीनाथपल्टनमा दश दश जना र अरू सारा पल्टनमा एक एक जना कप्तान रहने नियम गरे। यसअनुसार पहाडप्रदेशहरूमा रहेका पल्टनहरूका मुख्य अफिसर भएका चन्द्रवीर राणा, भक्ति थापा आदि सर्दारहरू पनि कप्तान भए। अलमोडामा रहेका चौतरिया बम शाह र आर्कीमा रहेका काजी अमरसिंह थापा (बडा)का मातहतमा पनि पल्टनहरू थिए। यिनीहरू भने आफ्नै दर्जामा बहाल रहे। यी कम्पूपल्टन र साधारण पल्टनबाहेक पुराना कम्पनीहरू पनि चौतरिया, काजी, सर्दार र सुब्बाहरूका मातहतमा कायमै रहे। तीन थरी सैनिकको सङ्ख्या २५ हजार जति पुगेको थियो; त्यसमा १० हजार जति टाढाका गढीगौँडाहरूमा रहेका थिए।

भीमसेन थापाले काठमाडौँमा ढालिएका तोप, नयाँ बन्दूक र गोलीगट्ठाहरू टिस्तादेखि सतलजसम्मका गढीगौँडाहरूमा फिँजाइदिए। युद्धकालमा रसद उठाउने नियम पनि भरसक राम्रो बनाए। यो देखाउनालाई बम शाह र अमरसिंह थापा (बडा) लाई काठमाडौँमा झिकाए। एउटा बहाना गरी बम शाह आएनन्। ई. सं. १८१२ का फरवरीमा[२०] अमरसिंह थापा (बडा) आएर नयाँ शिक्षा पाएका कम्पूका सैनिक र हतियार बनाउने मेगजीनको निरीक्षण गरे। तर यो सैन्यसङ्गठन र मेगजीनको काम देखेर यतिले नेपाललाई पुग्छ भन्ने ठहराएका थिएनन्। रसद सङ्ग्रह गर्ने नियम पनि पश्चिमपट्टिका जिल्लाहरूमा काम लाग्ने देखेनन्। तैपनि भीमसेन थापासँग होहो मिलाएर दुइ महीनापछि आर्कीमा फर्के। यिनका साथ काजी रणजित् राणा पनि आएका थिए। यसै समयमा यिनका छोरा बालनरसिंह राणाको काजी नयनसिंह थापाकी छोरी रक्षकुमारीसँग धूमधामसँग विवाह भयो। यो यिनको दोस्रो विवाह थियो, जेठी पत्नी शान्तादेवीपट्टि यिनका जेठा छोरा भक्तवीर राणा पैदा भइसकेका थिए।

---

१७. वि. सं. १८६८ आषाढ २ गते। १८. वि. सं. १८६८ पौषको मध्यसम्मका। १९. कार्तिक–मार्ग। २०. वि. सं. १८६८ माघ–फाल्गुनमा।

७ । ई. सं. १८११ का आखिरमा[२१] सिमरावनगढनेरका तकरारी मौजाहरूको फिराद लिएर बेतियाका जमीनदार बीरकिशोरसिंह कलकत्तामा पुगे । बेतियाका ढलेतहरूले अन्यायसँग लक्ष्मण गिरिलाई मारेको सूचना नेपालसरकारले गभर्नर जनरल लार्ड मिन्टोलाई अगाडि नै पठाएको थियो । दुवै सरकारतिरका अमीनहरू बसी तकरारी मौजाको निर्णय गर्न भनी मिन्टोले आफ्ना तर्फबाट मेजर प्यारिस ब्राडशालाई अमीन गराई पठाए । यिनलाई लिएर कलकत्तामा रहेका नेपाली राजदूत कृष्ण पण्डितज्यू सिमरावनगढमा आए (फरवरी १८१२ )[२२]। यिनीहरू आइपुग्नुभन्दा अगाडि नै नेपालसरकारतर्फबाट अमीन भएर रङ्गनाथ पण्डितज्यू र दलभञ्जन पाँडे पुगिसकेका थिए । बडो आदरका साथ रङ्गनाथ पण्डितज्यू र ब्राडशाको भेटघाट भयो । दुवैतर्फका स्रेस्ताहरू जाँचिए । तर आफ्नो राय केही नसुनाई ब्राडशा फर्केर पटनामा गएर बसे । रङ्गनाथ पण्डितज्यू र दलभञ्जन पाँडे काठमाडौँमा आए (अप्रिल )[२३] ।

बीरकिशोरसिंह कलकत्तातिर लागेपछि पाल्पाली चौतरिया समरबहादुर सेनले पनि बुटवलका प्रश्नलाई जगाउनाका निमित्त गोरखपुरका कलेक्टरलाई उचाले (जनवरी १८१२ )[२४]। यस समयमा पृथ्वीपाल सेनका दीवान कनकनिधि तेवारीसमेत यिनका साथ थिए । ती कलेक्टरद्वारा बनारसमा रहेका राजनैतिक घटक मिष्टर ब्रूसको सिफारिश पुगेपछि मिन्टोले पनि बार्लोले लेखेबमोजिम "तपाईँहरूले बुटवल छोड्नुपर्दछ, यो छोडिदिएमा स्युराजमा तपाईँहरूको अधिकार मान्दछौँ" भन्ने नेपालसरकारलाई खलीतापत्र पठाए । बार्लोका पालामा नेपालसरकारले लेखेका खलीतामा बुटवलको तिरो कम्पनीसरकारलाई तिर्ने कबोल भएको हुनाले त्यसमा नेपाल राज्यको हक छैन भन्ने दलील मिन्टोका खलीतापत्रमा लेखिएको थियो । बुटवलमा नेपालसरकारको हक देखाउने सबूदहरूका साथ उत्तर जाँदा यस विषयमा पनि दुवै सरकारको अमीन गई निर्णय गर्ने आज्ञा मिन्टोले दिए, यसतिरलाई पनि ब्राडशालाई नै आफ्ना अमीन गराए। तर बर्सादको मौसम आइसकेको हुनाले यो काम आगे सालका हिउँदलाई थामियो ।

८ । इङ्गल्याण्डका ठण्डा देशमा रहेका अङ्ग्रेजहरूलाई भारतवर्षका मैदानको गरम हावापानी अनुकूल नहुनाले कृत्रिम साधनको प्रयोग गरी व्यवहार चलाइरहेका थिए । यस कारणले हिमालयका ठण्डा प्रदेशहरू देखेर यिनीहरू राल चुहाउँथे । सतलजदेखि पश्चिमपट्टिका हिमालयका प्रदेशहरू सीखराज्यमा परिसकेका हुनाले त्यसतर्फ केही गर्न नसकिने देखेर त्यस नदीदेखि पूर्वपट्टि नेपाल राज्यमा रहेका प्रदेशहरूमा टकटकी लगाएर हेरिरहेका थिए । नेपाल राज्यलाई जितेर पहिलो पटकमा नै सहायकसन्धिका डोरीले कसी सारा हिमालयमा पैर जमाउने आँट यिनीहरूले गर्न सकेका थिएनन् । तर फुलकिया रियासतहरूलाई निगरानी गरिरहेका, अम्बाला छाउनीमा रहेका अङ्ग्रेज अफिसरहरूले आफ्ना उत्तरपट्टिका बाह्रठकुराइका पहाडप्रदेशबाट सजिलैसँग गोरखालीलाई हटाउन सक्ने आँट गरिरहेका थिए । रुहेलखण्डका रक्षाका निमित्त फर्रुखाबादका छाउनीमा रहेका अङ्ग्रेजहरूले भने आफ्ना उत्तरपट्टिका कुमाउँ र गढवालका पहाडप्रदेशहरूलाई सजिलैसँग जित्ने आँट गर्न सकेका थिएनन् । यस कारणले बुटवलबाट युद्धको आगो फैलिने देखेर फर्रुखाबादका अङ्ग्रेज अफिसरले कुमाउँगढवालका बाटाघाटाको र हावापानीको अगावै जाँच गर्न उचित देखी डाक्टर मूरक्राफ्टनामक भूगोलका विशेषज्ञलाई खटाए ।

नेपालका सिमानाभित्र खुलमखुला जान पाउने आशा नदेखेर क्राफ्टले बद्रीधाम जाने यात्रीहरूको भेष लिई यात्रीहरूका साथ मिसिएर ई. सं. १८१२ का[२५] गर्मीमा अलकनन्दाका किनारैकिनार चमोलीसम्म पुगेर फर्कँदा

२१. पौषका मध्यमा । २२. माघ–फाल्गुन । २३. चैत्र । २४. पौष–माघ । २५. वि. सं. १८६९ का ।

नेपाली चौकीदारहरूले पक्रे । क्राप्टका साथमा ३० जना जति साथी थिए । गेरुवा खोलमा बेरेर बन्दूक लिएका हुनाले ती बन्दूक भरेर चौकीदारहरूलाई हप्की देखाए । चौकीदारहरू नडराई तिनीहरूलाई ठिङ्गुरा ठोकेर बम शाहलाई खबर दिए । "क्राप्ट साहेब घोडा किन्न गएका हुन्, बाटो भुलेर त्यहाँ पुगेछन्, कृपा गरेर छोडिदिनुहोला" भन्ने पत्र फर्रुखाबादका अङ्ग्रेज अफिसरले बम शाहलाई लेखे । बम शाहले आफ्ना छोरा लक्ष्बीर शाहीका साथ क्राप्टलाई महेलचौर (मीलचौरी) का गढीमा डेढ महीनासम्म सुबिस्तासाथ राखी आफ्ना सरकारमा जाहेर गरे । "एक पटकका लागि हप्काएर छोडिदिनू" भन्ने उत्तर जाँदा लक्ष्बीर शाहीले सिमानासम्म लगेर छोडिदिए । तर क्राप्टले आफ्ना साथ रहेका यन्त्र र कागतपत्रहरू लैजान पाएका हुनाले बाटाघाटा र हावापानीका नापहरू लगी आफ्नो काम तामेल गरे (नवम्बर)[२६] ।

९ । ई. सं. १८१३ का आरम्भमा[२७] बुटवलका जाँचको पालो आयो र ब्राडशा त्यहीँ पुगे । काठमाडौँबाट रङ्गनाथ पण्डितज्यू र दलभञ्जन पाँडे पनि तिनसँग मिलन गए । पाल्पाबाट अमरसिंह थापा (छोटा) पनि सामेल भए । दुवैपट्टिका कागतपत्रहरू पेश भए । बुटवलको तिरो तपाईँहरूले तिर्ने कबोल गर्नुभएको हुनाले त्यसमा तपाईँहरूको हक छैन भन्ने एक मात्र दलील ब्राडशाको थियो । अघि स्युराजको पनि अवधका नवाबलाई तिरो तिरिआएको हुनाले त्यसमा पनि तपाईँहरूको हक छैन भनी कम्पनीसरकारको नयाँ दावा पेश गरे । "सालको सवा लाख रुपियाँ उठ्ती हुने बुटवलको, पाँच छ हजार रुपियाँ खिराजका रूपमा दिने कुरा गर्दैमा त्यहाँबाट नेपालसरकारको शासन हट्न सक्तैन, अवधको बागी नवाब वजीर अली भागेर बुटवलतिर आउँदा नवाब सआदत अलीले त्यसलाई त्यहाँ पस्न नदिनू भनी नेपालसरकारलाई लेखेका थिए, बुटवल वा स्युराजमा नवाबको राज्य भए नेपालसरकारलाई किन गुहार्दथे, ई. सं. १८०१ मा[२८] कम्पनीसरकारसँग सन्धिपत्र गर्दा नवाब सआदत अलीले छोडेका जिल्लाहरूका सूचीमा बुटवल र स्युराजको नाम किन परेन र पछिबाट यी नाम थप्नलाई पूरकसन्धिपत्र गर्नुपरेको हो, इत्यादि दलील नेपालसरकारतर्फबाट पेश भएका थिए । यिनको उचित उत्तर दिन ब्राडशा सक्तैनथे, यस कारणले आफ्नै ढिपीमा अडिएर गर्मी बढेपछि गोरखपुरतिर लागे । अमरसिंह थापा (छोटा) पाल्पामा फर्किसकेका थिए, अप्रिलका मध्यमा[२९] रङ्गनाथ पण्डितज्यू दलभञ्जन पाँडेसमेत काठमाडौँमा आए ।

यस समयका लार्ड मिन्टोका कार्यकालको अवधि नजीक आइपुगेको थियो । इङ्गल्याण्डमा नयाँ गभर्नर जनरलमा आर्ल माइरा छानिए । यस पदमा बहाल हुनेबित्तिकै नेपालमा आक्रमण गर्ने तिनले सङ्कल्प गरेका थिए । यस कुराको सूचना पाएर ब्राडशाले नेपालसँगका सिमानाका झगडामा आफ्नो चाल गर्माए । आफूले छोड्ने समय आइपुगेको हुनाले मिन्टोले पनि तिनैका चालमा चल्न उचित देखेर नेपालसरकारलाई जो खलीतापत्र पठाए, त्यसमा "बुटवल र स्युराजसमेत तपाईँहरूले कम्पनीसरकारलाई छोडिदिनुपर्दछ" भन्ने स्पष्ट लेखिएको थियो । बुटवलमा मात्र दावा दिने मिन्टोले ब्राडशाका मतमा लागी स्युराजमा समेत दावा दिँदा भीमसेन थापा आदि नेपाली भारादारहरू छक्क भए; माइरा आएपछि शायद इन्साफ होला भन्ने उमेद लिएर केही महीना पर्खे; अक्तूबरमा[३०] माइरा कलकत्तामा आइपुग्दा गीर्वाणका भाकाबाट मिन्टोका पत्रको प्रतिवाद लेखे, जो दिसम्बरमा[३१] कलकत्ता पुग्यो ।

---

२६. कार्तिक । २७. पौषका मध्यमा । २८. वि. सं. १८५८ मा । २९. वि. सं. १८७० को वैशाखका शुरूमा । ३०. आश्विनमा । ३१. मार्ग–पौषमा ।

१० । यस्तै अवस्थामा ई. सं. १८१४ का आरम्भमा[३२] सिमरावनगढपट्टिका तकरारी २२ मौजाका जांचको पालो आउँदा रङ्गनाथ पण्डितज्यू, दलभञ्जन पाँडे र ब्राडशासमेत जनवरीका मध्यमा[३३] त्यहाँ जम्मा भए । यस पटक ब्राडशाले रङ्गनाथ पण्डितज्यूसँग भेट नगरी नेपाली मुन्शीलाई डाकेर "यी तकरारी मौजाबाट नेपाली पुलीस हटाओ; जाँचबुझ गर्दा जतापट्टिका ठहर्लान्, उतैपट्टिबाट दखल गरिएलान्; पुलीस हटाउँदैनौ भने कम्पनीसरकारका पुलीस झिकाई ठाना हाल्दछौं" भनी पठाए । रङ्गनाथ पण्डितज्यूले बडो आग्रह गरी "हाम्रा पुलीस रहेर जाँचबुझ गर्नामा बाधा केही छैन, पुलीस थामिएर नै जाँचबुझ होओस्" भनी पठाउँदा ब्राडशाले मानेनन् । आखिरमा भीमसेन थापाको सल्लाह लिई रङ्गनाथ पण्डितज्यूले पुलीस झिकिदिएपछि ब्राडशाले आफ्ना पुलीसको ठाना राखेर रङ्गनाथ पण्डितज्यूसँग भेट गरे । त्यहाँ जाँचबुझको कुरा चल्दा ब्राडशाले रूखो जवाफ दिई असभ्य व्यवहार गरे । आफ्ना उपर अपमान भएपछि जाँचको काम नहुने देखेर कृष्ण पण्डितज्यू र दलभञ्जन पाँडेलाई समेत लिई मार्चमा[३४] रङ्गनाथ पण्डितज्यू काठमाडौंमा आए ।

मिन्टोका पत्रको जो प्रतिवाद नेपालबाट गएको थियो, त्यसमा बुटवल र स्युराज नेपालमा नै रहनुपर्ने कुरामा प्रशस्त प्रमाण दिइएका थिए । इङ्गल्याण्डबाटै नेपालसँग युद्ध गर्ने सङ्कल्प गरेर आएका माइराले यस प्रतिवादलाई नमानेर "२५ दिनभित्रमा बुटवल र स्युराज छोडिदिनू; नछोडे कम्पनीसरकारका सैनिक आएर दखल गर्नेछन्" भन्ने बेहोराको खलीतापत्र नेपालसरकारलाई पठाई (२४ मार्च)[३५] यसको उचित उत्तर नआएमा सो म्याद सकिनेबित्तिकै सैनिक पठाई बुटवलमा र स्युराजमा समेत अधिकार गर्नू भनी गोरखपुरका कलेक्टरलाई समेत पत्र लेखे, नेपालसरकारलाई पठाएका पत्रको नक्कल कलेक्टरलाई र कलेक्टरलाई पठाएका पत्रको नक्कल नेपालसरकारलाई पनि पठाइदिएका थिए । युद्धको हाँक दिइएको यो पत्र अप्रिलका आरम्भमा[३६] नै काठमाडौंमा आइपुग्दा नेपालका भारादारहरूमा सनसनी फैलियो ।

११ । कर्तव्यको ठेगान तुरुन्त गर्नुपरेको हुनाले भीमसेन थापाले महाराज गीर्वाणका रोहबरमा बडो भारादारी गरे । बिहान ९ बजेदेखि बेलुका ८ बजेसम्म भारादारहरू बसी छलफल गरे । रङ्गनाथ पण्डितज्यू र दलभञ्जन पाँडे युद्धका विरोधी थिए, यस समयमा अङ्ग्रेजसँग हाम्रो जोर पुग्दैन भनी सिमरावनगढका तकरारी मौजाहरू छोडेर आएका थिए । बुटवल र स्युराजसमेत छोडिदिएमा हाम्रो कल्याण छ भन्ने यिनीहरूले राय दिए । रणध्वज थापाको पनि यही राय ठहरियो । तर भीमसेन थापाले कसैका कुरा सुनेनन् । "अहिले नै बुटवल र स्युराज छोडिदिएर अङ्ग्रेजहरू सन्तुष्ट हुने छैनन्; सप्तरी–महोत्तरीका सिमानाका २०० मौजाहरूका विषयमा पनि तकरार उठिरहेको छ; उनीहरू निहुँ खोज्दा छन्; एकनएक दिन हामीले युद्ध नगरी सुख छैन; यस कारणले अहिले नै दबेर बुटवल र स्युराज छोड्नाले हाम्रो कातरपना मात्र प्रकट हुन्छ; मानिसले बनाएको भरतपुरको किल्ला लिन अङ्ग्रेजहरूको बुता चलेन भने ईश्वरले रचेका अगम्य पहाड मिलेर बनेको हाम्रो राज्य नै एउटा प्राकृतिक किल्ला भएको हुनाले यसलाई कसरी लिन सक्लान् ? आफ्ना देशको रक्षा गर्नामा हामी ५२ लाख नेपाली* तयार छौं; बुटवल र स्युराजमा अङ्ग्रेजलाई घुस्न दिनै हुन्न, आयो भने लड्नै पर्दछ" भन्ने आफ्नो राय दिए ।

* विद्यालक्ष्मीका शासनकालमा दामोदर पाँडेले नेपाल राज्यभरको मनुष्यगणना गराउँदा ५२ लाख भएका हुनाले "५२ लाख नेपाली" भन्ने चलन ५० वर्षसम्म रहेको थियो ।

---

३२. पौषका मध्यमा । ३३. माघका शुरूमा । ३४. फाल्गुन–चैत्रमा । ३५. चैत्र १३ गते । ३६. चैत्रका मध्यमा ।

यिनलाई भारतवर्षका राजनैतिक अवस्थाको ठीकठीक ज्ञान नभएको हुनाले युद्ध चलेपछि अङ्ग्रेजहरूका बन्धनमा परेका अवधका नवाब सआदत अलीले र अङ्ग्रेजी राज्यका घेराभित्र परेका दौलतराव शिन्देले हाम्रो पक्ष लिएर लड्लान् भन्ने दुराशा राखेका थिए। पञ्जाबका महाराज रणजित्सिंहले ता आफ्ना स्वार्थका निमित्त पनि हाम्रो साथ देलान् भन्ने भरोसा राखेका थिए। आफ्ना राज्यभित्रको परिस्थिति पनि ठीकठीक नबुझेर ५२ लाख रैतीबाट पूरा काम लिने आँट गरेका थिए। हुनता यस समयमा नेपाल राज्यको जनसङ्ख्या ६० लाख भइसकेको थियो। काठमाडौंदेखि पूर्वपट्टि इलामसम्म र पश्चिमपट्टि प्युठानासम्मका पहाडप्रदेशका २० लाख बासिन्दाले नेपाली भाषालाई राष्ट्रभाषा गराई वेषभूषा र चालचलनमा समेत एकता ल्याएर एक राष्ट्र बनाई गोरखाली कहलाएका थिए। यिनीहरू आफ्ना राष्ट्रका रक्षाका निमित्त मर्न मार्न अवश्य तयार थिए। परन्तु खसाँत, कुमाउँगढवाल र बाह्रठकुराइका बासिन्दाहरूले नेपाली भाषालाई राष्ट्रभाषाका रूपमा नलिएर वेषभूषा र चालचलनसमेत भिन्नै राखी गोरखालीदेखि अलग छुट्टिएका थिए। यही हाल तराईका बासिन्दाको थियो। सुखिमका राजा पनि नेपालराज्यका बन्धनबाट फुत्कन तयार थिए। यस अवस्थामा युद्धकालमा यी 'अगोरखाली'बाट सहायता आशा गर्नु व्यर्थ थियो। बरु यिनीहरू शत्रुसँग मिल्न जाने भय ज्यादै थियो। यो नबुझी युद्धका पक्षमा मत दिने भीमसेन थापालाई रङ्गनाथ पण्डितज्यू आदि बुझक भारादारहरूले मूर्खमा गनेका थिए। तर राज्यको बागडोर भीमसेन थापाका हातमा रहेको हुनाले यिनैको राय भारादारीको 'निर्णय' ठहरियो। शायद यिनलाई हार्न नसकी प्राण शाह आदिले पनि युद्धका पक्षमा राय दिएका थिए। निर्णय ठेगान भएपछि भीमसेन थापाले 'सिकारु सैनिक' भर्ना गर्न थाले, युद्धका निमित्त चाहिने तोप, बन्दूक, गोला–बारुद आदि सामान बनाउने काम धडाधड चलाए। तर धनका कमीले र भरियाको प्रबन्ध ठीक नहुँदा यी सामानहरू प्युठानादेखि सतलजका किनारासम्म लैजान महाकठिन थियो।

१२। बुटवल र स्युराज छोड्नालाई माइराले दिएको २५ दिनको म्याद अप्रिलका आखिरमा[३७] पूरा हुन्थ्यो। पाल्पामा २५ सय जति तालीमी सैनिक मात्र रहेका हुनाले त्यतिले आक्रमण गर्न आउने अङ्ग्रेजी सैन्यलाई रोक्न नसकिने देखेर काठमाडौंबाट अरू सैनिक पठाउने सूचना अमरसिंह थापा (छोटा)लाई भीमसेन थापाले पठाए। तर यात्राको प्रबन्ध नमिलेको हुनाले बल्लतल्ल काजी भक्तवीर थापाका साथ २५ अप्रिलका दिन[३८] काठमाडौंबाट एक पल्टन हिंडाए, १ मईका दिन[३९] पाल्पाका निमित्त सर्दार शमशेर रानाका साथ दुइ कम्पनी र प्युठानाका निमित्त काजी रणजित् राणाका साथ एक कम्पनी पठाए। यिनीहरू नपुग्दै गोरखपुरबाट ५ कम्पनी अङ्ग्रेजी सैनिक आई २६ अप्रिलका दिन[४०] बुटवलमा अधिकार गरेर तीन ठाना राखे। दुइ सातापछि स्युराज पनि दखल गरेर अर्को ठाना राखे। बुटवल वा स्युराजका मैदानमा फरी अङ्ग्रेजी सैनिकलाई हटाउन असाध्य देखेर अमरसिंह थापा (छोटा), भक्तवीर थापा र रणजित् राणासमेत चुपचाप रहे। गोरखाली सैनिक पहाडमा नै अडिएको देखेर अङ्ग्रेजी सैनिकका अफिसरले चारै ठानामा पुलीसहरू राखी गोरखपुरतिर सैन्य फर्काए। यो सैन्य गोरखपुरमा पुग्दा नपुग्दा बुटवलका फौजदार मनिराज अगुवा भई २९ मईका[४१] रातमा गोरखाली सैनिक लगेर बुटवलका तीनै ठानामा आक्रमण गरिदिए। यस हमलामा १८ जना अङ्ग्रेजी पुलीसहरू मारिए; बाँकी पुलीस भागेर गए। स्युराजका ठानामा पनि आक्रमण हुने भय देखेर त्यहाँका पुलीस त्यसै हटेर गए। बुटवलका यस हत्याकाण्डपछि युद्ध अनिवार्य भयो।

---

३७. वि. सं. १८७१ वैशाखका मध्यमा। ३८. वैशाख १५ गते। ३९. वैशाख २१ गते। ४०. वैशाख १६ गते। ४१. ज्येष्ठ १८ गतेका।

१३ । यस समयमा नेपालका अनुभवी भारादारहरूमा बम शाह र अमरसिंह थापा (बडा) मुख्य थिए। यिनीहरू क्रमैसँग अलमोडा र आर्कीमा रहेका हुनाले युद्ध गर्ने वा बुटवलस्युराज छोड्ने विषयमा काठमाडौंमा भएका भारादारीमा सामेल हुन सकेका थिएनन्। यस कारण भीमसेन थापाले यिनीहरूको राय लिनाका निमित्त महाराज गीर्वाणका भाकाबाट बडापत्र पठाएका थिए। अङ्ग्रेजका सैन्यबलका अगाडि गोरखाली सैन्यको बल ज्यादै कम भएको यिनीहरूलाई पूरा ज्ञान थियो। धनका कमीले सैन्यबल बढाउन नपाएका हुनाले अमरसिंह थापा (बडा) ले आर्कीमा टक्सार खोलेर काठमाडौंका टक्सारबाट निस्कने चाँदीका टकबराबरका नयाँ टक गीर्वाणकै नामबाट ढाल्न थाल्दा भीमसेन थापाले रोकिदिएका थिए। धनैका कमीले नयाँ किल्लागढीहरू बनाउन र पुराना मरम्मत गर्न अमरसिंह थापा (बडा) ले सकेका थिएनन्। मुख्य नाकामा रहेको नालापानीको किल्ला भत्किरहेको थियो। यसै सालका अप्रिलमा[४२] सिरमोरमा रहेका कप्तान चन्द्रवीर राणा परलोक हुँदा तिनका माहिला छोरा बलभद्र राणालाई कप्तान गराएर बल्लतल्ल सो किल्ला मरम्मत गर्न खटाएका थिए। आफ्ना तालुकमा रहेका प्रदेशहरूमा शासनव्यवस्था राम्रो बनिनसकेको हुनाले यस अवस्थामा अङ्ग्रेजसँग युद्ध गर्नु बम शाहले समेत खतराको काम देखेका थिए। आपसमा सल्लाह गरी राय पठाउनाका निमित्त यिनीहरूको पत्रव्यवहार हुँदाहुँदै काठमाडौंका भारादारीका निर्णयबमोजिम "युद्धका निमित्त तयार होओ" भन्ने बडापत्र गयो। सरकारी आज्ञा आएपछि युद्धका निमित्त तयार भई गीर्वाणका हजुरमा जो पत्र लेखे, त्यसको सारांश यो थियो— "हजुरका हुकूमबमोजिम शत्रुसँग लडौंला; ईश्वरका अनुग्रहले र हजुरका प्रतापले जितौंला पनि; तर यस समयमा युद्ध गर्नु अनुकूल थिएन; युद्ध गर्नुपर्छ भन्ने राय दिने जो हो, त्यो महलमा बढेको अनुभवहीन मानिस हो"।* बुटवलका हत्याकाण्डको खबर पुगेपछि पनि आफ्नो रोबलाई थामेर अङ्ग्रेजहरूको मर्यादा पनि राखी अमरसिंह थापा (बडा) ले अक्टरलोनीमार्फत माइरालाई युद्ध छेक्नाका निमित्त पत्र लेखे। उनीहरूले आक्रमण गर्ने निश्चय गरिसकेका हुनाले वास्ता गरेनन्।

१४ । बुटवलमा पुलीसको हत्याकाण्ड भएपछि पनि माइराले तुरुन्त युद्ध नचलाई ४ महीनासम्म पर्खिरहे। यसरी चूपचाप रहनाको एक कारण वर्षादको आरम्भ र मुख्य कारण धनको कमी थियो। इङ्गल्याण्डमा रहेका इष्टइण्डिया कम्पनीका सञ्चालकहरू भारतवर्षबाट धन चुसिरहने हुनाले भारतवर्षका ढुकुटीमा कम रहन्थ्यो। धनका खोजीका निमित्त माइरा लखनौतिर लागे। यिनैताक अवधका नवाब सआदत अली परलोक हुँदा गाजिउद्दीन हैदर नवाब भएका थिए। यिनका ढुकुटीमा रुपियाँ प्रशस्त हुनाले कानपुरमा गई माइरालाई भेटेर २ करोड रुपियाँ कर्जा दिने कबोल गरी लखनौमा ल्याए। यता बम शाह र अमरसिंह थापा (बडा)को पत्र पाएपछि भीमसेन थापा पनि भरसक अङ्ग्रेजहरूसँग युद्ध नगर्ने उद्योगमा लागे। कम्पनीसरकारसँग पत्रव्यवहार बन्द भइसकेको हुनाले टकसारी चन्द्रशेखर उपाध्यायलाई नयाँ राजदूत बनाई माइराछेउ पठाउने बन्दोबस्त गरे। वर्षाद सकिनेबित्तिकै अक्तूबरको मध्यमा[४३] महाराज गीर्वाणबाट पठाएको सौगात र खलीतापत्र दिई तिनलाई काठमाडौंबाट बिदा गरे। बम शाह र अमरसिंह थापालाई समेत सुलहका कुरा गर्ने पूरा अधिकार दिई गीर्वाणका भाकाबाट पत्र पठाए। यो नवरात्रका चाडको समय थियो। यसै अवस्थामा २२ अक्तूबर (महानवमी)[४४] का

* यस अन्तिम वाक्यले भीमसेन थापालाई छेड हानिएको थियो।

---

४२. वि. सं. १८७० चैत्र – १८७१ वैशाखमा। ४३. वि. सं. १८७१ कार्तिकका शुरूमा।
४४. कार्तिक ८ गते।

दिन पाल्पामा अमरसिंह थापा (छोटा) को देहान्त भयो ।

उता माइराले नेपालमा चारतिरबाट आक्रमण गर्नालाई चार जना सेनापतिहरू खटाए । हण्डूरतिरबाट बाह्रठकुराई दखल गर्नालाई मेजर जनरल अक्टरलोनीलाई, देहरादूनतिरबाट सिरमोर दखल गर्नालाई मेजर जनरल जिलेस्पीलाई, बुटवलतिरबाट पाल्पा दखल गर्न मेजर जनरल टी. ऊडलाई र पर्साबारातिरबाट काठमाडौँ दखल गर्न भनी मेजर जनरल मार्लेलाई खटाएका थिए । मोरङपट्टिका सिमानामा बसेर सुखिमका राजालाई आफ्ना पक्षमा मिलाउने कोशिश गर्नू भनी मेजर लेटरलाई खटाए, यिनलाई नेपालका सिमानाभित्र घुस्ने आज्ञा दिएका थिएनन् ।

१५ । भीमसेन थापासँग अमरसिंह थापा र बम शाहसमेत प्रसन्न थिएनन् । यो कुरा माइराले थाहा पाएका हुनाले यी भारादारहरूलाई घूस दिएर आफ्ना पक्षमा ल्याउने कोशिश पनि गर्न थाले । अमरसिंह थापालाई हात लिन भनी दिल्लीमा रहेका स्थायी दूत सर चार्ल्स मेटकफलाई र बम शाहलाई हात लिन भनी त्यहीँ रहेका सह स्थायी दूत सर एडवार्ड गार्डनरलाई लेखे । काठमाडौँमा रहेका रणध्वज थापालाई आफूतिर मिलाउनाका निमित्त बनारसका मिष्टर ब्रूसले उद्योग गरे । भीमसेन थापाले दामोदर पाँडे र उनका दुइ छोराको संहार गरी सर्वजित् पाँडेलाई पनि पछि कटाइदिएका थिए । यस कारणले बेतियामा रहेका रणजङ्ग पाँडे आदिलाई भीमसेन थापासँग बदला लिनुपर्दछ भनी उचालेर ब्राडशाले आफूपट्टि मिलाउनाका निमित्त सत्कार गर्न थाले । तर भीमसेन थापासँग बदला लिने तुच्छ कामका लागि आफ्ना देशमा शत्रुको अधिकार गराउन गोरखाली भारादारहरू कदापि तयार थिएनन्, आफ्ना देशका रक्षाका निमित्त ज्यानसमेत अर्पण गर्न तत्पर थिए ।

□

### तीसौँ परिच्छेद

# अङ्ग्रेजसँगको युद्ध (१)
# गोरखाली सेनाले रोकेका आक्रमणहरू

## ( ई. सं. १८१४–१८१५ )[४५]

१ । नेपालका राजधानी काठमाडौँदेखि सबभन्दा टाढा रहेको सतलज र जमुनाका बीचका पहाडको बाह्रठकुराइप्रदेश पहिले दखल गर्ने अठोट माइराले गरेका थिए । यस प्रदेशका दक्षिणपश्चिम भागका हण्डूरका निर्वासित राजा रामशरणसिंह अङ्ग्रेजका शरणमा पुगेका थिए । दक्षिणपूर्व भागका सिरमोरका निर्वासित राजा कर्मप्रकाश परलोक भइसकेका थिए तापनि उनका बालक छोरा र नातादारहरू पनि अङ्ग्रेजहरूका आश्रयमा पुगिसकेका थिए । यस कारणले यिनीहरूलाई उठाएर हण्डूर र सिरमोरका रैतीलाई नेपालसरकारका विरुद्ध

---

४५. वि. सं. १८७१–१८७२ ।

गराउन माइराले सुबिस्ता देखेका थिए । सिरमोरमा आक्रमण गर्दा गढवालतिरबाट आउने मूलबाटो रोक्नालाई देहरादून दखल गरी तराईमा रहेका जमुनाका घाटहरू रोक्न आवश्यक थियो । यस कारणले युद्धघोषणा नगर्दै माइराका इसाराअनुसार सेनापति जिलस्पीले सहारनपुरबाट आफ्नासाथ खटिएका ८ तोप र ३५०० सैनिक रमाना गराए । यो सैन्य २० अक्तूबरका दिन[४६] नेपालका सिमानाभित्र घुसी सिवालिकका तिमली र मोहन भन्ने दुइ भञ्ज्याङबाट बाँडिएर २२ अक्तूबरका दिन[४७] देहरादूनमा उत्र्यो । यस ठाउँबाट ५ मील[४८] फरकमा ६ सय फुट[४९] अग्ला डाँडामा रहेको नालापानीको किल्ला बलभद्र राणाले भरखर मरम्मत गरिसकेका थिए । तिनका साथमा २५० जति सैनिक र खलङ्गामा रहेका केही जनाना पनि थिए ।

उसै दिन लेफ्टेन्ट कर्णेल मौबीले हात्तीबाट* तोप लगी सैन्यसमेत चढाएर किल्ला घेरे, नाम मात्रको सानो किल्ला देखेर बलभद्र राणालाई "आत्मसमर्पण गर्नुहोस्" भनी पत्र लेखे, "साहेबलाई सलाम भन, रातमा पत्रको उत्तर दिने हाम्रो नियम छैन" भनी हलकारालाई तिनले मुखैले जबाफ दिए । भोलिपल्ट बिहान ८ बजे शत्रु सैनिकले केही बेर गोलाबारी गर्दा किल्लाभित्रबाट गोरखाली सैनिकले पनि गोलीले जवाफ दिए । सैनिक नोक्सान नहुँदै मौबीले घेरा उठाई आफ्ना सैनिक र तोपसमेत देहरामा ल्याए । यो बिजयादशमीको दिन थियो । यसै दिनको साइत गरी नाहनबाट रणजोर थापाले सर्दार रिपुमर्दन थापाका साथ २५० सैनिक नालापानीमा पठाए । सोझो बाटो शत्रुले रोकेको हुनाले रातारात गरी फेरो मारेर चौथा दिनमा यिनीहरू नालापानीभित्र घुसे ।

२ । नालापानीबाट शत्रुको सैन्य हटेका तीनचारदिनपछि सेनापति जिलेस्पी पनि देहरामा आइपुगे । ३० अक्तूबरका दिन[५०] साँझमा किल्लाका ६ सय गज फरकमा चारै दिशापट्टि दुइ दुइ तोप राखी किल्ला फोरेर आक्रमण गर्ने अठोट गरी सैन्यलाई चार भागमा बाँडिराखे । ३१ अक्तूबरका दिन[५१] बिहान ४ बजेदेखि गोलाबारी शुरू भयो । किल्लाभित्रबाट गोरखाली सैनिकले पनि गोलीले जवाफ दिइरहे । शत्रुसैनिकहरू किल्लाका ढोकामा पनि पुगे । केही सैनिकले किल्लाको परखाल नाघेर भित्र पस्ने उद्योग गर्न लागे । किल्लाका ढोकामा भित्रपट्टि एक तोप थियो । ढोकाबाहिर शत्रु जम्मा भएको देखेर गोरखालीले किल्लाको चौथाइ ढोका खोली एक्कासि तोप चलाउँदा शत्रुसैनिक भक्कान भए । यसै अवसरमा गोरखाली सैनिकले परखालमा चढी बाहिरपट्टि आइपुगेका शत्रुसैनिकहरूउपर गोली बर्साउँदा भागाभाग चल्यो । आफ्ना सैनिक भाग्न थालेको देखेर जगेरामा रहेका गोरा सैनिक लिई स्वयं सेनापति जिलेस्पी किल्लातिर दौडे, किल्लाका ३० गज फरकमा पुगेपछि गोरखालीको गोली लागेर ढले । सेनापति मारिएपछि लाचार भएर कर्णेल कार्पेन्टरले आफ्नो सैन्य हटाएर देहरामा ल्याए । यस दिनका ६ घण्टाका लडाइँमा शत्रुपट्टि १ जनरल, ४ अफिसर र २७ सैनिक मारिए; १५ अफिसर र २१३ सैनिक घायल भए । गोरखालीपट्टि सर्दार रिपुमर्दन थापाका साथ ५० जना जति सैनिक खेत रहे, १०० जना जति सैनिक घायल भए । यस जितबाजीपछि बलभद्र राणाले उदारता देखाएर शत्रुका मुर्दा र घायलहरूलाई सुबिस्तासाथ लैजान दिए । यो खबर नसुन्दै १ नवम्बरका दिन[५२] माइराले लखनौबाट युद्धघोषणा गरी मुख्य सेनापति आफैँ बनी फत्यगढमा (फर्रुखाबादनेर) आएर बसे ।

* अन्यत्र पनि पहाडखण्डमा अङ्ग्रेज सेनापतिहरूले तोप लैजाँदा बाटो सफा बनाई हात्तीमा लादेर लैजाने गरेका थिए ।

---

४६. वि. सं. १८७१ कार्तिक ६ गते । ४७. कार्तिक ८ गते । ४८. झण्डै सवा दुइ कोस । ४९. ४०० हात । ५०. कार्तिक १६ गते । ५१. कार्तिक १७ गते । ५२. कार्तिक १८ गते ।

३ । भीमसेन थापाले युद्ध चलाउने निश्चय गरेर पनि काठमाडौंका दक्षिणपट्टि रहेका पर्सादेखि महोत्तरी-सम्मका बाहिरी तराईका रक्षाको प्रबन्ध केही गर्न सकेका थिएनन् । पर्साको गढी भत्किरहेको थियो । बाराको गढी मूलबाटामा परेको हुनाले नजीकका एक गाउँमा बसेर त्यस जिल्लाका हाकिम सर्दार बखतसिंह बस्न्यातले मरम्मत गराइरहेका थिए । रौतहटको समनपुरगढी पनि भत्केको हुनाले त्यस जिल्लाका हाकिम सर्दार परशुराम थापा (तेस्रा)ले बडहरवा भन्ने ठाउँमा बाँसघारीका बीचमा अड्डा कायम गरेका थिए । यस समयमा चम्पारनका हाकिम भएर ब्राडशा रहेका थिए । काठमाडौंबाट गएका टकसारी चन्द्रशेखर उपाध्यायले यिनसँग राहदानी माग्दा केही दिन लङ्गारी २६ अक्तूबरका दिन[५३] फर्काइदिए । यस कारणले चन्द्रशेखर उपाध्याय पनि बडहरवामा आएर परशुराम थापासँग मिले ।

चन्द्रशेखर उपाध्यायलाई फर्काएपछि बडहरवालाई नजीकै पारेर सिमरावनगढनेर घोडसैन्यमा ब्राडशा बसे । यिनका साथ १००० जति तालीमी सैनिक थिए । २३ नवम्बरका दिन[५४] १२ तोप र ६००० सैनिक लिएर सेनापति मार्ले दानापुरबाट रमाना भई गङ्गा तरे । यो खबर सुनेपछि २५ नवम्बरका[५५] साँझमा ब्राडशाले कप्तान हेका साथ ५०० सैनिक बारागढीतर्फ पठाए, यसै दिन रातमा बडहरवामा छापा मार्न भनी लेफ्टेण्ट बायलुका साथ ३०० सैनिक पठाए । त्यहाँ परशुराम थापाका साथ २५० जति मात्र सैनिक थिए । रातमा शत्रु आउँदा घमासानको लडाइँ भयो । ७५ वर्षका बूढा परशुराम थापाले बायलुलाई घायल गराई आफू पनि खेत रहे । आधा जति गोरखाली सैनिक हताहत भएर बाँकी छिन्नभिन्न भए । चन्द्रशेखर उपाध्याय पक्रिएर ब्राडशाका डेरामा थुनिए । बारागढीतर्फ बखतसिंह बस्न्यातसँग २०० जति सैनिक थिए । हेका साथ दोब्बरभन्दा ज्यादा सैनिक आइपुग्दा लडेर साध्य नहुने देखी चूपचापसँग गढी छोडेर सैनिक हटाए । हात नमिलाई शत्रुलाई गढी छोडेका अपराधमा भीमसेन थापाले बखतसिंह बस्न्यातलाई काठमाडौंमा बोलाई फरिया लगाएर शहर घुमाए । तर पछि जाँच हुँदा यिनको काम योग्य ठहरिएको हुनाले सफाइ पनि पाए ।

४ । नालापानीबाट फर्केका शत्रुसैनिक देहरादूनमा बसी दिल्लीबाट बडाबडा तोप मगाएका थिए । करीब एक महीनापछि कर्णेल मनलीले यी तोप ल्याएपछि २७ नवम्बरका दिन[५६] किल्लाका ३०० गज फरकबाट घेरा दिई तोप र बन्दूकका गोलागोली बर्साउन थाले । त्यसको जवाफ गोरखाली सैनिकले पनि गोलीले दिँदै रहे । तर यस पटकका तोपका मारले गढीका परखालमा प्वाल परे । तिनै प्वालबाट भित्र घुस्ने उमेद गरी शत्रुका सैनिक आउँदा प्वाल साना हुनाले त्यताबाट पस्न नसकी परखालमा चढेर केही सैनिक भित्र पनि पसे । भित्रपट्टि बाँसका सोला गाडिएका हुनाले तिनमा अल्झिएर गोरखाली सैनिकका खुकुरीका फेला परे । जो परखालका बाहिरपट्टि रहेका थिए, तिनका उपर पनि परखालमा चढेर गोरखाली सैनिकले गोलीको बौछार गरे, गोली कम हुँदा धनुबाणको पनि व्यवहार गरे, जनानाहरूले ढुङ्गा पनि बर्साए । यस पटक पनि शत्रु हताहत भएर साँझमा हटे । दिनभरका लडाइँमा शत्रुतर्फ ३ अफिसर र ३८ सैनिक परे, ८ अफिसर र ४४० सैनिक घायल र बेपत्ता भए, गोरखालीमा पनि ३८० जना जति हताहत भए । किल्लाभित्र ७५ जनाभन्दा बढी सैनिक बचेनन् ।

अग्ला डाँडामा किल्ला रहेको हुनाले भित्रपट्टि धारा इनार थिएनन् । एक सुरुङबाट झरी मनितिरका सोताबाट पानी ल्याउने गरेका थिए । शत्रुले घेरा नछाडेका र एक गढवालीले यो रहस्य खोलिदिएको हुनाले शत्रुहरूले त्यो पानीघाट रोके । पानी नपाएर गोरखाली सैनिक ३ दिनसम्म छटपटाइरहे तापनि शत्रुका उपर

---

**५३. कातिक १५ गते । ५४. मार्ग १० गते । ५५. मार्ग १२ गतेका । ५६. मार्ग १४ गते ।**

गोली चलाउँदै रहे । प्यासले व्याकुल हुँदा र किल्लाभित्र मुर्दाका दुर्गन्धले ढाक्दा ३० नवम्बरका[५७] रातमा बलभद्र राणाले बचेका सैनिक र जनानासमेत लिई किल्लाको ढोका खोली काँधमा बन्दूक, पीठमा तोसदान र कम्मरमा खुकुरी भिरेर निस्के । यतापट्टि मेजर लड्लोले घेरा दिइरहेका थिए तापनि बलभद्र राणाका साथ मस्तानी चालमा ती सैनिक निस्कँदा छक्क परेर हेरिरहे, निस्केका सैनिकले नजीकका सोतामा गएर पेटभर पानी पिई उकालो लागी बेपत्ता हुँदा झन् छक्क परे । जाबो सानो किल्लामा ५०० सैनिक लिएर शत्रुका बडा सैन्यलाई एक महीनासम्म रोकी आफनोभन्दा शत्रुको नोकसान ज्यादा गराएर पनि उम्की बलभद्र राणाले जो अपूर्व वीरता देखाए, त्यो सुनका कलमले लेख्न लायक छ ।

५ । नालापानीदेखि उत्तरपश्चिमपट्टि शत्रुको अधिकार जमेको हुनाले बलभद्र राणा पूर्वपट्टि लागे । तिनलाई भेट्टाउन भनी १ दिसम्बरका[५८] बिहानै १००० सैनिक लिई लड्लो निस्के । दोस्रा दिन द्वारामा दुइ थरीको देखादेख भई अग्ला ठाउँमा रूखको आड लिएर गोरखाली सैनिकले गोली चलाउँदा शत्रुपट्टि ३ अफिसर र १५ सैनिक मारिए, गोरखाली सैनिक पनि ९ जना परे । अगाडि जाने उमेद छोडेर लड्लो फर्के । रातभर हिँडेर गङ्गाका किनाराका चतुवारगढीमा बलभद्र राणा पुगे । नालापानीका मदतलाई श्रीनगरबाट २५० सैनिक लिएर गएका काजी रणदीपसिंह बस्न्यात त्यहीँ रहेका थिए । नालापानीकै मदतलाई २५० सैनिक लिएर काठमाडौँबाट गएका काजी रेवन्त राणा जयन्तगढमा रहेका काजी रणजित् राणासँग मिलेर रहेका थिए । रणदीपसिंह बस्न्यात र बलभद्र राणासमेत मिली महाभारतभित्र पहाडखण्डमा पसी जयन्तगढमा सामेल हुन पुगे ।

यता नालापानीको किल्ला तोडेपछि उत्तरपश्चिम लागी कर्णेल कार्पेण्टरले कल्सी खाली पाएर तुरुन्त दखल गरे । त्यताबाट ४ दिसम्बरका दिन[५९] कप्तान फाष्टले विराट भन्ने सानो किल्ला दखल गरे । त्यहाँ रहेका ५० जना गोरखाली सैनिक अगाडि नै हटेका थिए । कल्सी र विराटको रक्षा गर्न मेजर वाल्डोक रहे । यस ठाउँका बासिन्दा शत्रुसँग मिल्दा वाल्डोकले जयन्तगढमा आक्रमण गर्ने अठोट गरेर मैतारीसम्म थोरै सैनिक पेस्की पठाए । तर रणजित् राणाले यी सैनिकलाई हटाई चेवा आएकालाई पक्रँदा वाल्डोकले जयन्तगढ दखल गर्ने उद्योग छोडिदिए । यी कल्सीमा रहँदा गढवालबाट सिरमोरतिर जाने तराईको सजिलो बाटो रोकिएर पहाडको असजिलो र घुमाउरो 'रवाईं' पट्टिको बाटो बाँकी रह्यो ।

६ । पाँच दिसम्बरका दिन[६०] देहरादूनबाट तिमली पार भएर शत्रुसैन्य मुगलानमा उत्र्यो । यो सैन्य १९ दिसम्बरका दिन[६१] सिवालिकको कोलापारीभञ्ज्याङ पार गरेर नेपालका सरहदमा घुसी तिलकपुरमा बस्यो । जिलेस्पीका बदलामा यसै दिन जनरल मार्टिण्डेल आइपुगे । त्यहाँबाट ७ मील[६२] फरक नाहनमा रणजोर थापा रहेका थिए । यिनका साथ काजी जसपाउ थापा र भैरवसिंह बस्न्यात आदि ३ सर्दारका अधीनमा १००० सैनिक थिए । यिनैबाट २५० सैनिक नालापानीमा गएका थिए । यस जिल्लाका मोर्नी आदि पहाडी किल्लाहरूमा एक एक सुबेदारका साथ जम्मा ५०० जति सैनिक रहेका थिए । रणजोर थापा २० दिसम्बरका दिन[६३] बिहान रातैमा शत्रुका उपर आक्रमण गर्न ठीक भए । तर मैदानमा लडेर साध्य छैन, जैतकका डाँडाका किल्लामा गएर बस भन्ने अमरसिंह थापाको पत्र उसै रातमा आइपुग्दा तिनी बिहानै नाहन छोडी जैतकतिर लागे । शत्रुका सैनिकले त्यसै दिन नाहन लिए । नाहनबाट १८०० फुटका[६४] उचाइमा जैतकको किल्ला थियो, बीचमा एउटा

---

५७. मार्ग १७ गते । ५८. मार्ग १८ गतेका । ५९. मार्ग २१ गते । ६०. मार्ग २३ गते । ६१. पौष ७ गते । ६२. ३ कोश जति । ६३. पौष ८ गते । ६४. १२०० हातका ।

खोलो थियो । अन्तर अढाइ मील[६५] मात्र भए तापनि बाटो घुमाउरो हुनाले ५ मील[६६] हिंड्नुपर्दथ्यो । जैतकका दायाँ बायाका डाँडाहरूमा गोरखाली सैनिकले आड* बनाइराखेका थिए । ती आडमा र बीचका गाउँहरूमा सैनिकका सानासाना टोली (पिकेट) रहेका थिए ।

छब्बीस दिसम्बरका[६७] बिहान मार्टिण्डेलले मेजर रिचार्डलाई ७५० सैनिकका साथ मोरटिप्पा** दखल गर्न हिंडाए । गोरखाली सैनिकको नजर यसतिर फिराएर २७ दिसम्बरका[६८] रातमा कालो टिप्पा दखल गर्न भनी लड्लोलाई त्यति नै सैनिकका साथ पठाए । कालो टिप्पातिर लडाइँका सामान लिएर जान लागेका भरियाहरूलाई कयामटादेवीका देवलमा रहेका गोरखाली पहरादारहरूले पक्री ५७ भारी खोसे । शत्रुसैन्य आएको खबर पाई रणजोर थापाले काजी जसपाउ थापा र सर्दार भैरवसिंह बस्न्यातलाई ५०० सैनिकका साथ कयामटाका आडमा पठाए । यिनीहरू आडमा पुग्दा लड्लो पनि आइपुगे र आड दखल गर्नालाई २ पटक आक्रमण गरी बिफल भए । तेस्रा पटक आक्रमण गर्दा आडबाट जसपाउ थापाले गोरखाली सैनिकलाई निकालेर शत्रुका उपर आक्रमण गरे । लडाइँको बाजा घन्काएर "जय गोरखकाली" भन्दै गोली बर्साउँदै गोरखाली सैनिक बढ्दा शत्रु भागे । पूर्णिमाको जुनेली रात हुनाले लखेट्तै जाँदा भीरमा पनि निकै परे । शत्रुपट्टिका लेफ्टेन थेकरेले बचेका सैनिक सह्यालेका हुनाले २८ दिसम्बरका[६९] बिहान यिनलाई लिएर लड्लो नाहनमा फिरे । यताबाट शत्रुलाई हटाएपछि गोरखाली सैनिकले रिचार्डका सैनिकपट्टि धावा मार्दा ती पनि हटेर नाहन दाखिल भए । यस दिनका लडाइँमा शत्रुपट्टि ४ अफिसर मारिने र ५ घायल हुने भए; अरू सैनिकमा ७९ मारिने, २४० घायल र ४१ जना कैद भए । गोरखालीमा पनि २०० जति हताहत भए । यस लडाइँपछि डेढ महीनासम्म मार्टिण्डेल चूपचाप रहे ।

७ । युद्धको तयारी भीमसेन थापाले गरेका थिए तापनि त्यो तयारी अपूर्ण थियो । पूरा गराउने अठोट गर्दागर्दै नालापानीमा शत्रुको आक्रमण भएको समाचार पाएपछि दङ्ग भए । राजधानीका रक्षाका निमित्त बारा-पर्साको रक्षा गर्न जरूरत थियो । सो समाचार पाएपछि पनि दस बाह्र दिन ढिला गरी २६ नवम्बरका दिन[७०] कर्णेल रणवीरसिंह थापालाई चौतरिया प्राण शाह र काजी दलभञ्जन पाँडेका साथ हिंडाए । तीन दिनपछि कम्पूका ४००० र कम्पनीका २००० सैनिक पनि हिंडे । यिनीहरू प्रस्थान नहुँदै बारागढीमा शत्रुको अधिकार भइसकेको हुनाले मकवानपुरमा गएर सबै अडिए । दिसम्बरका मध्यमा[७१] मार्लेका साथ आएको बडो सैन्य नेपालका सरहदभित्र घुसेर त्यताबाट ५०० सैनिक लिई कप्तान सिब्लीले भरिकरहेका पर्सागढीमा र त्यति नै सैनिक लिई कप्तान ब्लान्कीले समनपुरका गढीमा अधिकार जमाए । ३०० सैनिक लिई रतुवा भन्ने ठाउँमा कप्तान रोसेज आएर डटे । बारागढीबाट पश्चिमपट्टि पर्सागढी र पूर्वपट्टि समनपुरगढी पन्ध्र पन्ध्र मीलका[७२] फरकमा

* डाँडाका जङ्गलका खडा रूखहरूमा त्यत्रै रूख काटेर लहराले साटा बाँधी आड बनाउने चलन चौबीसी राजाहरूका समयदेखि चलिआएको थियो । गोरखाली सैनिकले यस कामलाई बढाएर दोहरा तेहरा बार बनाई तयार गरेका आडहरू केही कालका निमित्त सानासाना किल्लाभन्दा बलिया हुन्थे ।

** जैतकका वरिपरिका दुइ टिप्पाका नाम अङ्ग्रेजहरूले पिकाकहील र ब्लाकहील राखेका थिए । यिनमा गोरखालीहरूले एउटालाई जौजेटिप्पा र अर्कालाई नैनटिप्पा भन्दथे । तर पिकाकहील भन्ने निश्चय नहुँदा यहाँ अङ्ग्रेजी नामका अनुवाद दिइएका छन् ।

---

६५. एक कोस जति । ६६. ठण्डै सवा २ कोस । ६७. पौष १४ गतेका। ६८. पौष १५ गतेका। ६९. पौष १६ गतेका। ७०. मार्ग १३ गते । ७१. पौषको शुरूतिर । ७२. साँढे ६ कोस जतिका।

थिए, दक्षिणपट्टि रतुवा थियो । यिनमा शत्रुको अधिकार हुँदा बारा, पर्सा र रौतहटमा नेपालसरकारको शासन खलबलियो । तीनै जिल्लाका रैतीमा बाजी जति शत्रुसँग मिले, थारूहरू भने नेपालसरकारका शासनमा रहे । यो लहर पूर्वपट्टि मोरङसम्म फैलिएर त्यतापट्टिका तराईको पनि शासनव्यवस्था खलबलियो । बुटवल दखल गर्नालाई १३ दिसम्बरमा[७३] सेनापति टी. ऊड बुटवलतिर रमाना हुने समाचार बनारसमा रहेका गजराज मिश्रज्यूका पत्रबाट भीमसेन थापाले पाए । देहरादूनमा आएका शत्रुले नालापानी दखल गरी सिरमोरतिर लागेका खबर पनि तिनले यसै समयमा पाए, यस कारणले शत्रुलाई जित्ने आशा नदेखेर बाहिरी तराई जति सबै सौंपी पहाडखण्ड मागेमा जमुनापारको बाह्रठकुराइप्रदेशसमेत छोडी सन्धि गर्ने विचारमा लागे ।

रणवीरसिंह थापा मकवानपुरमा पुगेकै दिन शत्रुले बारागढी दखल गरेको समाचार पाई सैनिक जम्मा भएपछि चुरे पार भएर शत्रुको बाटो रोकिने गरी रतनपुरमा बसे । यसै अवस्थामा शत्रुले पर्सा र समनपुरसमेत दखल गर्दा त्यतापट्टिको बाटो रोक्नालाई कप्तान वीरकेशर पाँडे र कप्तान सर्वजित् थापालाई बाह्र बाह्र सय सैनिकका साथ पठाए । यस समयसम्म रणजङ्ग पाँडे मार्लेका साथमा थिए । तो भीमसेन थापाका शत्रु भए तापनि आफ्ना राष्ट्रका हितका निमित्त पर्सा र समनपुरमा रहेका शत्रुसैनिकका सङ्ख्या र बलको सूचना रणवीरसिंह थापालाई दिए । यो खबर पाएर रणवीरसिंह थापाले अङ्ग्रेजहरूका वर्षारम्भका उत्सवको दिन पारी आक्रमण गर्ने आज्ञा निज कप्तानहरूलाई पठाए । ३१ दिसम्बरका[७४] आधा रातमा वीरकेशर पाँडेले पर्सागढीमा र सर्वजित् थापाले समनपुरगढीमा एक्कासि आक्रमण गरिदिए । पर्सापट्टि शत्रुका २ तोप रहेका हुनाले बिहानसम्म शत्रु लडेर हारे (१ जनवरी १८१५)[७५] । मुख्य अफिसर सिल्वी र लेफ्टेन मेथेसनसमेत १२३ जना शत्रु मारिए, १८७ घायल र ७३ बेपत्ता भए । तोप बन्दूक आदि लडाइँका प्रशस्त सामान गोरखाली सैनिकले लिए । समनपुरतर्फ केवल १० मिनेट लडेर शत्रु भागे । तैपनि मुख्य अफिसर ब्लान्की र लेफ्टेन डंकनका साथ केही शत्रुसैनिक परे । गोरखालीपट्टि पर्सामा ५६ जना मर्ने र २६४ जना घायल हुने भए । समनपुरपट्टि गोरखाली पनि बहुतै कम नोक्सान भए । पर्साको लडाइँमा सर्दार शमशेर राणाले बहादुरी गरेका हुनाले कप्तानी पाए । रतुवामा आक्रमण गर्न उसै दिन कप्तान प्रसादसिंह बस्न्यात ९०० सैनिक लिएर जाँदा ढीलो पुगेका हुनाले रौसेजले भाग्ने अवसर पाई कुलेलम ठोके । बारागढीमा कप्तान हेका साथ १५०० सैनिक जम्मा भइसकेका थिए । पर्सा र समनपुरका हारको खबर पाउनेबित्तिकै गढी खाली गरी मार्लेसँग मिल्न पुगे । मार्ले पनि दिकदार भई आफ्ना सारा सैनिक हटाएर नेपालको सिमाना पार गरी बेतियामा गए ।

८ । दस तोप र ३५०० सैनिक लिई सेनापति टी. ऊड गोरखपुरबाट आएर २ साता जति सिमानामा बसी १ जनवरीका दिन[७६] बुटवलभित्र पसे । यतापट्टि चुरेको पहाड टुटी त्यसका ठाउँमा जङ्गल मात्र भएको हुनाले तराईका बस्ती र त्यो जङ्गलसमेत पार गरी ३ जनवरीका दिन[७७] खास बुटवल (भित्री तराई) मा उत्रे । नजीकै महाभारतका दक्षिण फेदीमा जितागढी र सिरानमा नुवाकोट (तेस्रो) गढी थिए । जनरल अमरसिंह थापाका ठाउँमा पाल्पाका हाकिम भएर कर्णेल उजीरसिंह थापा गएका थिए । यिनले ती २ गढीका बीचमा उकालामा अनेक आडहरू बनाई आफू नुवाकोटगढीमा बसेर शत्रुलाई पर्खेका थिए । त्यसै दिन साँझमा ५०० शत्रु सैनिक लिएर मेजर केमीन जितागढीका पछाडि पुगे । गढीभित्र ५०० गोरखाली सैनिक लिएर सर्दार वीरभञ्जन पाँडे रहेका थिए । यिनले शत्रुका उपर आक्रमण गरी पछि हट्दै गढीका आडसम्म ल्याए । बन्दूकको आवाज सुनेर

---

७३. पौष १ गते । ७४. पौष १९ गतेका। ७५. पौष २० गते । ७६. पौष २० गते । ७७. पौष २२ गते ।

नुवाकोटगढीबाट २००० सैनिक लिई उजीरसिंह थापा पनि झरे। यसै समयमा २१०० सैनिकलाई सेनापति टी. ऊडले जितागढीका सामनेतिर बढाए। गढीका ५० गज फरकमा आइपुगेका यी शत्रु सैनिकलाई देखेर नुवाकोटबाट झरेका गोरखाली सैनिकले आडभित्रबाट गोली बर्साए। रातका १ घण्टाजतिका लडाइँमा शत्रुपट्टि ५ अफिसर र १२८ अरू सैनिक मारिए। शत्रुका सैनिकहरूले पर्सागढीमा भएका मारको खबर यसै दिन सुनिसकेका हुनाले उनीहरूको उत्साह भङ्ग भइरहेको थियो। यस कारणले प्रतिनिधि तेवारीले अनेक गरी सम्झाउँदा पनि विश्वास नमानेर टी. ऊडले फिर्ती बिगुल बजाई आफ्ना सेनालाई हटाए। साथमा आएका पाल्पालीहरू रातमा जङ्गलभित्र भागेका थिए। बिहान भएपछि गोरखाली सैनिकले जङ्गल पसेका अनेक पाल्पालीका साथ कनकनिधि तेवारीलाई पनि भेट्टाई मारिदिए। यस लडाइँमा कुमेदान जयशूर थापासमेत ७० जना जति गोरखाली सैनिक परे। टी. ऊडले नुवाकोटगढीमा रहेका गोरखालीका सैन्यबलको अन्दाज नपाई आफ्नो सैन्य बाँसीमा लगेर ३½ महीनासम्म चूपचाप रहे।

जनवरीका मध्यमा[७८] सेनापति मेजर लेटर पनि १५०० सैनिक लिएर मोरङ्का सिमानामा आइपुगे। जितागढी, पर्सा र समनपुरका विजयको खबर सुनेर विजयपुरइलामपट्टि रहेका गोरखाली सैनिकहरूमा उत्साह भरिएको थियो। यस कारणले शत्रुका सैनिकले सिमाना पार नगर्दै इलामपट्टि रहेका ५०० सैनिक लिएर काजी बहादुर भण्डारीले रातको समय पारी तुरुन्त आक्रमण गरिदिए। तर शत्रुलाई हटाउन नसकिने देखेर आधा घण्टापछि आफ्ना सैनिक फर्काए। दुवैपट्टि बहुतै कम सैनिक परे। यहाँपछि लेटरले नेपालभित्र घुस्ने उद्योग नगरी सुखिमका राजालाई आफ्ना पक्षमा मिलाउने उद्योगतिर मात्र लागिरहे। यस तरहसँग मोरङदेखि बुटवलसम्मका बाहिरी तराईमा शत्रुहरू नरहेका हुनाले त्यहाँ नेपाली शासन फेरि स्थापित भयो। यसै समयमा जैतकपट्टि बढेका शत्रुसैनिक हारेर हटेको समाचार आउँदा काठमाडौँका राजभवनमा १ सातासम्म हर्षका चिराँख बलिरहे।

९। यसरी जनवरीका आरम्भमा[७९] पर्सा, समनपुर आदिमा अङ्ग्रेजहरूको हार भए तापनि उनीहरूले कत्ति पनि हरेस खाएका थिएनन्। सैन्यबलका साथ घूसको बलको प्रयोग गर्ने उनीहरूको नीति थियो। भीमसेन थापाका दाहिने हात भएर रहेका रणध्वज थापा (अमरसिंह थापाका छोरा) लाई किनेर केन्द्रीय शासनलाई नै खलबल्याइदिने उनको मुख्य अठोट थियो। तर रणध्वज थापासँग घूसको सन्देश लैजान सक्ने भरोसिलो मानिस नपाउँदा सन्धिको कुरा मिलाउन सक्ने अर्का मानिस झिकाऊ भनी ब्राडशाले चन्द्रशेखर उपाध्यायसँग भने। भीमसेन थापाले तीन वर्षअगाडि अङ्ग्रेजहरूको गुप्तचर भन्ने ठहराएर गजराज मिश्रज्यूलाई निकाला गरिदिएका थिए तापनि उनले नेपालसरकारसँग सम्बन्ध तोडेका थिएनन्। भीमसेन थापाले यिनैलाई दूत गराएर पठाउने कुरा गर्दा ब्राडशाले मानेका पनि थिए।

अर्कोतिर ब्राडशाबाट सन्धिको काम नबन्ने देखेर रणध्वज थापाले बनारसमा रहेका अङ्ग्रेज दूत मिष्टर ब्रूसछेउ पण्डित वासुदेव उपाध्यायलाई पठाए। तर सिधासाधा कुरो लिएर तिनछेउ पुग्न नसक्दा भीमसेन थापा र रणध्वज थापाका फूटको सन्देश लिएर तिनलाई भेटे। राजसिंहासनमा गीर्वाण नै थामिएर मेरा परिवारले खाइपाई आएको सालको २४००० रुपियाँको जागीर र ३०००० रुपियाँ उठ्तीको बिर्ता पाए गीर्वाणलाई साथ लिई आत्मसमर्पण गर्दछु भन्ने रणध्वज थापाको सन्देश पेश गरे। यो सन्देश सुनेर अमरसिंह थापाले पनि आत्म-समर्पण गरे भने हुन्छ भनी माइराले मञ्जूरी दिए। तर महाकालीदेखि पश्चिमपट्टिका प्रदेशहरू नेपाल राज्यमा

७८. माघका शुरुतिर। ७९. पौषका उत्तरार्धमा।

रहनेछैनन् भन्ने र त्यस नदीदेखि पूर्वपट्टिका प्रदेशहरूमा पनि अङ्ग्रेजसरकारसँग मिलेका राजाहरूको जमीन फिर्ता दिनुपर्ने भएमा दिइनेछ भन्नेसमेत माइराका शर्त थिए । यो पछिल्लो शर्त सुखिमलाई ताकेर भनिएको थियो। यस कुराको सूचना तिनले २९ दिसम्बरका दिन[८०] अमरसिंह थापासँग लडिरहेका सेनापति अक्टरलोनीलाई र ब्राडशालाई पनि पठाए । बनारसबाट वासुदेव उपाध्याय फर्केर २३ जनवरीका दिन[८१] भेसवा भन्ने ठाउँमा भेट गरी ब्राडशासँग २ दिन बसेर काठमाडौंमा आए । यिनी गीर्वाणका भाकाबाट माइराका नाममा र भीमसेन थापा तथा रणध्वज थापाका नामबाट ब्रूसका नाममा पत्र लिएर फरवरीका आरम्भमा[८२] काठमाडौंबाट हिंडे । ती पत्रहरूमा न्यायपूर्वक सन्धि होओस् भन्ने कुरा मात्र लेखिएको थियो । रणध्वज थापाले विश्वासघात गर्ने कुराको गन्ध पनि थिएन । यस तरहबाट रणध्वज थापालाई किन्ने अङ्ग्रेजहरूको उमेद माटोमा मिल्यो । महाकालीदेखि पश्चिमपट्टिका कुमाउँ आदि प्रदेश दखल गरी त्यसदेखि पूर्वपट्टिका भागमा मात्र नेपाल राज्य कायम रहन दिने अङ्ग्रेजहरूको अठोट रहेछ भन्ने कुरा वासुदेव उपाध्यायबाट भीमसेन थापाले थाहा पाए ।

१० । उता नाहनमा रहेका अङ्ग्रेज सेनापति मार्टिण्डेलले पूरा एक महीनासम्म लडाइँ रोकेर सिरमोरका रैतीलाई नेपालसरकारका विरुद्ध भड्काउने काम गरिरहे । राजा कर्मप्रकाश निकालिंदा यी रैतीहरूको मन दुखिरहेको हुनाले र अङ्ग्रेजहरूले कर्मप्रकाशका छोरा फत्यप्रकाशलाई राजा गराई अनेक सुविधा दिने प्रतिज्ञा गरेका हुनाले रैतीहरूले नेपालसरकारको पक्ष छोडिदिए । यी रैतीले बाधा दिंदा श्रीनगर र आर्कीतिरबाट जैतकमा गोरखाली सैनिक आउने बाटाघाटा रोकिए । यो अवस्था पारेर मार्टिण्डेलले २ फरवरीका दिन[८३] कालो टिप्पाबाट २ मील[८४] फरकमा रहेका नौनी भन्ने टिप्पाका आडमा आक्रमण गर्नालाई मेजर केलीलाई पठाए । यिनले यस आडमा घेरा दिइरहेका चौथा दिनमा मेजर लड्लो पनि गुहार दिन पुगे । गोरखालीले आड मजबूत गर्नाका निमित्त कालो टिप्पामा रहेका सैनिक पनि नौनीमा झिकाउँदा लड्लो फर्केर कालो टिप्पातिर लागे । यस समयमा यस टिप्पामा केवल २५ जना गोरखाली सैनिक बाँकी रहेका हुनाले यी अडिन नसकी हटिदिंदा लड्लोले सजिलैसँग यो टिप्पा दखल गरी अघिका हारको कलङ्क धोए । मेजर केलीले भने नौनीको घेरा उठाए ।

नौनीमा शत्रुको घेरा पर्नेबित्तिकै रणजोर थापाले श्रीनगरमा रहेका काजी बखतवारसिंह बस्न्यातसँग गुहार मागेका थिए । श्रीनगरमा रहेका सैनिकलाई अलमोडातिर पठाउनुपरेको हुनाले बखतवारसिंह बस्न्यातले जयन्तगढमा रहेका बलभद्र राणालाई ४०० गोरखाली सैनिकका साथ जैतकतिर खटाए । आर्कीबाट त्यति नै सैनिक लिई अजम्बर पन्थ आए । बलभद्र राणा जाँदा सिरमोरका कृष्णसिंहले १२०० बेतालीमी सैनिक लिएर टियूस नदीका किनारामा रोके । लडाइँमा यी शत्रुलाई हराई बलभद्र राणा जैतक दाखिल भए । यस लडाइँमा शत्रुका ४५० र गोरखाली ६० जति सैनिक परे । बाह्रठकुराइका १४०० बेतालीमी सैनिक लिएर चिनालगढमा लेफ्टेन योंग बसेका थिए । अजम्बर पन्थ आउँदा चिनालगढ बाटैमा परेको हुनाले २१ फरवरीका[८५] रातमा आक्रमण गरी शत्रुलाई छिन्नभिन्न पारे । यस लडाइँमा शत्रुका १८० सैनिक परे, १०० घायल र धेरै बेपत्ता भए । अजम्बर पन्थ र बलभद्र राणा जैतकमा पुग्दा बाटा खुला भएर श्रीनगरदेखि आर्कीसम्म आवतजावत खुल्यो ।

११ । पर्सा र समनपुरमा आफ्ना सैनिकहरू बडो बेइज्जतीसँग काटिएका हुनाले सेनापति मार्लेले रामनगरमा छाउनी जमाएर ५००० भन्दा ज्यादा थप सैनिक मगाएका थिए । तैपनि नेपालका सिमानाभित्र

---

८०. पौष १७ गते । ८१. माघ १२ गते । ८२. माघको चौथो हप्तामा । ८३. माघ २२ गते । ८४. पौने १ कोस जति । ८५. फाल्गुन १२ गतेका ।

पस्न नसकी १० फरवरीका दिन[८६] सूर्योदय नहुँदैमा एक्लै भागेर यी नालायक सेनापतिले छाउनी छोडिदिए। गोरखाली सैनिकहरू पनि पर्सा, बारा र समनपुरबाट समेत हटेर चुरेपहाडमा आड बनाएर बसेका थिए। २० फरवरीका दिन[८७] मार्लेका बदलामा जनरल जार्ज ऊड सेनापति भएर आए। यी आइनपुग्दै कर्णेल डीकले केही सैनिकका साथ त्यसै दिन लेफ्टेन पिकार्सगिललाई बञ्जरिया (बारा जिल्ला) मा पठाए। त्यहाँबाट ९ मील[८८] उत्तरपट्टि जङ्गलभित्र एक आड बनाई सर्दार भवानीदत्त थापा (मगर) रहेका थिए। रणवीरसिंह थापाले पिकार्सगिललाई हटाउन भनी ५०० सैनिकका साथ तिनलाई खटाए। २२ फरवरीका दिन[८९] तिनले बञ्जरियामा आक्रमण गर्दा शत्रुसेनाका मदतलाई ५०० रिसल्ला आइपुगेका हुनाले सफल हुन नसकी हटे। यिनलाई शत्रुले दपेट्दा हट्दै हट्दै चुरेका भञ्ज्याङमा अडिएर लडे। यस लडाइँमा भवानीदत्त थापा खेत रहे, २५० जति गोरखाली सैनिक हताहत भए। चुरे पार गरी भित्र पस्ने आँट गर्न नसकेर पिकार्सगिल पनि बञ्जरियामा फर्के। तर गोरखालीका बडा सैन्यबाट घेरिने डर भएर जार्ज ऊडले यिनलाई रामनगरमा झिकाए। पिकार्सगिल फर्केपछि औलाको मौसम आएको हुनाले यस मौसममा शत्रु आउन नसक्ने देखी रणवीरसिंह थापाले आफ्ना सैनिकहरूलाई फरवरीका मध्यमा[९०] मकवानपुरमा ल्याई राखे, ७ मार्चका दिन[९१] आफू पनि काठमाडौँमा आए।

गोरखाली सैनिक चुरे पार भएको खबर सुनेपछि जार्ज ऊडले औलाको परवाह नगरी ३ मार्चका दिन[९२] कर्णेल ओहेरानलाई बञ्जरियामा पठाए, ७ मार्चका दिन[९३] आफ्ना तोप र सैनिकको बडो भाग बारा जिल्लामा ल्याए, कर्णेल ग्रेगरीलाई जनकपुरमा पठाई महोत्तरीसम्मका बाहिरी तराईमा पूरा अधिकार जमाए। यसको असर सप्तरी र मोरङमा समेत परेर त्यहाँका बाजीहरू अङग्रेजका पक्षमा गई नेपालसरकारका शासनव्यवस्थालाई फेरि खलबल्याइदिए।

१२। जैतकपट्टि फरवरीमा[९४] बलभद्र राणा र अजम्बर पन्थले बाटो खुलाई किल्लाका रक्षाको प्रबन्ध मिलाएका थिए तापनि मार्चमा[९५] कुमाउँ र बाह्रठकुराइपट्टि लडाइँले जोर पक्रेको हुनाले सिरमोरमा फेरि बगावत फैलियो, बाटाघाटा बन्द भई रसद आउन पनि रोकियो। यस मौकामा सेनापति मार्टिण्डेलले मेजर रिचार्डलाई अघिका हारको कलङ्क धुनाका निमित्त २ अप्रिलका दिन[९६] नौनीमा आक्रमण गर्न पठाए। यिनसँग मुकाबिला गर्नाका निमित्त रणजोर थापाले ८०० जति सैनिकका साथ अजम्बर पन्थलाई खटाए। २ दिनसम्म लडाइँ चलिरह्यो। अजम्बर पन्थ पक्रिएर शत्रुका कैदमा पुगे। गोरखाली सैनिक पनि निकै नोक्सान भएर नौनी छोडिदिए। शत्रुले नौनीका टिप्पामा तोप चढाएर जैतकका किल्लामा गोलाबारी गर्ने अटोट गरे। तर तोपका गोला किल्लासम्म पुग्न सकेनन्। रेनकापट्टिबाट पनि जैतकमा शत्रुसैनिकले आक्रमण गरे। लडाइँमा बलभद्र राणा घायल भई जैतकमा फिरे। शत्रु पनि रेनकाबाट अगाडि बढ्न सकेनन्। १५ अप्रिलसम्ममा[९७] १२०० जति तालीमी र ५०० जति बेतालीमी गोरखाली सैनिक सिरमोरपट्टि बचिरहेका थिए। यति सैन्यबलले शत्रुलाई हटाउन असम्भव थियो। गोलीगट्ठा र रसद पनि खतम हुँदै आएको थियो। कुमाउँ वा बाह्रठकुराइबाट सहायता आउने आशा पनि कम भएको हुनाले हवास गुम भएर रणजोर थापा जैतकमा बसिरहे।

बुटवलका जितगढीमा हार खाएर फर्केका सेनापति टी. ऊडले ३॥ महीना बाँसीमा बिताई अप्रिलको

---

८६. फाल्गुन १ गते। ८७. फाल्गुन ११ गते। ८८. क्रण्डै ४ कोस। ८९. फाल्गुन १३ गते। ९०. फाल्गुनका शुरूमा। ९१. फाल्गुन २६ गते। ९२. फाल्गुन २२ गते। ९३. फाल्गुन २६ गते। ९४. फाल्गुनमा। ९५. चैत्रमा। ९६. चैत्र २२ गते। ९७. वि. सं. १८७२ वैशाख ५ गतेसम्म।

मध्य[९८] भएपछि बुटवलतिर कदम बढाए, १५ अप्रिलका दिन[९९] बुटवलगढीनेरै कुसुमघाटमा सैन्य ल्याएर छाउनी कायम गरे। गढी र छाउनीका बीचमा तिनाउ नदी थियो। अप्रिलका दिन[१००] नदीपारबाटै गढीमा शत्रुका तोपका गोला चले। गढीमा कुमेदान कृपाशूर थापाका साथ २०० गोरखाली सैनिक थिए। तिनले शत्रुलाई केही जवाफ नदिंदा शत्रुसैनिक सानासाना टोलीमा बाँडिएर नदी तरी गढी दखल गर्न आए। गढीका ढोकामा पुगेका पहिला टोलीलाई कृपाशूर थापाले जोरसँग आक्रमण गरी प्रायः सबैलाई खतम पारे। यो हालत देखी अरू टोली पनि फर्केर गए। यसतर्फ गोरखालीलाई जित्न असाध्य देखी टी. ऊडले जम्मै सैन्य हटाएर गोरखपुरका छाउनीमा लगे।

□

## एकतीसौँ परिच्छेद

# अङ्ग्रेजसँगको युद्ध (२)
# गोरखाली सेनाले रोक्न नसकेका आक्रमणहरू
## ( ई. सं. १८१४–१८१५ )[१०१]

१। बाह्रठकुराइका पूर्व भागका सिरमोर जिल्लाका रक्षाको प्रबन्ध रणजोर थापाका जिम्मामा छोडेर पश्चिम भागका हण्डूर, कहलूर र अरू सानासाना ठकुराइका रक्षाको भार स्वयं अमरसिंह थापाले लिएका थिए। यिनका साथ आर्कीमा १००० गोरखाली सैनिक थिए। यी सैनिक अत्यन्त लडाका छन् भन्ने पञ्जाबभरमा फैलिएको थियो। यीबाहेक अरू पहाडी किल्लाहरूमा काजी अजम्बर पन्थ, कप्तान भक्ति थापा, सर्दार घमण्ड थापा आदि सेनानायकहरूका साथ २५०० सैनिक रहेका थिए। कहलूरका राजा महाचन्दले ५०० सैनिक सहायताका निमित्त तयार राखेका थिए। हण्डूरका भूतपूर्व राजा रामशरणसिंह सेनापति अक्टरलोनीका साथमा गइरहेका हुनाले हण्डूरमा नै शत्रुको पहिला आक्रमण हुने निश्चय थियो। यस कारणले बर्षाद सकिनेबित्तिकै त्यहाँका किल्लाहरू मरम्मत गरी किल्ला भत्केका ठाउँमा र अन्यत्र पनि अनेक आड बनाइराखेका थिए। सिवालिकका सिलसिलाका नालागढमा एक किल्ला र डेढ मील[१०२] फरकमा तारागढको आड थियो। महाभारतका सिलसिलामा मलाउँनामक पहाडमा राजगढ भन्ने मुख्य किल्ला थियो। यस ठाउँबाट उत्तरपूर्वपट्टि आर्की र उत्तरपश्चिमपट्टि कहलूरको राजधानी विलासपुर थियो। सिवालिक र महाभारतका बीचमा होचा पहाडको अर्को सिलसिला पनि थियो। त्यहाँ ४ मीलका[१०३] अन्तरमा रामगढ र जुरजुरी भन्ने २ किल्ला थिए। पछिल्लो

९८. वैशाखको शुरू। ९९. वैशाख ५ गते। १००. वैशाखमा (मूलमा यहाँ तारीखको लागि ठाउँ छोडिएको छ।) १०१. वि. सं. १८७१–१८७२। १०२. आधा कोस जति। १०३. पौने २ कोसका।

किल्ला भत्केको हुनाले त्यहाँदेखि रामगढसम्म अमरसिंह थापाले अनेक आड बनाइरहेका थिए । शत्रुलाई त्यहीं ल्याएर संहार गरिदिने तिनको मुराद थियो, यस कारणले महाभारतदेखि उत्तरपट्टिका किल्लाहरूमा एक एक सुबेदारका साथ जम्मा ५०० जति सैनिक छोडेर अरू सैनिक हण्डूरका किल्ला र आडहरूमा ल्याइराखेका थिए ।

अक्टरलोनीलाई पनि नेपालमा आक्रमण गर्न हतार लागेको हुनाले मेरठबाट १२ तोप र ६००० सैनिक लिई युद्धघोषणा नहुँदै सतलजका जलमार्गबाट हण्डूरका दक्षिणपश्चिम किनाराबाट ६ मील[१०४] पूर्वपट्टि प्लासिया भन्ने गाउँमा ३१ अक्तूबरका दिन[१०५] उत्रे । यताबाट ४ मील[१०६] पूर्वपट्टि नालागढ थियो । भोलिपल्ट कर्णेल टामसनले नालागढ र तारागढका आसपासका ठाउँहरू दखल गरी आवतजावत रोकिदिए । यसै दिनदेखि १ तोपसमेत लगेर नालागढ घेरी चौथा दिन बिहानदेखि २४ घण्टासम्म तोप र बन्दूक चलाइराखे । किल्लाभित्र सुबेदार चामु रानाका साथ १ कम्पनी सैनिक मात्र थिए । यिनले शत्रुलाई गोलीले जवाफ दिँदै रहे तापनि तोपका मारबाट किल्ला बच्न असाध्य देखेर ५ नवम्बरका[१०७] बिहान ९० जना सैनिकका साथ आत्मसमर्पण गरे । यिनीहरूलाई हात लिनाका निमित्त अक्टरलोनीले "तिमीहरू कैदमा रहे तापनि नेल लाउनु र बाटो खन्ने काम गर्नु पर्दैन, हलुका काम गरी आरामसँग बसौला" भन्ने कबोल गरेका थिए । तारागढका सैनिकलाई पनि आत्मसमर्पण गराउने चामु रानाको कबोल थियो । तर नालागढ पतन भएको खबर सुन्नासाथ त्यहाँका एक कम्पनी सैनिक हटेर रामगढमा पुगे । नालागढका लडाइँमा दुवै पक्षका गरी ५।६ जना मात्र हताहत भएका थिए ।

२ । अक्टरलोनीका साथ नालागढमा पुराना राजा रामशरणसिंह आउँदा हण्डूरका रैतीहरू उनका पक्षतिर लाग्न थाले । रामगढ र जुरजुरीका आडपट्टि हाम्रो सैन्य तानेर त्यहाँका खोँचहरूमा पारी संहार गरिदिने अमरसिंह थापाको अठोट छ भन्ने कुरा अक्टरलोनीले ताडिसकेका थिए । यस कारणले सोझै रामगढ वा जुरजुरीतिर नलागी बायाँपट्टिबाट फेरो मारेर रामगढका पल्लापट्टि पुग्ने गरी नालागढदेखि नोरीसम्म बाटो बनाउन थाले । रामशरणसिंहले आफ्नो धन लगाई आफ्नै रैती उठाई तोप लैजानलाई हात्ती हिँड्न सक्ने फराक बाटो बनाइदिए । १३ नवम्बरका दिन[१०८] सैनिकका एक दलका साथ अक्टरलोनीले टामसनलाई नोरीमा पठाए, २४ नवम्बरका दिन[१०९] बाँकी सैनिक लिएर आफू पनि पुगे ।

रामगढदेखि जुरजुरीसम्मका आडहरूका मुहुडा छली पीठपट्टि शत्रुसैनिक पुगेका हुनाले अमरसिंह थापाले उतैपट्टि पनि आडहरू बनाई सैनिकहरू र ठाउँ मिलाई तयार राखे । एउटा आडका नजीकमा तोप लगेर जड्नालाई ठाउँ खोज्न भनी थोरै सैनिक लिएर लेफ्टेन लौटी गए, आडका ३०० गज फरकमा पुग्दा आडभित्रबाट गोरखाली सैनिकले गोली बर्साएर भगाइदिए । लौटीका मदतलाई सानो सैनिकको दल लिएर लेफ्टेन विलियम जाँदा रामशहर भन्ने ठाउँमा गोरखाली सैनिकले आक्रमण गरी ती लेफ्टेनका साथ ४२ जना सैनिकलाई मारी ३४ जनालाई घायल गराई अरूलाई भगाइदिए (२७ नवम्बर)[११०] । सजिलैसँग रामगढको किल्ला र यी आडहरू दखल नहुने देखेर अक्टरलोनीले थप सैन्य मगाएर बाह्रठकुराइका सानासाना राजाहरूलाई र रैतीलाई समेत आफ्ना पक्षमा मिलाउने काम गर्दै रहे ।

३ । पुगनपुग एक महीना पर्खेपछि अक्टरलोनीका मदतलाई दिल्लीबाट २ तोप र ११०० सैनिक आइपुगे । यसै बीचमा नालापानी र देहरादूनका तराईबाट गोरखाली हटेको खबर तिनले पाए । दिसम्बरका आखिरमा[१११]

---

१०४. अढाइ कोस जति । १०५. वि. सं. १८७१ कार्तिक १७ गते । १०६. पौने २ कोस । १०७. कार्तिक २२ गतेका । १०८. कार्तिक ३० गते । १०९. मार्ग ११ गते । ११०. मार्ग १४ गते । १११. पौषका मध्यमा ।

नाहनमा पुगेका अङ्ग्रेजी सैनिकले जैतकपट्टि आक्रमण गर्ने खबर पनि पाएका हुनाले यिनले रामगढ र जुरजुरी आदिका आड घेरा दिनालाई देवुमा अधिकार गर्ने अठोट गरे। देवु भन्ने पहाड रामगढ र मलाउँका बीचमा थियो। यस पहाडका टिप्पानेर २५० सैनिक लिएर सर्दार भीमसिंह थापा रहेका थिए। अक्टरलोनीले २७ दिसम्बरका[११२] जुनेली रातमा कर्णेल टामसनलाई त्यो आड दखल गर्न पठाए। टामसनले रातैमा तोपका गोला चलाए तापनि आडको केही नोक्सान गर्न नसकी दिनभर पाल टाँगेर त्यहीँ अडिए। २९ दिसम्बरका[११३] बिहान भीमसिंह थापाले टामसनका सैनिकउपर आक्रमण गरी हारेर आड छोडिदिए। यस लडाइँमा शत्रुका केवल १२ जना सिपाही मरे, ४८ जना घायल भए; गोरखालीपट्टि १५० जना जति सिपाही ठहरै भए। नाहनतिरबाट आर्की जाने मूलबाटानेरै देवु परेको हुनाले गोरखालीको सामान ओसार्ने यो बाटो थुनियो।

भीमसेन थापासँग अमरसिंह थापा असन्तुष्ट छन् भन्ने अङ्ग्रेजहरूलाई भ्रम परिरहेको हुनाले यिनलाई घूस दिएर आफूसँग मिलाउने अठोट माइराले गरेका थिए; हण्डूरबाहेक बाँकी बाह्रठकुराइरियासतहरू दिने कबोल गरेर तिनलाई आफ्ना पक्षमा ल्याउनू भन्ने दिल्लीका स्थायी दूत सर चार्ल्स मेटकाफलाई लेखी अक्टरलोनीलाई पनि सूचना दिएका थिए। यो गुप्त सन्देश सुनाउनाको लागि नवम्बरमा[११४] मेटकाफले मेल गर्ने कुरा गरेर रणजोर थापालाई दिल्लीमा बोलाउँदा अमरसिंह थापाले कुरा नबुझी रोकेका थिए। दिसम्बरमा[११५] रणध्वज थापाको सन्देश भनेर फटाहा वासुदेव उपाध्यायले ३०००० रुपियाँ उठ्ती हुने बिर्ता र २४००० रुपियाँ वार्षिक जागीरको शर्त लिई बनारसमा पुगेको खबर पाएपछि यही शर्त कबोल गरी अमरसिंह थापालाई हात लिनू भनेर माइराले मेटकाफलाई लेख्ता रणजोर थापालाई बोलाउने विफल प्रयत्न मेटकाफले गरे। आखिरमा अक्टरलोनी-द्वारै अमरसिंह थापालाई यो घूसको सन्देश पठाउन लगाए। अक्टरलोनीले देवुको लडाइँ भएकै समयमा अमरसिंह थापाको दिल छाम्न पत्र लेख्ता उत्तरमा मेलो केही नपाएर जनवरीका आरम्भमा[११६] स्पष्ट बेहोरा खोलेर लेखे। यस नीच प्रस्तावलाई अमरसिंह थापाले लत्याएर जवाफ दिई तिनसँग चिठीपत्र नै बन्द गरिदिए।

४। युद्धको उठान हुँदैमा कुमाउँगढवालसमेत दखल गर्ने माइराको अठोट थियो। तर अरू पाँचतिरबाट सैन्य पठाउनुपरेको हुनाले सैनिक जगेरा नहुँदा झुट्टा प्रचार र घूसपेशद्वारा त्यहाँका रैतीलाई नेपालसरकारका विरुद्ध गराई आफ्ना पक्षमा ल्याउने उद्योग गरे। यस कामका निमित्त दिल्लीमा रहेका सहस्थायिदूत सर एडवार्ड गार्डनरलाई मुरादाबादमा बोलाई त्यहीँ रहेका डाक्टर रदरफोर्डलाई तिनका सहायक बनाइदिए। यी डाक्टर वैद्यकाममा रहेका हुनाले कुमाउँका बडादमीहरूसँग खूब परिचय थियो। यस कारणले यिनै परिचित मानिसद्वारा यिनले कुमाउँमा झुट्टा प्रचार गर्न सुबिस्ता पाए, रणबहादुर शाहका समयमा कुमाउँका बासिन्दाउपर गोरखाली सैन्यद्वारा जो अन्याय हुने गरेको थियो, त्यसलाई बम शाहले हटाइदिएका थिए तापनि त्यहाँका बासिन्दाले ८।१० वर्षअगाडिसम्म भइरहेका अन्यायलाई भुलेका थिएनन्, यस अवस्थामा गवर्नर जनरलका भाषाबाट एक घोषणापत्र तयार गरी हजारौँ प्रति गुप्त रीतिले कुमाउँमा बाँडिदिए। यसमा "गोरखालीले तिमीहरूका उपर यस्तो यस्तो अत्याचार गरेका हुनाले तिमीहरूको उद्धार गर्नालाई हामीहरू अघि सर्ने भएका छौँ, तिमीहरूलाई यस यस तरहसँग सुबिस्ता र लाभ गराउँछौँ, नेपालसरकारको पक्ष छोडेर युद्धमा हाम्रो साथ देऊ" भन्ने अनेक गफ भरिएको थियो। यस कारणले यस घोषणाको प्रचार हुनेबित्तिकै कुमाउँका बासिन्दाहरूले नेपालसरकारको विरोध गर्न थाले। यस घोषणापछि कुमाउँमा शत्रुको आक्रमण हुने देखेर बम शाहले सिमानाका किल्लाहरू

११२. पौष १५ गतेका। ११३. पौष १७ गतेका। ११४. मार्गमा। ११५. पौषमा।
११६. पौषका उत्तरार्धमा।

मरम्मत गर्न थाले, डोटीका किल्लाहरू मरम्मत गर्नाका निमित्त हस्तदल शाहलाई पत्र लेखे, कुमाउँमा रहेका २ हजार सैनिकमध्ये एक हजार सैनिक सिमानाका किल्लाहरूमा राखेका थिए, अलमोडामा रहेका एक हजार सैनिकले शत्रुलाई रोक्न कठिन हुँदा ५०० जति रुहेला पठानको एक दल भर्ना गरी रुद्रपुरका जमीनदार शाह वली खानलाई सिमानाका किल्लाहरू रक्षा गर्ने भार सौंपे। तर अङ्ग्रेजी राज्यमा रहने कुनै मानिसले पनि नेपाल-सरकारको नोकरी नगर्नू भन्ने माइराको आज्ञा जारी हुँदा शाह वली खानले नेपालसरकारको पक्ष छोडे। भर्ना भएका पठान सैनिक पनि हटेर गए।

कुमाउँमा घोषणा प्रकाशित नहुँदै एडवार्ड गार्डनरले बम शाहलाई कुमाउँमा र हस्तदल शाहलाई डोटीमा प्रशस्त बिर्ता दिलाउने कबोल गरेर एक गुप्त दूत बम शाहछेउ पठाए। "अङ्ग्रेजसँग लडेर कुनै भारतीय राजाको जित हुन सकेको छैन, तपाईंले पनि जित्ने आशा छैन, अवसर नचुकी हामीसँग मिलेर प्रशस्त बिर्ता लिनुहोस्" भन्ने गवर्नर जनरल माइराको सन्देश सुनाए। तर बम शाहले टार्ने किसिमको उत्तर दिई दूतलाई फर्काए। यसपछि माइराले कर्णेल गार्डनरलाई काशीपुरमा बसी ३००० र कप्तान हियर्सीलाई पीलीभीतमा बसी १५०० सिकारु सैनिक भर्ना गर्नू भन्ने आज्ञा दिए। जनवरीका आरम्भमा[११७] एडवार्ड गार्डनर काशीपुरमा सरेर बम शाहलाई हात लिने भनी पत्र लेखे। भीमसेन थापासँग बम शाह चिढिएका हुनाले हात आउलान् भन्ने यिनले भरोसा लिएका थिए। तर बम शाहले यिनलाई पत्रको उत्तर नदिई गवर्नर जनरलका... मिष्टर कोलबूजलाई यस बेहोराको पत्र लेखे— "म आफ्नो सरकारसँग कदापि विश्वासघात गर्दिनँ, आफ्नो कर्तव्य पालन गर्न सदा तत्पर रहन्छु, अङ्ग्रेजसरकारले घूसद्वारा गोरखालीलाई जित्ने आशा छोडी लडाइँका मैदानमा खडा हुन उचित होला।" यस तरहका लेखापढीमा जनवरी महीना[११८] बित्यो। बम शाहले काठमाडौंबाट धन, सैनिक र हतियारको सहायता आओस् भनी भीमसेन थापालाई पत्र लेखे। गार्डनर र हियर्सीले तोकिएबमोजिम सिकारु सैनिक भर्ना गरे। यिनमा ज्यादा पठान थिए।

५। हण्डूरपट्टि देबुमा शत्रुको अधिकार भए तापनि अमरसिंह थापाले हरेस नखाई अक्टरलोनीलाई खरा जवाफ दिएका थिए, तर शत्रुको भन्दा आफ्नो सैन्यबल र धनसमेत ज्यादै कम भएको हुनाले सैनिक र धन थप पाऊँ भनी काठमाडौंमा भीमसेन थापाछेउ प्रार्थना गरिपठाए, सैन्यबलका कमीले शत्रुसैनिक रहेका ठाउँमा आक्रमण गर्न नसके तापनि शत्रुसैनिकले आक्रमण गरेमा तहसनहस पारिदिने उमेद लिई रामगढमा अडिएर रहे। अक्टरलोनी झन् होशियार थिए, देबु दखल भएपछि गोरखालीको गतिविधि जान्न सजिलो भयो र रामगढतिर वास्ता नगरी महाभारतका मलाउँपहाडमा रहेका राजगढ आदि किल्लाहरूलाई २ तिरबाट फेरो मारेर पहाड-खण्डमा आफ्ना सैनिक घुसाउने तजबीज गरे। रामगढबाट आर्की जाने जो बाटो थियो, त्यसैलाई पक्री १६ जनवरीका दिन[११९] नोरी छोडी केही सैनिक र तोपसमेत लिई महाभारतको भञ्ज्याङ नाघेर वल्लापट्टि पहाड-खण्डमा आइपुगे। यी त्यहाँ आइपुग्दा आर्कीबाट राजगढमा जाने मूलबाटो टम्म थुनियो। यस कारणले अमरसिंह *थापाले बिस्तार* बिस्तार गरी रामगढ र जुरजुरीतिरका आडमा रहेका सैनिकहरू जनवरीका आखिरसम्ममा[१२०] राजगढतिर लगी आडहरू बनाउन थाले।

आर्कीतिरबाट आवतजावत गर्ने बाटो थुनिए तापनि कहलूरका राजा महाचन्दले नेपालसरकारको आश्रय

---

११७. पौषका मध्यमा। ११८. माघको मध्य। ११९. माघ ५ गते। १२०. माघका मध्यसम्म।

नछोडेका हुनाले बिलासपुरतिरबाट राजगढपट्टि रसद आउँदै रह्यो । यस कारणले यो मूलबाटो थुन्न भनी अक्टरलोनीले २००० बेतालीमी सैनिकका साथ बिलासपुरतिर जानू भनी लेफ्टेन रोसलाई खटाए । यिनले पनालीनामक एक टिप्पामा मुकाम गरी त्यहीँनेर एक आड बनाई बसेका हण्डूरका दिवानका साथमा रहेका ५०० सैनिकमाथि आक्रमण गरेर छिन्नभिन्न पारे । यो खबर सुनेर महाचन्द सतलज पार भए । अमरसिंह थापासँग नआई अन्यत्र जानु नेपालसरकारको पक्ष छोड्नु थियो । नोरीतिरबाट केही सैनिक लिई ३१ जनवरीका दिन[121] कर्णेल अर्नाल्ड बिलासपुरतिर लागेर चौथा दिन त्यहीँ पुगे, अक्टरलोनीका आज्ञाअनुसार महाचन्दलाई बोलाएर आफ्ना पक्षमा मिलाई उनको रियासत फिर्ता दिए । बिलासपुर पनि शत्रुका हातमा गएपछि गोरखाली सैनिकलाई रसदको कष्ट हुन थाल्यो । पाँच वर्षपहिले आफ्ना मित्र बनिरहेका राजा कर्मप्रकाशउपर अलिकति शङ्का देखेर अमरसिंह थापाले उनलाई निकाली सिरमोरको रियासत हडप गरेर शत्रु बढाएका थिए । यस युद्धकालमा अक्टरलोनीले शत्रुको पक्ष लिई लडेर भागेका महाचन्दलाई उनको रियासत फिर्ता दिई मित्र बनाए । यस्तै मौका हेरेर काम गर्नाले अङ्ग्रेजहरू सफल हुन्थे ।

६ । फरवरीका आरम्भसम्ममा[122] अङ्ग्रेज अफिसरहरूले कुमाउँमा आक्रमण गर्नालाई तोकिएबमोजिमका बेतालीमी सैनिक भर्ना गरिसकेका थिए । पश्चिमपट्टिबाट आक्रमण गर्नालाई ३००० सैनिक लिएर १३ फरवरीका दिन[123] नेपालका सिमानाभित्र पसी कर्णेल गार्डनरले सिवालिकको चिलकियाभञ्ज्याङ पार गरे । साथमा एडवार्ड गार्डनर पनि थिए । यस समयमा गढवालका रक्षक भएर सर्दार अङ्गद थापा श्रीनगरमा रहेका थिए । तिनका मदतका निमित्त २५० जति सैनिकका साथ जुम्लाका हाकिम बखतवारसिंह बस्न्यातलाई भीमसेन थापाले खटाएका थिए । अङ्गद थापाले कुमाउँका तराईमा शत्रु घुसेको खबर सुनेर बखतवारसिंह बस्न्यात र जुम्लाका सैनिकहरूलाई श्रीनगरमा छोडे, आफ्ना साथ रहेका ८०० गोरखाली सैनिक र २ तोप लिई शत्रुलाई रोक्न भनी भुजानतिर लागे । कुमाउँका तराईमा ढिकुली र कोटागढमा आड बनाई एक एक सय गोरखाली सैनिक रहेका थिए । शत्रुको जमात ठूलो देखेर ती आडहरू त्यसै छोडेर महाभारतका भञ्ज्याङमा रहेका टङ्गुरा र लोगली भन्ने आडमा रहेका सैनिकसँग मिले । १९ फरवरीका[124] साँझमा शत्रुसँग मामूली बन्दूकी लडाइँ गरेर गोरखाली सैनिकहरू ती आडहरू पनि छोडी भुजानमा अङ्गद थापासँग मिलन आए । भुजानमा अङ्गद थापा आएको खबर पाई गार्डनरले त्यसतर्फको मूलबाटो छोडी पूर्वतिर लागेर २४ फरवरीका[125] रातमा ६४ सय फुट[126] अग्ला चौमुखिया भन्ने पहाडमा अधिकार जमाएर सैनिक र सामान चढाए । चौमुखियाबाट शत्रु अगाडि बढ्न रोकियोस् भनेर अङ्गद थापाले पनि भुजानबाट अगाडि गई २८ फरवरीका दिन[127] रानीखेतनेरका कुमपुर भन्ने ६ हजार फुट[128] अग्ला डाँडामा आफ्ना सैनिक र सामान चढाए । पछाडि सैनिक छोड्दै आएका हुनाले चौमुखियामा गार्डनरका साथ २००० सैनिक मात्र पुगेका थिए । अङ्गद थापाका साथ १००० सैनिक कुमपुरमा जम्मा भए । तैपनि एउटाले अर्कामाथि आक्रमण गर्न नसकी २२ दिनसम्म पर्खिरहे ।

कुमाउँका पूर्व भागबाट आक्रमण गर्न खटिएका कप्तान हियर्सी पनि १३ फरवरीका दिन[129] १५०० बेतालीमी सैनिकका साथ नेपालका सिमानाभित्र पसी बिलारीमा मुकाम गरे । यिनका साथ कुमाउँका छेद हर्षदेव जोशी पनि थिए । यिनले आफ्ना भाकाबाट गोरखालीका विरुद्धमा अङ्ग्रेजहरूको गुण गाएर नातादारहरूद्वारा

---

१२१. माघ २० गते । १२२. माघका उत्तरार्धसम्म । १२३. फाल्गुन ४ गते । १२४. फाल्गुन १० गतेका । १२५. फाल्गुन १५ गतेका । १२६. ४२६६ हात जति । १२७. फाल्गुन १९ गते । १२८. ४००० हात । १२९. फाल्गुन ४ गते ।

पर्चा बाँडिदिए । यसबाट कुमाउँका बासिन्दाहरूमा निकै असर परी गोरखालीका विरुद्ध बगावत शुरू भयो । यसै कारणले सिवालिकका गढीहरूमा रहेका जो थोरथोरै गोरखाली सैनिक थिए, ती हटेर चम्पावततिर लागे। अङ्ग्रेजी सैन्यका एक सुबेदार बहादुरसिंह चम्पावततिर आउँदा गोरखाली सुबेदार कालु दुराले २६ फरवरीका दिन[१३०] बरौली भन्ने गाउँमा रोके, तर लडाईंमा हारी साजसामान छोडी कोलगढमा गएका हुनाले २८ फरवरीका दिन[१३१] बहादुरसिंहले चम्पावत लिए । डोटीबाट गोरखाली सैनिक लिएर हस्तदल शाह आउने निश्चय देखेका हुनाले हियर्सीले महाकालीका साँगुहरू तोडी घाटहरूमा आफ्ना सैनिक पहरा राखे । हस्तदल शाहलाई डोटीमा नै रोकी राख्नाका निमित्त डोटीका भूतपूर्व राजा दीप शाहका छोरा पृथ्वीपति शाहलाई ५०० बेतालीभी सैनिक दिएर डोटीमा आक्रमण गर्न पठाई १३ मार्चका दिन[१३२] चम्पावतमा पुगे । १४ मार्चका दिन[१३३] पृथ्वीपति शाहले महाकालीवार आई ब्रह्मदेवमण्डीमा सैनिक उतारे । त्यहाँ १०० जति गोरखाली सैनिक थिए । तिनले आक्रमण गरी शत्रुलाई भगाए । लडाईंमा पृथ्वीपति शाह घायल भई तिनका एक काकाका साथ केही सैनिक खेत रहे । पृथ्वीपति शाह भागेर पीलीभीतमा पुग्दा डोटीमा आक्रमण गर्ने काम समाप्त भयो । कोटागढमा शत्रुको आक्रमण हुँदै रह्यो तापनि केवल १०० जना सैनिकका भरले कालु दुराले बचाइराखे।

७ । बाह्रठकुराइपट्टि बिलासपुरमा अधिकार जमेपछि शत्रुसैनिकले फरवरीका आरम्भमा[१३४] नै बिलासपुर र मलाउँका बीचमा परेका पहाडमा रहेका रत्नगढनामक किल्लामा अधिकार गरे । यो किल्ला कहलूरका राजा महाचन्दका अधीनमा थियो । उनी भागेपछि उनका सैनिकले त्यसै छोडिदिए । यसमा शत्रुको अधिकार भएपछि बिलासपुरबाट मलाउँपट्टि रसद र अरू सामानसमेत आउन रोकियो । यसै समयमा अक्टरलोनीले रामगढ र जुरजुरीका आड आडमा आक्रमण गर्नालाई केही सैनिकका साथ कप्तान वेब र लेफ्टेन लौटीलाई पठाए । यिनीहरूले १२ फरवरीका दिन[१३५] त्यहाँ घेरा दिए, १५ फरवरीका दिन[१३६] तोपका गोला पनि चलाए । एक एक सुबेदारका साथ रामगढमा १०० जना र जुरजुरीमा १६० जना गोरखाली सैनिक छोडी अरू सैनिकलाई अमरसिंह थापाले मलाउँका किल्लाहरूमा ल्याइसकेका थिए । यी २६० जनाले शत्रुलाई हटाउन असाध्य देखेर १६ फरवरी[१३७] बिहाउँदो रातमा किल्ला र आड छोडी मलाउँमा पुगे । शत्रुबाट घेरिएको झोंकमा अमरसिंह थापाले शत्रुसँग नलडेको अपराध लगाई ती दुइ सुबेदारको नाक काटिदिएका थिए । यो काम यिनको सारै अनुचित थियो।

शत्रुबाट घेरिंदै आए तापनि काठमाडौंबाट धन र सैनिकको सहायता आइपुग्ने आशाले धैर्य लिएर अमरसिंह थापाले पर्खिरहे । युद्धका आरम्भदेखि नै यिनले भीमसेन थापासँग धनजनको सहायता मागेका थिए, देबुका लडाइँपछि जोरसँग ताकिता गरे । यो खबर आइपुग्दा पर्सा, समनपुर र जितागढीका विजयले काठमाडौंमा हर्षबढाइँ चलिरहेको थियो । दोलखादेखि प्युठानासम्मका सारा नवयुवकलाई सिकारु सैनिकमा भर्ना गरेर रण-शिक्षा दिने काम चलिरहेको थियो । यस अवस्थामा ३१०० जति सैनिक अमरसिंह थापाका सहायतालाई खटाई जनवरीका मध्यदेखि[१३८] अलिअलि गरी दस बाह्र दिनमा भेरी पार गराउने प्रबन्ध मिलाए । काठमाडौंदेखि प्युठानासम्मका रैतीले दिलोज्यान दिई रसद भरिया तयार गर्ने गरेका थिए । प्रत्येक घरका ढिकीजाँता चलिरहेका थिए । खेतीपातीको मौसम नपरेको हुनाले अधबैंसेहरूले भरियाको काम दिइरहेका थिए । परन्तु सल्ल्यानादेखि डोटीसम्मका रैतीले रसद दिने नियमको उल्लङ्घन गरेका हुनाले रैतीलाई धरपकड गरी रसद र भरिया उठाउनु-

---

१३०. फाल्गुन १७ गते । १३१. फाल्गुन १९ गते । १३२. चैत्र २ गते । १३३. चैत्र ३ गते । १३४. माघका उत्तरार्धमा । १३५. फाल्गुन ३ गते । १३६. फाल्गुन ६ गते । १३७. फाल्गुन ७ गते । १३८. माघको शुरूदेखि ।

पर्दा ढिलाएर महाकाली पार भए, कुमाउँमा बगावतको लक्षण देखाई रैतीले रसद र भरिया दिन इन्कार गर्दा लूटलाट गरी रसद लिएर गढवालसम्म पुगे । सिरमोरमा र आर्कीपट्टि पुरा बगावत फैलिएको हुनाले बाटो रोक्का नै थियो । फरवरीका मध्यमा[१३९] बलभद्र राणा र अजम्बर पन्थले बाटो खुलाएपछि मगरातबाट थाकेर गएका यी गोरखाली सैनिक यस महीनाका आखिरदेखि[१४०] अलिअलि गरी रोजिन्दा मलाउँका किल्लाहरूमा पुग्न थाले । सबै सैनिक आइपुगेपछि शत्रुका उपर आक्रमण गर्ने अमरसिंह थापाको विचार थियो ।

८ । कुमाउँपट्टि मदतगार सैनिक नआई शत्रुका उपर आक्रमण गर्न नसकिने देखेर चौमुखियामा गार्डनर र कुमपुरमा अङ्गद थापा बसिरहेका थिए । पूर्वपट्टिबाट हियर्सीको आक्रमण शुरू भएको हुनाले अलमोडाका रक्षालाई जो सैनिक रहेका थिए, त्यसबाट बम शाहले अङ्गद थापालाई सहायता पठाउन सकेनन् । गार्डनरका सहायतालाई नयाँ भर्ना भएका ८०० पठान मेरठबाट आइपुग्दा २३ मार्चका दिन[१४१] कुमपुरतिरबाट आक्रमण गर्न गार्डनरले केही सैनिक पठाए । बीचमा ताँडीखेत भन्ने भञ्ज्याङ थियो । त्यहाँ दुइ पटक पठान सैनिकलाई गोरखाली सैनिकले खुकुरीले हटाए तैपनि गार्डनरले आफ्नो सैन्यबल ज्यादा देखी थोरै सैनिक स्याहीदेवी भन्ने डाँडामा उकालेर गोरखाली सैनिकलाई घेरा दिने अठोट गरे । शत्रुको यो चाल बुझेर अङ्गद थापाले २४ मार्चका दिन[१४२] कुमपुरका खलङ्गामा आगो लगाई कटारमलको बाटो गरी अलमोडातिर सैनिक लगे, २६ मार्चका[१४३] आधा रातमा सिटोलीमा पुगी आफ्नो छाउनी जमाए । यिनका साथमा रहेका गोरखाली सैनिकमा कुमाईं र गढवाली गरी ३०० जना मिसिएका थिए । यिनीहरू बाटैमा छुट्टिएर शत्रुसँग मिले । गार्डनरले पनि गोरखाली सैनिकको पीछा गर्दै २८ मार्चका दिन[१४४] कटारमलमा पुगेर मुकाम गरे । गार्डनरका सहायतालाई माइराले कर्णेल निकोल्सका साथ १२ तोप र २००० तालीमी सैनिक खटाएका थिए । यी सैनिकहरू मुरादाबादबाट रमाना भई ३० मार्चका दिन[१४५] नेपालका सिमानाभित्र पसेर जुन बाटाबाट गार्डनर पहाडतिर बढेका थिए, उसै बाटाबाट बिनारोकटोक निकोल्सले आफ्ना तोप र सैनिक ल्याए ।

हियर्सीले कालीकुमाउँमा दखल जमाए तापनि ब्रह्मदेवका लडाईंमा पृथ्वीपति शाह हारेपछि हस्तदल शाहका भयले काँपिरहेका थिए, तिनले महाकाली पार गर्न नसकून् भनी डुङ्गाहरू खिँचेर घाटघाटमा आफ्ना सैनिक पहरा छोडेका थिए । हस्तदल शाहले ३१ मार्चका दिन[१४६] चम्पावतका ठीक पूर्वपट्टि रहेको कुसुमघाटबाट हात्तीमा सैनिक र गोलीगट्टासमेत महाकाली पार गराए । यिनको गतिविधि विचार गर्दै ३०० सैनिक लिएर ३ अप्रिलका[१४७] साँझमा दिगालीचौर भन्ने ठाउँमा हियर्सी आइपुगे । तिनले होश नपाउने गरी हस्तदल शाहले ५०० गोरखाली सैनिक लिई आक्रमण गरेर एक मिनेटका लडाईंमा हराइदिए । यस लडाईंमा शत्रुपक्षका २०० सैनिक हताहत भए र घायल भएका हियर्सी पक्रिए । यिनका सेनामा रहेका अजिटन मार्टिन्डेलले पनि अर्का गोरखाली सैनिकसँग मामूली मुकाबिला गरी हटेर मुगलाना पुग्दा हियर्सीले ल्याएका सारा बेतालीमी सैनिक भागेर गए । हियर्सी पक्रिएको खबर ६ अप्रिलका दिन[१४८] अलमोडामा पुग्दा लालमण्डीका किल्लाबाट हर्षबढाईंका तोप चले । कटारमलमा रहेका गार्डनर र बेतालीमी सैनिकहरूमा त्रास फैलिइसकेको थियो । बम शाहका साथ लालमण्डीमा २२०० र सिटोलीमा अङ्गद थापाका साथ ९०० तालीमी सैनिक थिए । गार्डनरका साथ पुगनपुग २००० बेतालीमी सैनिक थिए । अलमोडाबाट केवल ७ मील[१४९] फरकमा कटारमल थियो । यस अवस्थामा

---

१३९. फाल्गुनको शुरूमा । १४०. फाल्गुनको मध्यदेखि । १४१. चैत्र १२ गते । १४२. चैत्र १३ गते । १४३. चैत्र १५ गतेका । १४४. चैत्र १७ गते । १४५. चैत्र १९ गते । १४६. चैत्र २० गते । १४७. चैत्र २३ गतेका । १४८. चैत्र २६ गते । १४९. ३ कोस जति ।

बम शाह र अङ्गद थापा मिली तुरुन्त कटारमलमा आक्रमण गरिदिएका भए शत्रुको हार हुने सम्भावना ज्यादै थियो । यो सुअवसर गुमाएर बम शाहले हस्तदल शाहलाई पर्खिरहे । ८ अप्रिलका दिन[१५०] निकोल्सले तालीमी सैनिक लिएर कटारमलमा प्रवेश गर्दा गार्डनरले लामो सास फेरे । १२ अप्रिलका दिन[१५१] हियर्सीलाई लिएर ७५० जति गोरखाली सैनिकका साथ हस्तदल शाह पनि अलमोडा दाखिल भए ।

९ । मलाउँपट्टि काठमाडौँबाट थप गएका सैनिकहरू जम्मा भइसकेपछि शत्रुका उपर आक्रमण गरौँला भनी अमरसिंह थापा पर्खिरहेका थिए । यी सैनिकमा १२०० जति फरवरीका आखिरसम्ममा[१५२] कुमाउँबाट पार भएका हुनाले अलिअलि गरी मलाउँमा पुगे । यसै महीनाका आखिरमा[१५३] चौमुखियासम्म शत्रुसैनिक आइपुग्दा र कालीकुमाउँमा शत्रुको अधिकार हुँदा मलाउँतिर जान लागेका बाँकी सैनिकलाई बम शाहले अलमोडामा नै रोके । यस समयमा ४०० जति सैनिक अलमोडा पार भई रवाईंको बाटो गरी मलाउँतिर जान लागेका थिए । बाटामा रानीगढ पर्दथ्यो । बाह्रठकुराइतर्फ रैतीका बगावतले ज्यादा जोर पक्रेको हुनाले यी सैनिक जैतकमा गएर अडिए । बाह्रठकुराइका उत्तर भागका सानासाना किल्लाहरू एक एक जना गोरखाली सुबेदारका रक्षामा रहेका थिए । अमरसिंह थापाले घूस लिन इन्कार गरेपछि अक्टरलोनीले यी सुबेदारहरूलाई दुइ दुइ हजार रुपियाँ दिएर किल्ला किन्ने अठोट गरे । कुमाउँका कृष्ण उप्रेतीको र गढवालका लाल शाहीको विश्वास गरी अमरसिंह थापाले यी दुइ सुबेदारका जिम्मामा दुइ किल्ला छोडेका थिए । यी दुवै सुबेदार शत्रुका रुपियाँमा बिके । मोर्नीका किल्लामा रहेका सुबेदार गौरी शाहलाई पनि २५०० रुपियाँ दिएर शत्रुपट्टि मिलाउन भनी कृष्ण उप्रेतीले लेखिपठाउँदा "म रजपूतको छोरो हुनाले धनका लोभमा फसेर विश्वासघात गर्दिनँ" भन्ने स्पष्ट उत्तर दिई अन्त्यसम्म टिकिरहे ।

बाह्रठकुराइका हिमालपट्टि बिसहरका नवागढ भन्ने किल्लामा सुबेदार कीर्ति राना थिए । ४ वर्षअगाडि भागेर गएका बिसहरका दीवान टीकनदास आएर बगावतको झण्डा खडा गरे । कीर्ति रानाका साथमा रहेका सवा सय जति सैनिकमा लगभग जम्मै सिरमोरी र गढवाली थिए । यिनीहरूलाई लिएर रानीगढतिर जान भनी कीर्ति राना अघि सर्दा जान इन्कार गरे । यिनीहरूको आँखा छली रातमा कीर्ति राना निस्कँदा विद्रोही सिपाहीहरूले दपेटा दिई बाटामा पक्रेर अक्टरलोनीछेउ लगे । जुबलका चौपाल भन्ने किल्लामा प्युठानी सुबेदार शूरवीर घर्ती पनि सवा सय जति गोरखाली सैनिक लिएर बसेका थिए । त्यहाँका रैतीहरू नै हूल उठी यिनीहरूलाई निकाले । रानीगढमा सुबेदार रणशूर थापाका साथमा १६० गोरखाली सैनिक थिए । त्यहाँका रैती पनि बागी हुने लक्षण देखेर यिनीहरूले पनि किल्ला छोडी कोही मलाउँतिर र कोही जैतकतिर लागे, तर बाटामा बगावत फैलिएको हुनाले बीचैमा अलमलिए । यस तरहले मार्चका आखिरमा[१५४] जमुना र सतलजका बीचमा केवल जैतकका किल्लामा र मलाउँका किल्लाहरूमा नेपालसरकारको दखल बच्यो । अन्यत्रका रैतीहरू शत्रुसँग मिलेका हुनाले ती किल्लाहरूमा रहेका सैनिकहरूलाई रसदको कष्ट बढ्दै गयो । अमरसिंह थापा र रणजोर थापासँग धन खतम भइसकेको थियो । यस विपत्तिका अवस्थामा गोरखाली अफिसर र सैनिकका पत्नीहरूले पन्ध्र बीस मील[१५५] परसम्म गुप्ती चालले गाउँहरूमा गई गहना बेची अनाज किनी, कुटी, पिँधी, धोक्रामा बोकी जङ्गलैजङ्गल ल्याएर सैनिकहरूलाई बचाइराखे ।

१५०. चैत्र २८ गते । १५१. वि. सं. १८७२ वैशाख २ गते । १५२. वि. सं. १८७१ फाल्गुनका मध्यसम्म । १५३. फाल्गुनका मध्यमा । १५४. चैत्रका मध्यमा । १५५. साढे ६, पौने ८ कोस जति ।

१० । मलाउँमा मुख्य किल्ला राजगढ थियो । त्यहाँ ३ हजार जति सैनिक लिएर अमरसिंह थापा रहेका थिए । त्यसका नगीचैमा नारायणगढनामक किल्ला थियो । त्यहाँ ५०० सैनिक लिएर सर्दार घमण्ड थापा रहेका थिए । राजगढबाट ५ मील[156] फरकमा सूर्यगढनामक किल्ला थियो । त्यहाँ ५०० सैनिक लिएर भक्ति थापा बसेका थिए । यिनीहरूले राजगढ र सूर्यगढका बीचमा रहेका रैला र देउथलनामक टिप्पाहरूमा आड बनाइराखेका थिए । तर सैनिक कम हुनाले ती टिप्पाहरूमा रक्षक वा चेवाका रूपमा पच्चीस पच्चीस जना सैनिक मात्र खटाएका थिए । राजगढपट्टि देउथल र सूर्यगढपट्टि रैला पर्दथ्यो । अप्रिलका आरम्भसम्ममा[157] यी किल्ला र टिप्पाहरूलाईसमेत भित्र पारी घेरेर पहिले ती दुइ टिप्पा दखल गर्ने अठोट अक्टरलोनीले गरे । गोरखाली अफिसरहरूलाई अलमल्याउनाका निमित्त १४ अप्रिलका दिन[158] थोरै सैनिक सूर्यगढपट्टि पठाए । शत्रु आउन लागेको देखेर भक्ति थापाले रैलामा रहेका २५ जना सैनिक पनि सूर्यगढमा झिकाए । यसै दिन रातमा अक्टरलोनीले रैला दखल गर्न भनी मेजर इनेजलाई पठाए । यिनका पेस्की भएर आएका लेफ्टेन फ्लेमिङ्गले सो टिप्पा खाली भेट्टाएर सजिलैसँग अधिकार गरे । भोर भएपछि दलबलसहित इनेजसमेत आएर डटे ।

राजगढ रहेका पहाडका फेदीका गमरोलाखोलाका किनारामा शत्रुसैनिकको ज्यादा भाग रहेको थियो । त्यहाँबाट अक्टरलोनीले देउथल दखल गर्नाका निमित्त १४ अप्रिलकै[159] रातमा कर्णेल टामसनलाई पठाए । अमरसिंह थापालाई अलमल्याउनाका निमित्त गमरोलाबाट कप्तान बौयरलाई र रत्नगढबाट कप्तान शावर्सलाई राजगढतिर हिँडाए । ५०० सैनिक लिई टामसन जाँदा देउथलमा रहेका २५ जना गोरखाली सैनिक हटेर आड छोडिदिए । अर्कापट्टिबाट गएका मेजर लाटीले देउथलबाट फर्केका गोरखाली सैनिकलाई देखेर उनीहरूको आँखा छली टामसनसँग मिलिहाले । बौयर र शावर्सहरू दुइतिरबाट राजगढका गिर्दाबाहिरका मैदानमा बिहान पुगे । किल्लाभित्रबाट गोरखाली सैनिक निस्केर दिनभर शत्रुसँग लडे । यस लडाइँमा गोरखाली सर्दार भीमसिंह थापाका साथ शावर्ससमेत खेत रहे । साँझ परेपछि शत्रुसैनिक हटेर जाँदा गोरखाली सैनिकहरू पनि किल्लाभित्र घुसे । यो लडाइँ चलिरहेका समयमा अक्टरलोनीले प्रशस्त सैनिक र तोपहरू देउथलमा चढाई मजबूत भएर बसे ।

११ । देउथलतिर शत्रु चढेको खबर सुनेर सूर्यगढका रक्षाको भार सर्दार वीरमर्दन थापालाई सौंपी दस आठ जना रक्षक लिई शत्रुको आँखा छलेर जङ्गल र भीरको बाटो गरी भक्ति थापा राजगढमा आइपुगेका थिए । यसै दिन रैला र देउथलमा शत्रुको अधिकार हुँदा अमरसिंह थापा र भक्ति थापासमेत राजगढभित्र थिए । देउथलबाट राजगढका किल्लाको परखाल केवल एक हजार गज फरकमा हुनाले त्यहाँबाट छोडेका तोपका गोला किल्लामा आइपुग्न सक्दथे । यस कारणले त्यहाँबाट शत्रुलाई नहटाएमा राजगढको रक्षा हुन सक्दैनथ्यो । राजगढमा सानासाना दुइ तीन तोप थिए तापनि गोला टाढासम्म पर्याँक्न नसक्ने हुनाले बेकम्बा जत्तिकै थिए, पैदल सैनिक पुगनपुग ३००० जति थिए तापनि देउथलमा नै दस बाह्र तोपका साथ २००० शत्रुसैनिक चढिसकेका थिए । आफूसँग रहेका जम्मै सैनिक पठाएर पनि शत्रुलाई हटाउन गाह्रो थियो । जैतक, अलमोडा, पाल्पा र काठमाडौंबाट सैनिक सहायता आइपुग्न ता परै रहोस्, शत्रुको घेरा बलियो हुनाले चिठीपत्र पनि आउँदैनथे । त्यहाँको खबर पनि पत्ता थिएन । शत्रुले अजमाएका उड्दा खबर मात्र आउँथे । यस अवस्थामा १५ अप्रिलका[160] रातमा अमरसिंह थापाले भक्ति थापा र अरू सर्दार, सुबेदारहरूलाई राखेर सल्लाह गरी १६ अप्रिलका[161] बिहानै दलमुखी भक्ति थापा भएर २००० सैनिक लिई देउथलमा आक्रमण गर्ने निधो गरे । उज्यालो नहुँदै सैनिकहरूले

---

१५६. क्रण्डै सवा २ कोस । १५७. चैत्रका मध्यसम्म । १५८. वि. सं. १८७२ वैशाख ४ गते । १५९. वैशाख ४ गतेकै । १६०. वैशाख ५ गतेका । १६१. वैशाख ६ गतेका ।

खानपीन गरी ७ बजेका कमला घाममा किल्लाबाट निस्के। क्रिल्लाबाट केही क्ररेर अलिकति मैदान पार गरी देउथलको उकालो चढ्नुपर्ने हुनाले बिहानको समय रोजेका थिए।

राजगढ किल्लाका बाहिर नेपालको राष्ट्रिय झण्डा गाडी त्यसमनि अमरसिंह थापा बसेर भक्ति थापालाई अघि लगाएर सैनिकलाई हिँडाए। देउथलका दुइ पाखालाई ढाकेर बाणको आकार भएर गोरखाली सैनिक उकालामा दौडे। भक्ति थापा ७० वर्षका बूढा भए तापनि लम्जुङका पत्थरिया माटामा खेलेबढेका हुनाले अरू जवानभन्दा बलिया थिए। यस कारणले हातमा तरवार लिएर सबैभन्दा अगाडि दौडेका हुनाले सैनिकहरूमा उत्साह भरपूर थियो। शत्रुपट्टिबाट तोपका गोला अटूट बर्सँदा सारा डाँडो बले जस्तो भएको थियो तैपनि गोरखाली सैनिकले हतास नभई गोलीका पर्रा छोड्दै उकालो चढे। यिनका गोलीले शत्रुपट्टिका तोपका अफिसर र गोलन्दाजहरूमा केवल ६ जना बचे, अरू मरे वा घायल भई बेकम्बा भए। २ घण्टासम्म लडाइँ भइरह्यो। गोरखाली सैनिक आडका नगीच पुगेपछि शत्रुले गोली चलाए। राजगढका नगीचै पनि गोली पुगे। तैपनि अमरसिंह थापा नहटी सैनिकलाई उत्साह दिँदै थिए। गोरखाली सैनिकको एक भाग देउथलका आडमा ढेपिन पुग्दा शत्रुसैनिकले सङ्गीन रोप्न थाले। अर्कापट्टि शत्रुको एक गोली छातीमा लागेर भक्ति थापा ढले। यो खबर सुन्दा लडिरहेका गोरखाली सैनिकहरूको उत्साह भङ्ग भयो र असफल भई फर्के। फर्केका सैनिकलाई शत्रुले केही लखेटे पनि। यिनीहरूलाई राजगढभित्र हुली अमरसिंह थापा पनि भित्र घुसे। यस लडाइँमा ५०० जति गोरखाली सैनिक खेत रहे, त्योभन्दा बढी घायल भए। शत्रुसैनिकमा २१३ जना हताहत भए। रामशहरका लडाइँमा मारिने र घायल हुने शत्रुसैनिकलाई अमरसिंह थापाले सुबिस्तासाथ दफन गर्न र लैजान दिएका थिए। यो ऋण अक्टरलोनीले देउथलमा तिरे, यति मात्र होइन, भक्ति थापाको लोथ दोसल्लामा लपेटेर पठाइदिए। यिनका दुइ मुख्यानी सुबाथुबाट १७ अप्रिलका दिन[१६२] आइपुगेर गमरोलाका किनारामा पिपलका रुखमनिका चौतारामा पतिका लोथका साथ भस्म भए। यस घटनापछि गोरखाली सैनिकमा निराशाका बादल प्रकट हुन थाले। यसै समयमा जैतकपट्टि पनि शत्रुको आक्रमण भइरहेको हुँदा उहाँ पनि निराशा फैलन लाग्यो।

१२। यस तरहसँग मलाउँमा र जैतकमा शत्रुको जोशसँग आक्रमण भइरहेका समयमा अलमोडामा बम शाह र कलमटियामा निकोल्सहरू चूपचाप बसेर ताकाताक गरिरहेका थिए। कुमाउँका दक्षिण भागमा शत्रुको अधिकार भइसकेको थियो, तापनि उत्तर भागमा नेपालसरकारको अधिकार बचिरहेको थियो। त्यसतिरबाट डोटीदेखि गढवालसम्मको बाटो खुला राख्नाका निमित्त र शत्रुले अलमोडातिर आक्रमण गरेमा पछिल्तिरबाट हान्नालाई डोटीबाट साथमा ल्याएका ७०० जति गोरखाली सैनिकका साथ २२ अप्रिलका दिन[१६३] हस्तदल शाहलाई बम शाहले गणनाथका थुम्कामा पठाए। अलमोडाबाट उत्तरपट्टि १५ मील[१६४] फरकमा गणनाथ थियो। शत्रुलाई थाहा नहोओस् भनी हस्तदल शाह सबेरै हिँडेर साँझमा त्यहाँ पुगी आड बनाउन लागे। यो खबर निकोल्सले थाहा पाई यसै साँझमा ९०० सैनिकका साथ मेजर पैटनलाई गणनाथमा पठाए। २३ अप्रिलका दिन[१६५] साँझ परिसकेपछि पूर्णिमाका जुनेली रातमा विनायक भन्ने मैदानमा क्ररेर हस्तदल शाहले शत्रुसँग मुकाबिला गरे। थोरै बेरका साना लडाइँमा हस्तदल शाह र सर्दार जया रोकायाका साथ ३२ जना गोरखाली सैनिक खेत रहे। शत्रुसैनिकमा केवल ३ जना मर्ने र २५ जना घायल भए। बचेका गोरखाली सैनिकमा घायल जति शत्रुका फेला परे। बाँकी भागेर अलमोडातिर आउँदा केही बाटैमा पक्रिए, केही लालमण्डीका किल्लामा

---

१६२. वैशाख ७ गते। १६३. वैशाख १२ गते। १६४. साढे ६ कोस जति। १६५. वैशाख १३ गते।

आइपुगे । हस्तदल शाह र भक्ति थापा बडा देशभक्त र सुयोग्य सेनापति थिए । हस्तदल शाह विद्या र कलाका प्रेमी पनि थिए । ८ दिनका बीचमा यिनीहरूले वीरगति पाउँदा नेपालका भारादारमा दुइ रत्न गुमे ।

गणनाथमा हस्तदल शाह पर्दा गोरखाली सैनिकमा आतङ्क फैलिएका अवसरलाई कटारमलमा रहेका शत्रुसेनापति निकोल्सले उम्कन दिएनन्, २५ अप्रिलका दिन[166] १ बजेदेखि अलमोडातिर बढ्न शुरू गरे। त्यहाँबाट ५ मील[167] जति फरक सिटौलीमा १ हजार जति गोरखाली सैनिक लिएर सेनापति अङ्गद थापा हटिरहेका थिए, छाउनीका वरिपरि ठाउँठाउँमा काखीसम्म गहिरा र लामा खाइ तिनमाथि काठका टहरा बनाएर सैनिकहरू राखेका थिए । निकोल्सले नगीचसम्म तोप पठाई पाँच खाइ र टहरामा समेत दखल जमाउँदा गोरखाली सैनिक मैदानमा निस्केर बडो बहादुरीसँग लडे । तर शत्रुसैनिकका हतियार उमदा हुनाले टिक्न नसकी आधा रातमा हटेर अलमोडातिर लागे । यस रातमा निकोल्सले हीराडुङ्ग्रीनामक डाँडामा छाउनी सारेका थिए। त्यहाँबाट २ मील[168] फरक कलमटिया भन्ने ठाउँमा ५०० गोरखाली सैनिक लिएर काजी चामु भण्डारी रहेका थिए । यिनले शत्रुका सैनिक छरिइरहेको वेला पाई हीराडुङ्ग्रीमा छापा मारे । यस लडाइँमा गोरखाली सर्दार जबर अधिकारीका साथ दस बाह्र जना सैनिक परे तापनि शत्रुपट्टिका एक लेफ्टेनका साथ धेरै सैनिक परेका हुनाले गोरखाली सैनिक विजयी भए । तर २० मिनेटपछि निकोल्स र गार्डनरसमेत भई प्रशस्त सैनिक लिएर आउँदा घमासानको लडाइँ भयो । यसै लडाइँबाट भाग्यको परीक्षा हुने हुनाले गोरखाली सैनिकले खुकुरीको चमत्कार खूब देखाए । रातको समय हुनाले शत्रुमित्रको पहिचान हुन पनि कठिन थियो । शत्रुसैनिक चौबर हुनाले गोरखालीको जोर चलेन । रातका लडाइँमा २०० जति गोरखाली सैनिकका साथ सर्दार रणशूर कार्की खेत रहे, बचेका सैनिक जम्मै घायल थिए । यिनीहरूलाई लिएर चामु भण्डारी कलमटियामा फर्के । शत्रुपट्टि पनि सिटौली र हीराडुङ्ग्रीमा गरी रातभरमा एक हजारभन्दा बढी सैनिक खतम भए । तैपनि उनको जित भएको हुनाले गोरखाली सैनिक गले । सिटौलीबाट बढी अलमोडातिर जान लागेका शत्रुसैनिकलाई डाँक हान्न भनी ३० जना सैनिक लिई सर्दार जसमर्दन थापा एक देवलको आड लिएर बसेका थिए । तर आधा सैनिक भागेका र बाँकीले पनि भाग्ने लक्षण देखाएका हुनाले यी सर्दार फर्केर अलमोडामा आए । पछिपछि शत्रुसैनिक आएर २ घण्टा रात बाँकीदेखि लालमण्डीमा तोप चलाउन थाले । उज्यालो भएपछि किल्लाको परखालमा छिद्र परेर भित्रपट्टि ताता गोला पस्न थालेका हुनाले भागाभाग शुरू भयो । यसै अवस्थामा "कुमाउँगढवालका किल्लाहरू छोडिदिनुभए नेपालसरकारका झण्डा, हातहतियार र सैनिकसमेत सुबिस्तासाथ लैजान दिने आज्ञा छ" भन्ने माइराको सन्देश हियर्सीले बम शाहलाई सुनाए । यसै समयमा सिटौलीबाट अङ्गद थापा आइपुग्दा बम शाहले चामु भण्डारीलाई समेत अलमोडामा डाकेर सल्लाह गरे । किल्ला थाम्न असाध्य ठहराएर २६ अप्रिलका दिन[169] ६ बजे सेतो झण्डाका साथ लडाइँ बन्द गर्नुहोस् भनी निकोल्सलाई पत्र पठाएर हियर्सीलाई छोडिदिए । यसै दिन पहिला युद्धको समाप्ति भयो ।

१३ । लडाइँ बन्द गर्ने कुरा गरिसकेपछि २७ अप्रिलका दिन[170] एक कबूलियत लेखिएर अङ्ग्रेजतर्फबाट एडवार्ड गार्डनर र निकोल्सले नेपालसरकारतिरबाट बम शाह, चामु भण्डारी, अङ्गद थापा र जसमर्दन थापाले समेत सहिछाप गरे । कुमाउँका सबै किल्लाहरू गोरखाली सैनिकले छोडी १० दिनभित्र महाकाली तर्ने र गोरखाली अफिसर सैनिकलाई रसद हातहतियार आदि बोक्नालाई भरियाको बन्दोबस्त अङ्ग्रेजहरूले गरिदिने

---

१६६. वैशाख १५ गते । १६७. झण्डै सवा २ कोस । १६८. पौने कोस जति । १६९. वैशाख १६ गते । १७०. वैशाख १७ गते ।

गर्न थिए । यसै दिन अङ्ग्रेज सेनापतिहरू आएर लालमण्डीको किल्लामा आफ्नो झण्डा गाडी त्यसको नाम 'फोर्टमाइरा' राखे । २८ अप्रिलका दिन[171] बामु भण्डारी आदिलाई लिएर अङ्ग्रेज अफिसरहरूसँग भेट गर्न बम शाह जाँदा १९ तोपको सलामी दिएर सत्कार गरी २९ अप्रिलका दिन[172] उनीहरू पनि भेट गर्न आए । ३० अप्रिलका दिन[173] कर्णेल गार्डनरका साथ लागी दलबलसहित अलमोडाबाट रमाना भई बम शाह डोटीतर्फ लागे । कुमाउँका सहायतालाई प्युठानाबाट ६०० सैनिक लिएर गएका रुद्रवीर शाही डाँडाबन (डँडेलधुरा) मा पुग्दा हस्तदल शाह खेत रहेको र लडाइँ बन्द भएको समाचार पाए । हस्तदल शाहका पत्नीहरू त्यहीँ थिए । पतिको लाश महाकालीवार झिकाएर तिनीहरू सती भए । एक पिपलका रुखमनि बसेर रुद्रवीर शाहीले काजक्रिया गरेका थिए । यस घटनाको स्मारकरूप जो सानो शिवमन्दिर बैतडीनेर बनेको थियो, त्यो भग्नावस्थामा रहेर हस्तदल शाहको कीर्ति गाइरहेको छ ।

उता देउथलमा हार भएपछि अमरसिंह थापाले सूर्यगढ र आसपासका अरू आडमा रहेका सैनिकहरूलाई राजगढमा ल्याए । आफ्ना सैन्यबलले शत्रुलाई हटाउन नसकिने देखे तापनि कुमाउँमा बम शाहले जितेका पक्षमा एक ठक्कर फेरि लडौँला भन्ने उमेद लिएर कुमाउँका समाचारतिर कान फर्काइरहेका थिए । अक्टरलोनीले पनि घेरालाई कन् बलियो गराएर कुमाउँको हाल बुझ्दै रहे । शत्रुलाई जित्ने आशा नदेखेर अलिअलि गरी दल बाँधी राजगढबाट गोरखाली सैनिक निस्के र शत्रुका कैदमा दिनहुँ जान लागे । यसरी दिनपरदिन सैनिक घट्दै गए तापनि कुमाउँको आशा राखी अमरसिंह थापा अडिएर रहे । अलमोडा दखल भएको खबर पाएपछि अक्टरलोनीले ३ मईका दिन[174] राजगढनेरका नारायणगढमा आक्रमण गर्न भनी लेफ्टेन रासलाई पठाए । त्यहाँ रहेका सर्दार घमण्ड थापाले राससँग भेटी सुलहका कुरा चलाउँदा यस विषयमा बोल्ने अधिकार तिनको छैन भनी अमरसिंह थापाले रोके । ८ मईका दिन[175] राजगढतिर तोप सोझ्याई सुलहका शर्त पठाउनुहोस् भनी अक्टरलोनीले अमरसिंह थापालाई लेख्दा २ दिनसम्म जवाफ पाएनन् र १० मईका[176] दिनभर राजगढमा गोला चलाए । बेलुका जवाफ गई लडाइँ बन्द भयो । पछि अमरसिंह थापा गई अक्टरलोनीसँग भेट गर्दा अलमोडा पतन भएको समाचार सुनेर परस्पर मिली एक कबूलियत लेखे । यस समयमा राजगढमा २०० सैनिक मात्र बचेका थिए । यी सैनिक र २ तोपका साथ अमरसिंह थापा राजगढबाट र २०० सैनिक र एक तोपका साथ रणजोर थापा जैतकबाट हातहतियार जहानपरिवारसहित निस्केर जमुनादेखि पश्चिमपट्टिका सारा किल्ला र गढीहरू छोडिदिने यसमा मुख्य शर्त थियो । श्रीनगरमा रहेका बखतावरसिंह बस्न्यातले पनि यसै तरहसँग गढवाल छोडिदिने र यी फर्केका भारादार सैनिकहरूलाई भरियारसद आदिको प्रबन्ध अङ्ग्रेजहरूले गरिदिने अरू शर्त थिए । अक्टरलोनीका मुखबाट अलमोडा पतन भएको समाचार अमरसिंह थापाले सुनेका थिए तापनि झुट्टा प्रचार गर्ने अङ्ग्रेजहरूको बानी हुनाले त्यस कुरामा विश्वास नमानेर कबूलियतमा सहिछाप नगरी अडिएका थिए । बम शाहले अलमोडा पतन भएको समाचार र जमुनापश्चिमका किल्लाहरू छोडिदेऊ भनी आज्ञासमेत लेखिपठाएको पत्र १५ मईका दिन[177] पाउँदा सो कबूलियतमा सहिछाप गरिदिए । अमरसिंह थापा १८ मईका दिन[178] र यिनको पत्र पुगेपछि रणजोर थापा २१ मईका दिन[179] किल्लाहरूबाट प्रस्थान भए । यी बाबुछोराले तराईमा भेट गरी ब्रह्मदेवमण्डीबाट डोटीमा पसे । बखतावरसिंह बस्न्यात अगाडि नै आइसकेका थिए । यी नेपाली भारादारहरूलाई सम्मानपूर्वक

---

१७१. वैशाख १८ गते । १७२. वैशाख १९ गते । १७३. वैशाख २० गते । १७४. वैशाख २३ गते । १७५. वैशाख २८ गते । १७६. वैशाख ३० गतेका । १७७. ज्येष्ठ ४ गते । १७८. ज्येष्ठ ७ गते । १७९. ज्येष्ठ १० गते ।

बिदा दिएकोमा माइराको स्तुति गाइन्छ । तर यो नौलो घटना होइन । रणजित्सिहले पनि काँगडाबाट यसैं गरी अमरसिंह थापालाई बिदा दिएका थिए ।

१४ । यस युद्धमा नेपालसरकारको हार हुनामा मुख्य चार कारण देखिन्छन् । तिनमा पहिला कारण शासनको कुप्रबन्ध थियो । मगराँत, सेसाँत र किराँतका पहाडखण्डमा मुख्य बासिन्दा भएर जो ब्राह्मण क्षत्रिय रहेका थिए, तिनीहरू सबै पर्वतिया बोली वा नेपाली राष्ट्रभाषा व्यवहार गर्दथे । भाषाका एकताले तिनीहरूमा राष्ट्रिय एकता स्थापना भएको तीन शताब्दी बितिसकेको हुनाले यी तीन भागमा रहेका मगर, गुरुङ आदि आग्नेयदेशी जनता पनि यस राष्ट्रिय एकतामा सम्मिलित भइसकेको थियो । शासनको काम पनि प्रायः यिनै नेपालीहरूका हातमा रहेको हुनाले यतापट्टि कुप्रबन्ध फैलिन पाएको थिएन । यस कारण युद्धकालमा जनताले सरकारसित पूरा सहयोग गरी तनमन र धनले समेत सहायता गरेको थियो । प्रतिनिधि तेवारी जस्ता देशद्रोही खडा भए तापनि शत्रुको दाल गलन पाएन । तर तराईका बासिन्दाको भाषा र रहनसहनका प्रचारतिर शासकवर्गले ध्यान नदिएको हुँदा तिनीहरूले नेपाली अमलाहरूलाई विदेशी मानेका थिए । नेपाली अमलाहरूले पनि तराईका बासिन्दाउपर सहानुभूति नराखी नराम्रो व्यवहार गर्न गरेका हुनाले बाजी जति चिढिइरहेका थिए । यस कारणले युद्धकालमा यिनीहरू शत्रुसँग मिल्दा पर्सा र समनपुरमा गोरखाली सैनिकले शत्रुलाई हराए तापनि रैती नै विपक्ष हुँदा बाहिरी तराईबाट नेपालसरकारको शासन उग्लन गएको थियो । खसाँत, कुमाउँगढवाल र बाह्रठकुराइको हाल पनि प्रायः यस्तै थियो । त्यहाँ नेपाली भाषासँग नगीचको सम्बन्ध राख्ने पहाडी बोलीहरू व्यवहार भइरहेका हुनाले राष्ट्रभाषाको प्रचार बढाई भाषाको एकता स्थापना गर्न सजिलो थियो, रहनसहन र रीतिरिवाजमा पनि केही मात्र अन्तर थियो । नेपाली अमलाहरूले त्यहाँका बासिन्दामा आफ्नो राष्ट्रभाषा र रहनसहन आदिको प्रचार नगरी विदेशीका रूपमा रहेका हुनाले त्यहाँका रैती पनि सरकारदेखि अप्रसन्न थिए । बम शाहदेखि कुमाउँका बासिन्दा प्रसन्न पनि थिए, तर अरू अमलाहरूका घूसखोरी र बेठबेगारीका ज्यादतीदेखि अप्रसन्न रहेका थिए । शत्रुपक्षबाट अनेक आशा देखाई प्रचार गरेका हुनाले युद्धकालमा तिनीहरू शत्रुसँग मिले । अमरसिंह थापाको मिजास कडा हुनाले शासनको काममा कुशल हुन नसक्दा रैती भाँडिएका थिए । यस कारण त्यहाँका रैती झन् चाँडै शत्रुसँग मिले । तिनीहरूबाट अनेक प्रकारको बाधा र विश्वासघात मिल्नाले नै गोरखालीहरूको हार भएको थियो ।

दोस्रो कारण धनको कमी थियो । पहाडको राज्य हुनाले आबादी जमीन कम हुँदा राज्यको आमदानी नै कम थियो । केन्द्रीय सरकारका राजकोशमा प्रत्येक जिल्लाबाट आमदानीको लगभग आधा भाग पठाउनुपर्दथ्यो । यस कारणले जिल्लाका हाकिमहरूले प्रशस्त सैनिक राख्न सक्दैनथे । बम शाह र अमरसिंह थापाका उपर शङ्का गरी भीमसेन थापाले उनीहरूका साथ प्रशस्त सैनिक र धन जम्मा हुन नदिने गरेका थिए । धनको कमी हुँदा अमरसिंह थापाले गीर्वाणका नामबाट नयाँ टक ढाल्न थाल्दा भीमसेन थापाले रोकिदिएका थिए, यसो हुँदा युद्धको आरम्भ हुनुभन्दा पहिलेदेखि नै सैनिकहरूलाई खानगीतलब दिन सकेका थिएनन्, युद्धका निमित्त जगेरा रसद तयार गर्न पनि सकेनन् । देशभक्तिका प्रेरणाले अमरसिंह थापाका सैनिकहरूले खानगी नपाए तापनि आधा पेट खाएर लडाइँ गरेका थिए । कुमाउँमा रसदको कमी थिएन । तर यहाँ पनि सैनिकको कमी नै हुनाले दुवैतिर हार भयो ।

तेस्रो कारण युद्धशिक्षा र हतियारको कमी थियो । गोरखाली सैनिकहरू शत्रुसँग भिडिएर खुकुरी वा खाँडो चलाउन पाएमा यमराजलाई पनि भगाउन सक्दथे, बन्दूकको निशाना पनि मार्न सिपालु थिए, जञ्जाल-नामक एक थरी ठूलो बन्दूक चलाउनामा झन् सिपालु थिए, तर शत्रुका बडाबडा तोपसँग मुकाबिला गर्न सक्ने

तोप यिनीहरूसँग थिएनन् । यस अवस्थामा रैती अनुकूल भएमा गोरिल्ला युद्ध लाभदायक थियो । अभाग्यवश रैती अनुकूल नहुँदा यो पनि हुन पाएन ।

चौथो कारण प्रचारको कमी थियो । युद्धकालमा शत्रुतर्फबाट अनेक झुट्टा खबर र भविष्यको आशासमेत रैतीमा फैलाएर हात लिएका थिए । नेपाली भारादारहरूले यस कामको महत्त्व नबुझी आफ्ना उपर रैतीको विश्वास घटाई विमुख गराएका थिए ।

□

बत्तीसौँ परिच्छेद

# सन्धिचर्चा, पुनर्युद्ध र सन्धि

## ( ई. सं. १८१५–१८१६ )[१८०]

१ । महाकालीदेखि पश्चिमपट्टिका किल्लाहरू शत्रुलाई सौँपी बम शाह फिरेको समाचार काठमाडौँमा आइपुग्दा श्री ५ महाराज गीर्वाण र भीमसेन थापा आदि भारादारहरूका दिलमा बडो आघात पर्न आयो । महाकालीदेखि पश्चिमपट्टिका कुमाउँ आदि प्रदेश अङ्ग्रेजहरूले लिने भएका छन् भन्ने कुरा तीन महीनाअगाडि नै वासुदेव पण्डितका मुखबाट यिनीहरूले सुनेका थिए । बम शाह र अमरसिंह थापाले बडो इमान्दारीसँग युद्ध सञ्चालन गर्दा पनि हार भएको हो भन्ने यिनीहरूलाई बोध भएको हुनाले ती सेनापतिहरूदेखि अप्रसन्न थिएनन् । तर बम शाह र भीमसेन थापाका बीचमा व्यक्तिगत द्वेष थियो । यस कारणले शत्रुलाई कुमाउँप्रदेश छोडेर आएको अपराध लगाई भीमसेन थापाले मेरो ज्यान लिने श्री ५ गीर्वाणको आज्ञा पठाउलान् भन्ने बम शाहका दिलमा भय पैदा भयो । यस कारणले काठमाडौँबाट मेरा कामको समर्थन भएर पत्र नआएसम्म महाकालीवार रहन पाऊँ भनी कर्णेल गार्डनरसँग भन्दा मञ्जूरी दिए । यति मात्र होइन, यदि तपाईंका ज्यानमा धक्का दिने कुरा भीमसेन थापाले गरे भने डोटी दखल गरेर त्यहाँका राजा बन्नुहोस् भन्ने सल्लाह दिई माइराको अनुमति पनि दिलाए । यो खबर चामु भण्डारीबाट भीमसेन थापाले पाए । वास्तवमा भीमसेन थापाले बम शाहका कामलाई उचितै ठहराएका थिए । यस कारणले श्री ५ गीर्वाणका भाकाबाट उनका कामको समर्थन गरी डोटीका हाकिम गरिदिएका हुनाले उनी डँडेलधुरामा बसे । अमरसिंह थापा र बम शाहका बीचमा पनि व्यक्तिगत वैरभाव हुनाले बम शाहसँग भेटघाट नगरी डोटी, प्युठाना र पाल्पाको बाटो गरी अमरसिंह थापा काठमाडौँतिर लागे ।

२ । बम शाह र अमरसिंह थापाले जो कबूलियत लेखेर आएका थिए, ती क्षणिक सन्धिपत्रका रूपमा थिए । युद्ध चलिरहेका समयमा पनि ब्राडशा र चन्द्रशेखर उपाध्यायका बीचमा सन्धिका कुरा हुँदै थिए । तर ब्राडशाको माग ठूलो हुनाले कुरा नमिल्दा माइराको सम्मति मिलाएर ब्राडशाले गजराज मिश्रज्यूका साथ चन्द्रशेखर उपाध्यायलाई पनि काठमाडौँमा पठाइदिएका थिए । कुमाउँका किल्लाहरू शत्रुलाई सौँपी बम शाह

---

१८०. वि. सं. १८७२–१८७३ ।

फिरेको समाचार आएपछि भीमसेन थापाले मलाउँका किल्लाहरूसमेत गुमेको देखी सन्धिपत्र गर्नालाई बिछट्ट गर्मी र औलाको परवाह नगरी गजराज मिश्रज्यू र चन्द्रशेखर उपाध्यायलाई ब्राडशाछेउ पठाए। २८ मईका दिन[१८१] यिनीहरूले सुगौलीमा पुगेर ब्राडशालाई भेटी त्यहीँ मुकाम गरेर सन्धिपत्र लेख्ने अठोट गरे। आफू मध्यस्थ भएर सन्धिपत्र गराउनामा अमरसिंह थापा र बम शाह पनि अघि सरेका थिए। तर अमरसिंह थापालाई माइराले र बम शाहलाई भीमसेन थापाले पसन्द गरेनन्। आफू मध्यस्थ भई सन्धिपत्र गराएर भीमसेन थापालाई उछिट्ट्याउने अठोट बम शाहको थियो। यो अठोट भीमसेन थापाले ताडिहाले।

सन्धिका शर्त के ल्याउनुभएको छ भनी ब्राडशाले सोधनी गर्दा गवर्नर जनरल लार्ड माइराका दयाका भरमा छौं भनी गजराज मिश्रज्यूले भने। दयाको भिक्षा मागेर भरसक आफ्नो फायदा गराउँला भन्ने उमेद लिएर भीमसेन थापाले यी कुरा भन्न लगाएका थिए। तर माइराले नेपालसरकारलाई सकेसम्म निचोरेर शर्त तयार गर्नाका निमित्त ब्राडशालाई जो लेखेका थिए, त्यसअनुसार यी शर्त पेश गरिए—

(१) कम्पनीसरकार र नेपालसरकारले आफ्ना आफ्ना राजधानीमा परस्परका एकएक राजदूत (मिनिष्टर) राख्ने; (२) नेपालसरकारले कुनै यूरोप वा अमेरिकाका गोरा बासिन्दालाई नोकरीमा लिनुपर्‍यो भने अङ्ग्रेज राजदूतको मञ्जूरी चाहिने; (३) महाकालीपश्चिमका कुमाउँ आदि पहाडी प्रदेशको दावा नेपालसरकारले छोडिदिने, सुखिमको आधिपत्य छोडेर सिंमालीला र मेची नदीदेखि पूर्वपट्टिको पहाड र तराईबाट समेत गोरखाली सैनिक उठाइदिने र कम्पनीसरकारका सैनिकले दखल गरी लिएको (खास बुटवलबाहेक) सारा बाहिरी तराई नेपालसरकारले कम्पनीसरकारलाई सौंपिदिने। अरू शर्त मामूली थिए।

३। नेपालसरकारबाट खटाएका एक राजदूत अघिदेखि कलकत्तामा रहिआएका थिए। तर अङ्ग्रेज राजदूतलाई काठमाडौंमा बोलाएमा सैनिक र हतियारसमेत लिएर आई अनेक तरहका षड्यन्त्र गर्ने उनीहरूको नीति थियो। यस कारण नेपालसरकारले एक पटक राजदूत भएर आएका नाक्सलाई हटाएको थियो, युद्धमा हारेर मेल गर्नुपर्दा कम्पनीका राजदूतलाई स्वागत गर्नामा लाचार हुनुपरेको थियो। अङ्ग्रेजहरूको बल पुगेको भए नेपालसरकारलाई सहायकसन्धिका जालमा फसाएर अवध वा निजामराज्यका अवस्थामा ल्याउँथे। तर २२ वर्षअगाडि नै बहादुर शाहले चीनसँग सम्बन्ध जोडेर यस कुराको बचाउ गरिसकेका थिए। यस समयमा चीनको मञ्चूसाम्राज्य खोक्रो भइसकेको थियो तापनि गिर्न लागेको थिएन। यस कारणले नेपालका स्वतन्त्रतामा हस्तक्षेप गरेर चीनलाई चिढ्याउन नसकी माइराले पञ्जाबका सीख राज्यका बराबरीमा राखे। सीख महाराज रणजित्सिंहले यूरोपका अनेक गोराहरूलाई डाकेर सेनापति गराई बलियो सैन्य तयार गरेका थिए। यसरी सैनिक तालीम गर्ने काम नेपालसरकारले गर्न नपाओस् भनेर यूरोप वा अमेरिकाका गोरा मानिस बोलाउँदा कम्पनीसरकारको मञ्जूरी चाहिन्छ भनेर बार हाले। यो सहन पनि नेपालसरकारलाई उस्तो कठिन थिएन। तर जमीन छोड्ने विषयमा पेश गरिएका शर्त ज्यादै कडा थिए। बम शाह र अमरसिंह थापाले गरेका क्षणिक सन्धिपत्रहरूमा महाकालीपश्चिमका किल्लाहरूबाट गोरखाली सैनिक हटाउनेसम्म कुरा लेखिएका थिए। माइराले दयामाया गरी कुमाउँ छोडिहाल्छन् कि भन्ने भीमसेन थापाले आशा राखेका थिए। त्यसलाई माइराले बिलकुल पखालिदिए। सुखिमको आधिपत्य र त्यसको तराई छोडिदिनामा पनि वाजबी कारण थिएन। बाहिरी तराईको तकरारी जमीन ता लडाइँ हारेपछि छोड्नुपर्दथ्यो। तर जम्मै बाहिरी तराई छोड भन्नु सरासर अन्याय थियो। यस कारणले यी

१८१. वि. सं. १८७२ ज्येष्ठ १७ गते।

शर्तहरू मञ्जूर गर्ने अधिकार हामीले पाएका छैनौं भनी गजराज मिश्रज्यू र चन्द्रशेखर उपाध्यायले जवाफ दिए। तर सरकारमा साध्न भनी गजराज मिश्रज्यूले काठमाडौंमा यी शर्तहरू पठाए। समयमा उत्तर नआउँदा जुलाईका आरम्भमा[१८२] उत्तर लिन भनी चन्द्रशेखर उपाध्यायलाई पनि पठाए।

सन्धि गर्ने पूरा अधिकार नदिएर गजराज मिश्रज्यूलाई पठाएकामा माइराले खेद प्रकट गरी जुलाईका आखिरमा[१८३] नेपालसरकारलाई पत्र लेखे। यो सारा करतूत ब्राडशाको हो भन्ने निश्चय गरेर कुमाउँमा हाकिम भएर रहेका एडवार्ड गार्डनरद्वारा हलुका शर्तमा सन्धि हुन सक्छ कि भनी भीमसेन थापाले बम शाहद्वारा कोशिश गरे। यो कोशिश व्यर्थ हुँदा लाचार भएर भीमसेन थापाले अगस्तका आरम्भमा[१८४] श्री ५ गीर्वाणका भाकाबाट गजराज मिश्रज्यूलाई एक पत्र दिई सन्धि गर्ने पूरा अधिकार दिलाए। यसै महीनाका मध्यमा चन्द्रशेखर उपाध्यायलाई पनि ब्राडशाछेउ पठाएर बाहिरी तराई छोड्नामा एक बाधा देखाए। त्यहाँका धेरै मौजाहरू नेपालका भारादारका खानगीमा भर्ना भएका हुनाले त्यो तराई छिकिएमा भारादारलाई खानगी दिन पुग्दैन भन्ने यिनको उजुरी थियो। नेपालसरकारबाट जुन जुन भारादारलाई जति जति ठेकिएला, उति उति रुपियाँ सालको २ लाखदेखि ३ लाखसम्म कम्पनीसरकारबाट दिइएला भन्ने माइराले उत्तर दिएर यो एक शर्त पनि सन्धिपत्रमा थपाए। तर यो संशोधित सन्धिपत्र पनि गजराज मिश्रज्यूले स्वीकार गर्न नसकी काठमाडौंमा पठाए। भीमसेन थापाले यो शर्त झन् खतराको देखेर ठीक समयमा गजराज मिश्रज्यूलाई उत्तर नदिई आलटाल गरी राखे। समयमा उत्तर नआउँदा गजराज मिश्रज्यू र चन्द्रशेखर उपाध्यायसमेतलाई ब्राडशाले नवम्बरका आरम्भमा[१८५] काठमाडौंमा पठाए। काठमाडौं र पाल्पासम्म सैन्य पठाएर नेपालसरकारलाई थिच्ने तदवीरमा माइरा लागे। भीमसेन थापाले पनि आफ्ना सैन्यसङ्गठन गर्दै रही नवम्बरका आखिरमा[१८६] गजराज मिश्रज्यू र चन्द्रशेखर उपाध्यायलाई समेत काठमाडौंबाट रमाना गराए। सुगौलीमा पुगी २ दिसम्बरका दिन[१८७] नेपालसरकारका तर्फबाट यी २ जनाले र कम्पनीसरकारतर्फबाट ब्राडशाले सो सन्धिपत्रमा सहिछाप गरे।

४। सन्धिपत्रका शर्तका विषयमा भीमसेन थापाले अमरसिंह थापाको राय लिन आवश्यक देखेर गजराज मिश्रज्यू र चन्द्रशेखर उपाध्यायलाई काठमाडौं र सुगौलीमा ओहरदोहर गराइराखेका थिए। गजराज मिश्रज्यू सुगौलीतिर लाग्नेबित्तिकै नवम्बरका आखिरमा[१८८] अमरसिंह थापा काठमाडौंमा आइपुगे र तजबीज भइरहेका सन्धिपत्रलाई मञ्जूर गर्नामा ठूलो बाधा देखाए, तराई छोडेर त्यसका बदलामा नेपालका भारादारहरूलाई कम्पनीसरकारबाट दुइ तीन लाख रुपियाँ तलब बाँडिदिने गर्दा ती भारादारहरू कम्पनीसरकारका पक्षमा लाग्ने भई स्वतन्त्रतामा खतरा पर्ने कुरा देखाए, उसमाथि अनाहकमा त्यो तराई छोडेर सन्धिपत्रमा सहिछाप भएपछि फेरि मौका आइपरेमा पनि दखल गर्न जाँदा प्रतिज्ञाभङ्गको अपराध लाग्दछ भन्ने पनि देखाए, यस समयमा त्यस तराईमा कम्पनीसरकारका सैनिकले अधिकार गरिराखेका थिए तापनि दक्षिणमा मरहट्टा र पिँढारीहरू कम्पनीसरकारका विरुद्ध जमजमाइरहेका थिए, थोरै समयपछि ती तराईमा रहेका सैनिकहरूले हटेर दक्षिणतिर लाग्नुपर्ने आवश्यकता पनि देखाए। यो अवस्था परेपछि आफ्ना तराईमा अधिकार गर्न सजिलो हुने हुनाले सन्धिपत्रमा सहिछाप नगरेर अलमल्याइराख्न उचित छ भन्ने तिनको राय थियो। यदि यसबीचमा शत्रुले आक्रमण गरिहाले तापनि रैतीहरू सरकारका पक्षमा हुनाले महाभारतदेखि उत्तरतिरको पहाडखण्ड अवश्य बचाउन सकिन्छ भन्ने तिनको मत थियो। यो कुरा श्री ५ गीर्वाण र भीमसेन थापा आदि भारादारहरूका दिलमा चढ्यो।

---

१८२. आषाढका उत्तरार्धमा। १८३. श्रावणका मध्यमा। १८४. श्रावणका उत्तरार्धमा। १८५. कार्तिकका तेस्रो हप्तामा। १८६. मार्गका मध्यमा। १८७. मार्ग १९ गते। १८८. मार्गका मध्यमा।

यस कारणले सन्धिपत्र नगरेर अडिनामा सबैले कम्मर कसे । काठमाडौंका भारादारहरूलाई यसरी उत्साहपूर्ण गराएर भीमसेन थापाका सम्मतिअनुसार सिंधुलीगढीको रक्षा गर्नालाई अमरसिंह थापा हिंडिहाले ।

उता सन्धिपत्रमा सहिछाप गरिसकेपछि त्यसमा नेपालसरकारको मञ्जूरी गराएर श्री ५ गीर्वाणको लालमोहर लगाई ल्याउन भनी गजराज मिश्रज्यूले श्रीउमाकान्त उपाध्यायलाई काठमाडौंमा पठाए । दिसम्बरका मध्यमा[१८९] यी काठमाडौंमा आइपुग्दा भीमसेन थापाले "कम्पनीसरकारले नेपाली भारादारहरूलाई दिने दुइ तीन लाख रुपियाँका बदलामा त्यति उठ्ती हुने तराईको जमीन छोड्न सक्छ कि सक्दैन" भन्ने नयाँ सन्देश दिएर तिनलाई तुरुन्त हिंडाए । ब्राडशाले "हुन सक्छ" भन्ने मौखिक उत्तर दिएर तुरुन्तै काठमाडौंमा फर्काए । भीमसेन थापाले लिखितका अगाडि यस मौखिक बकितको केही मूल्य नदेखेर चूपचाप लाग्दा दिसम्बरका आखिरमा[१९०] ब्राडशाले गजराज मिश्रज्यू र चन्द्रशेखर उपाध्यायलाई समेत काठमाडौंमा पठाए । ई. सं. १८१६ का जनवरीका आरम्भमा[१९१] भीमसेन थापाले अमरसिंह थापालाई काठमाडौंमा डाकेर गजराज मिश्रज्यूसँग भिडाइदिए । अमरसिंह थापाका दलीलको उत्तर दिन गजराज मिश्रज्यूले सकेनन् । तर लेखिएका सन्धिपत्रलाई सरकारले मञ्जूर गरी लालमोहर लगाइदिएमा सो दुइ तीन लाख रुपियाँको साटो पर्सादेखि मोरङसम्मको तराई लिने भारा मेरो भयो भनी कुम ठोके । यस बकितलाई पनि अमरसिंह थापाले पत्याएनन् । यस समयमा धेरै भारादार अमरसिंह थापाका पक्षमा हुनाले सन्धिपत्र मञ्जूर गर्नामा केही ढीला हुने भयो भन्ने सन्देश दिएर भीमसेन थापाले गजराज मिश्रज्यूलाई ब्राडशाछेउ पठाए । जनवरीका मध्यमा[१९२] यिनबाट नेपालसरकारको विचार बुझेर ब्राडशाले सन्धिका कुरा बन्द गरिदिए ।

५ । कुमाउँ र बाह्रठकुराइमा गोरखाली सैन्यलाई जितेका सम्मानमा इङ्ग्ल्याण्डका उच्चाधिकारीहरूले माइरालाई अर्ल आफ् हेष्टिंग्ज र अक्टरलोनीलाई सर डेविड भन्ने पदवी दिएर प्रसन्न गराएका थिए । यस कारणले सन्धिका शर्त तय हुन केही ढीला हुँदैमा माइराले अगस्तमा[१९३] नै एक दल सैन्यका साथ बुटवलतिरबाट पाल्पामा आक्रमण गर्न कर्णेल जी. डब्ल्यू. एडम्सलाई र ४ दल सैन्यका साथ बारापर्सापट्टिबाट काठमाडौंमा आक्रमण गर्नाका निमित्त अक्टरलोनीलाई पठाउने अठोट गरेका थिए । भीमसेन थापाले पनि पाल्पाका मदतलाई कप्तान प्रसादसिंह बस्न्यातका साथ काठमाडौंबाट ५ सय जति सैनिक पठाई बारापर्सातिरबाट हुने आक्रमण रोक्नालाई कर्णेल रणवीरसिंह थापाका साथ ४ हजार तालीमी र त्यति नै बेतालीमी सैनिक खटाएका थिए । जनवरीका मध्यमा[१९४] सन्धिको चर्चा बिफल भएपछि आक्रमण गर्दा पाल्पापट्टि सैन्य पठाउने जरूरत नदेखी केवल काठमाडौंपट्टि आक्रमण गर्नालाई माइराले अक्टरलोनीलाई पठाए ।

अक्टरलोनीका साथ आएका पुगनपुग २० हजार तालीमी सैनिक र तोपहरू ४ दलमा बाँडिएर आए । एक दल सैनिक र तोप लिएर ठोरीको बाटो गरी मकवानपुरतिर बढ्नालाई कर्णेल निकोल्स रामनगरमा बसे । अर्को दल लिएर कर्णेल केली रतनपुरको बाटो गरी हरिहरपुरतिर बढ्नालाई... बसे । बाँकी २ दल सैनिक र तोपहरू लिएर अक्टरलोनी पर्सागढीको बाटो गरी सिमरामा* आइपुगे । यहाँबाट १० फरवरीका दिन[१९५] जलहीन भएको

* यो सिमरा भनेको अचेल रेलको ष्टेसन भएको सिमरा होइन, यहाँबाट ७ मील जति[१९६] पश्चिमपट्टि पुरानो सिमरा मौजा अचेल पनि आबादै छ ।

---

१८९. पौषको शुरूमा । १९०. पौषको मध्यमा । १९१. पौषका उत्तरार्धमा । १९२. माघको शुरूमा । १९३. श्रावण–भाद्रमा । १९४. माघको शुरूमा । १९५. फाल्गुन १ गते । १९६. तीन कोस जति ।

११ मील[१९७] जङ्गल पार गरी अमलेखगञ्जमा आएर मुकाम गरे। यहाँबाट ३ मील[१९८] फरकमा रहेका मूलबाटामा परेका चुरेका घाटामा शत्रुलाई रोक्नाका निमित्त रणवीरसिंह थापाले कप्तान वीरकेशर पाँडेका साथ २ हजार सैनिक पठाइराखेका थिए। यिनले मूलबाटाका दायाँबायाँका टिप्पाहरूमा आडहरू बनाएर राखेका हुनाले यी टिप्पा दखल गर्न र यिनका बीचबाट आफ्ना १० हजार सैनिक लैजान पनि अक्टरलोनीले महाकठिन देखे। ४ दिन अमलेखगञ्जमा मुकाम गर्दा शत्रुसैनिकका एक अफिसर कप्तान पिकार्सगीलले भालुखोलापट्टिबाट जाने पश्चिमतिरको एक साँगुरो बाटो अफीमका चोरव्यापारीहरूबाट पत्ता लगाए। वीरकेशर पाँडेले थाहा नपाउन् भनेर अक्टरलोनीले १४ फरवरीका दिन[१९९] रातमा सारा सैन्य र असबाब उठाई ९ बजे त्यसै व्यापारीलाई अगुवा गराएर जुनेली रातमा चुरे पार भई १५ फरवरीका[२००] बिहान चकरीमकरी भन्ने साना नदीका तीरमा मुकाम गरे। यो मुकाम जङ्गलका बीचमा हुनाले त्यहाँ शत्रु आएर मुकाम गरेको कसैलाई थाहा भएन। अमलेखगञ्जबाट एक्कासि शत्रु गुम भएको देखेर भालुखोलापट्टिबाट चुरे पार गरेको शङ्का भई उछिन्नालाई वीरकेशर पाँडेले आफ्ना सैनिक फर्काएर हेटौँडामा ल्याए।

६। चकरीमकरीमा बसेर अक्टरलोनीले वीरकेशर पाँडेको गतिविधि हेरिरहेका थिए। यिनलाई हेटौँडामा नदेखेर अचम्म भई त्यहाँ ३ सय जति सैनिक छोडेर अरू सैनिक लिई वीरकेशर पाँडे मकवानपुरमा पुगे। यी मकवानपुरतिर लाग्नेबित्तिकै २० फरवरीका दिन[२०१] अक्टरलोनीले आफ्ना सैनिक हेटौँडामा ल्याएर त्यहाँ रहेका गोरखाली सैनिकलाई भगाई एक साता मुकाम गरे। यिनका साथ रहेका १० हजार जति सैनिक र बडाबडा तोपसँग मैदानमा झरेर मुकाबिला गर्ने शक्ति गोरखाली सेनापतिमा नहुँदा मकवानपुरका गढीबाट दूरबीन लगाएर शत्रुको फूर्ति हेरिरहे। २७ फरवरीका दिन[२०२] अक्टरलोनीले मकवानपुरगढीका फेदीमा चौधरामाढी भन्ने ठाउँमा आफ्नो सैन्य लैजाँदा गढीबाट तोपका गोला बर्से। तर यी गोला बीचैमा सेलाउँदा शत्रुको केही नोक्सान भएन।

पूर्वपश्चिम लम्बाइ भएका डाँडाका पूर्वपट्टि अग्ला भागमा मकवानपुरको गढी र पश्चिमपट्टि माफ उकालामा सिकरकटेरी भन्ने गाउँ थियो। त्यस गाउँमा शत्रुको खबर लिन भनी सानो आड बनाएर ३ सय गोरखाली सैनिक रहेका थिए। २८ फरवरीका दिन[२०३] अक्टरलोनीले त्यो आड दखल गर्न भनी कर्णेल मीलरका साथ २ तोप र ४ हजार जति सैनिक पठाए। यिनले यो आड सजिलैसँग दखल गरे। यस ठाउँबाट तुरुन्त शत्रुलाई नहटाएमा गढीलाई घेरा पर्ने सम्भव देखेर २९ फरवरीका[२०४] बिहान ३ बजे नै त्यहाँ आक्रमण गर्नालाई रणवीरसिंह थापाले ४ हजार सैनिकका साथ शमशेर रानालाई खटाए। यिनले रातैमा शत्रुलाई चारैपट्टिबाट घेरा दिएर गोलाबारी गरे। रूखका अन्तरबाट गोली चलाउने गरेका हुनाले शत्रुका तोपको असर ज्यादा पर्न पाएन। दोपहर भएपछि घेरा दिइरहेका गोरखालीका उपर पनि तीनतिरैबाट आक्रमण गर्नालाई अक्टरलोनीले अरू २ हजार सैनिक पठाए। दुइतिरबाट मार पर्दा पनि गोरखाली सैनिक अडिएर लडे। तर दिनको ३ बजे भयङ्कर आँधी आएर दुवैतिरका सैनिकव्यवस्थालाई खलबल्याइदियो। पूर्वपट्टि शत्रुको घेरा नपुगेको हुनाले गोरखाली सैनिक त्यतैबाट हटेर गढीमा उक्ले। शत्रुसैनिक पनि आफ्ना थलामा अडिए। यस १२ घण्टाका लडाइँमा अङ्ग्रेजहरूका लेखा-अनुसार उनीहरूपट्टि २ अफिसर मारिने र २१० सैनिक हताहत भए, गोरखाली सैनिक २१७ मात्र परेका थिए। अक्टरलोनीका साथको सैन्य हेटौँडामा उत्रेको खबर पाउनेबित्तिकै निकोल्सले पनि आफ्ना साथमा रहेको सैनिक

---

१९७. पौने ५ कोस जति। १९८. सवा कोस जति। १९९. फाल्गुन ५ गते। २००. फाल्गुन ६ गतेका। २०१. फाल्गुन ११ गते। २०२. फाल्गुन १८ गते। २०३. फाल्गुन १९ गतेका। २०४. फाल्गुन २० गतेका।

ठोरीको बाटो गरी हरकुमारदत्त सेनका छोरा तेजप्रताप सेनलाई अगुवा गराएर त्यांई हेटौंडामा उतारेर १ मार्चका दिन[२०५] अक्टरलोनीका साथमा ल्याए ।

७ । हेटौंडामा अक्टरलोनी पुगेको खबर पाएर केली पनि ... अगाडि बढी २७ फरवरीका दिन[२०६] रतनपुरमा बसे । त्यहाँ आधा सैनिक छोडेर आफू अगाडि लागी बागमती तरेर २९ फरवरीका दिन[२०७] हरिहरपुरगढीनेर कुरकुरी भन्ने गाउँमा पुगे । त्यस गढीका रक्षाको भार अमरसिंह थापाका जिम्मामा रहेको हुनाले त्यहाँ रणजोर थापाका साथ १९ सय जति सैनिक राखिएका थिए । १ मार्चका[२०८] बिहानै यस गढीबाट ८ सय गज फरकका एक अर्द्धचन्द्राकार डाँडामा केलीले आफ्ना सैनिक चढाए । यो देखेर तुरुन्तै बिहान ६ बजे त्यस डांडामा रणजोर थापाले आक्रमण गरिदिए, लडाइँ चल्दा चल्दै दोपहर भयो । त्यस समयमा केलीले रतनपुरमा छाडेका सैनिक र बडाबडा तोप आइपुग्दा रणजोर थापाले आफ्ना सैनिक हटाएर गढीमा ल्याए । यस ६ घण्टाका लडाईंमा हताहत हुने सैनिकको सङ्ख्या थाहा पाइएको छैन तापनि दुवैपट्टिबाट रूखको आड लिई लडेका हुनाले दुवैपट्टि गरी २ सयभन्दा कमै सैनिक हताहत भए होलान् ।

यस दोस्रा युद्धमा अक्टरलोनीलाई चुरे पार गरेर आउन कदापि दिनेछैनौं भनी रणवीरसिंह थापा, शमशेर राना र वीरकेशर पांडेले सङ्कल्प गरेका थिए । मूलबाटामा परेका र शक्तिखोरपट्टि रहेका चुरेका घाटाहरूमा आड बनाई सैनिक राखेर शत्रुलाई रोक्ने प्रबन्ध मिलाइसकेका थिए । अप्रिल लागेपछि[२०९] तराईमा गर्मी बढेर रोगसमेत फैलिने हुनाले शत्रु त्यसै हटेर जानेछन् भन्ने यिनीहरूको विश्वास थियो । परन्तु चकरीमकरीपट्टिको बाटो दुर्गम र बेचल्तीको हुनाले यतापट्टि शत्रुलाई रोक्ने प्रबन्ध केही गरेका थिएनन् । यदि ३ सय जति मात्र गोरखाली सैनिक यतापट्टि डांडामा राखिएका भए आधा रातमा आएका अक्टरलोनीका सैनिकदलमा गडबडी मच्चिएर फर्कन करै लाग्दथ्यो । यस एक भूलले गर्दा शत्रुले चाँडै चुरे पार गर्ने मौका पाए । सिकरकटेरीका र कुरकुरीका लडाइँमा गोरखाली सैनिकले कम बहादुरी देखाएका होइनन् । गोरखाली सैनिकभन्दा शत्रुका सैनिक दोब्बर थिए तापनि गोरखाली सैनिकले ठेल्ने आँट गरेका थिए । तर उनका बडाबडा तोप र उम्दा बन्दूकसँग आफ्ना सहलिया बन्दूक र खुकुरीले मुकाबिला गर्न नसक्ता सिकरकटेरी र कुरकुरीबाट शत्रुलाई हटाउन नसकिने देखे । हरिहरपुरगढी छोड्न आवश्यक परिसकेको थियो । अप्रिलका आधासम्ममा[२१०] मकवानपुरगढी पनि छोड्नुपर्ने देखियो । चुरे पार गरे कैं कुध्याएर शत्रुले महाभारत पार गरेमा काठमाडौंसमेत खतरामा पर्ने देखेर भीमसेन थापाले सन्धिपत्र मञ्जूर गर्नु नै आवश्यक देखी श्री ५ गीर्वाण र रङ्गनाथ पण्डितज्यू प्रभृति भारादारसँग सम्मति मिलाएर गजराज मिश्रज्यूले सहिछाप गरेका सन्धिपत्रमा लालमोहर लगाइदिए ।

८ । काजी बखतवारसिंह बस्न्यात र चन्द्रशेखर उपाध्यायका हातमा यो सन्धिपत्र दिएर भीमसेन थापाले रातसाँझ गरी ३ मार्चका[२११] बेलुका मकवानपुरगढीमा पहुँचाए । ४ मार्चका दिन[२१२] चौघरामाढीमा गएर अक्टरलोनीका हातमा तिनीहरूले सौंपिदिए । ब्राडशाका हातमा यो सन्धिपत्र पुगेपछि माइराले युद्धबन्दको सूचना दिंदा मार्चका मध्यमा[२१३] अङ्ग्रेज सैनिक हटेर चुरे पार भए । सन्धिपत्रअनुसार पहिला राजदूत भएर १९

---

२०५. फाल्गुन २१ गते । २०६. फाल्गुन १८ गते । २०७. फाल्गुन २० गते । २०८. फाल्गुन २१ गतेका । २०९. चैत्रको चौथो हप्ता लागेपछि । २१०. वि. स. १८७३ वैशाखका शुरूसम्म । २११. वि. सं. १८७२ फाल्गुन २३ गतेका । २१२. फाल्गुन २४ गते । २१३. चैत्रका शुरूतिर ।

अप्रिलका दिन[२१४] साँझमा लेफ्टेन बायलु काठमाडौँमा आइपुगे। श्री ५ गीर्वाण र भीमसेन थापाले समेत बडो धूमधामसँग स्वागत गरी सर्दार बख्तबारसिंह बस्न्यातका शहरबाहिरका घरमा बास दिए। यहीँ आजसम्म भारतीय र अङ्ग्रेज राजदूत बसेका छन्। माइराले यिनलाई थोरै समयका निमित्त पठाएका थिए। दुइ तीन महीनापछि कुमाउँमा बिनिएका सर एडवार्ड गार्डनर राजदूत भएर आई आफ्ना रक्षाका निमित्त एक सय भारतीय सैनिक दूतावासमा ल्याएर सधैँ राख्ने नियम गरे। कलकत्तामा नेपाली राजदूत भएर चन्द्रशेखर उपाध्याय गए। हुनत सन्धिपत्रमा दुवैतिर मिनिष्टर ओहदाका दोस्रा दर्जाका राजदूत राख्ने शर्त थियो। तर माइराले आफ्ना राजदूतलाई आश्रित राज्यहरूमा रहेका राजदूतसरहको तेस्रा दर्जाको रेजिडेण्ट भन्ने ओहोदा दिएर राखे। नेपाली राजदूतलाई वकील भन्ने झन् सानो ओहदामा राखे। यस भेदभावको मतलब नेपाली भारादारले नबुझेका होइनन्। आफू मिचिएका हुनाले चूपचाप रहे। तर रेजिडेण्ट कहलाए तापनि अङ्ग्रेज राजदूतले नेपालका स्वतन्त्रतामा हस्तक्षेप गर्न नसकी मिनिष्टर सरह नै रहने गरे।

९। यो युद्ध र सन्धिपत्र गर्दा अङ्ग्रेजहरूले थिचोमिचो गरेकामा अमरसिंह थापालाई असह्य भएको थियो। यस कारणले पहिला युद्धका शुरूमा नै चीनसरकारसँग गुहारी सैन्य मागेर धर्माको बाटो गरी बङ्गालमा आक्रमण गराउनको लागि प्रार्थनापत्र पठाइबक्सियोस् भनी श्री ५ गीर्वाणलाई पत्र लेखेका थिए। तर यो पत्र अङ्ग्रेजहरूले बाटामा खोसेका हुनाले काठमाडौँसम्म आउन पाएन। यस समयमा चीनका मञ्चूसाम्राज्यको शक्ति गिर्न लागेको हुनाले र भोटको वीरान मैदान र हिमालयका विकट बाटाघाटा पार गरी बङ्गालमा आक्रमण गर्दा विशेष लाभ केही नहुने हुनाले सहायता मिल्न असम्भव थियो। तैपनि सन्धिपत्र सौँपिएपछि पनि अमरसिंह थापाले आग्रह गर्दा चीनसँग सैनिकसहायता माग्नामा श्री ५ गीर्वाण र भीमसेन थापा राजी भए। युद्ध पर्नाले पाँचपाँच वर्षमा पठाउने गरेको खलीता रोकिएको दुइतीन वर्ष भएको थियो। यसै साल अक्तूबरमा[२१५] अमरसिंह थापाका जेठा छोरा काजी भक्तवीर थापाका साथ मामूली खलीतापत्र पठाई मौखिक प्रार्थना गर्नू भनी अह्राए। तर यिनी डेढ वर्षपछि चीनमा पुग्ने हुनाले पहिले नै सैनिकसहायताको प्रार्थना भोटका प्रधानमन्त्री सैंच्यानजुङ र ल्हासामा रहेका चिनियाँ राजदूतहरूद्वारा पुगोस् भनेर यिनीहरूसँग डिगर्चामा भेटघाट गर्न भनी गार्डनरको आँखा छली भक्तवीर थापाका टोलीमा मिसाएर पठाए। नवम्बरमा[२१६] सैंच्यानजुङ र चिनिया राजदूतसमेत आई रणवीरसिंह थापा र दलमञ्जन पाँडेसँग चीनबादशाहलाई र आफूहरूलाई ल्याएको सौगात बुझी यिनीहरूको प्रार्थना सुने। तर सैंच्यानजुङले निरर्थक जवाफ दिई यिनीहरू आएको र कुरा भएको खबर लेखी सुवीमका राजाद्वारा बडालाठ माइरालाई पत्र पठाए। यसबाट नेपालीहरूले बदला लिने उद्योग छोडेका रहेनछन् भन्ने उनले बुझे।

□

२१४. वि. सं. १८७३ वैशाख ९ गते। २१५. आश्विन-कार्तिकमा। २१६. कार्तिक-मार्गमा।

## तेत्तीसौँ परिच्छेद

# युद्धपछि महारानी ललितत्रिपुरसुन्दरीको शासन र भीमसेन थापाको मुख्त्यारी

## ( ई. सं. १८१६–१८३२ )[२१७]

१ । आँधी थामिएपछि शान्तिस्थापना हुनु स्वाभाविक थियो । यस कारणले मकवानपुरबाट अक्टरलोनी फिरेपछि बचेका नेपाल राज्यमा सर्वत्र शान्तिस्थापना भयो । नेपालसरकारले छोडेका कुमाउँ–गढवाल र बाह्र-ठकुराइमा जो गोरखाली सैनिक रहेका थिए । तिनमा थोरै मात्र बम शाह, अमरसिंह थापा र बखतवारसिंह बस्न्यातका साथमा नेपालमा आएका थिए । अधिकांश सैनिकलाई अक्टरलोनीले उहीँ रोकिराखेका थिए । कुमाउँमा घरद्वार गरिरहेका थोरै गोरखाली सैनिक आफ्ना खुशीले उहीँ अडेका थिए । यी सबलाइ भीमसेन थापाले खारेज गरिदिए । यिनै सैनिक लिएर कम्पनीसरकारले भारतीय 'गुर्खा' सैन्यको जग बसाल्यो । जो सैनिक महाकाली-सिँगलीलाकाबीचका पहाडखण्डमा भर्ना भइरहेका थिए, तिनलाई थामे । तर ती सैनिकहरूमा आफ्ना भाइभतिजाका तैनाथमा रहेका लेटर, श्रीनाथ आदि पल्टनमा काठमाडौँ र पाल्पामा रहेका ६ हजार जति सैनिक र कप्तान, लेफ्टेन आदि अफिसरहरूलाई स्थायी सैनिक गराएर राखे । अरू चौतरिया, काजी र सर्दारहरूका मातहतमा काठमाडौँमा र अन्यत्र पहाडका अड्डा, गौँडा र गढीहरूमा रहेका भिन्नभिन्न कम्पनीका सैनिकहरूलाई जङ्गी पुलीसको रूप दिएर निजामती गराए । यस नियमबाट सबै चौतरिया, काजी र सर्दारहरू निजामती अफिसर भए ।

हुनता यिनीहरू भारादारीमा रहँदा निजामती र लडाइँका मैदानमा जङ्गी अफिसरको काम दिन्थे, अब केवल निजामती काममा ठेकिए । यस समयभन्दा पहिले काजीहरूमा घरका मुख्य एक जनाका नाममा खानगी भर्ना हुन्थ्यो तापनि उनका युवक छोराहरूसमेत काजी कहलाएर पिताका बराबरीको काम दिन्थे । अमरसिंह थापाका खानगीबाट तिनका छोरा भक्तवीर थापा, रणजोर थापा, अर्जुन थापा आदिसमेत काजी कहलाएर अरू काजी सरह काम दिइरहेका थिए । युद्धपछि यो नियम भीमसेन थापाले तोडिदिंदा अमरसिंह थापाले सरकारी नोकरी छोडिदिए । उनका जेठा छोरा भक्तवीर थापा मात्र काजी भएर चीन गए । अरू छोरा बेकार भएर रहे । यसै सालमा काजी रणजित् राणा परलोक हुँदा उनका जेठा छोरा बालनरसिंह राणाले मात्र कज्याइँ पाई विजयपुरका हाकिम भए र धनकुटामा गौँडा सारे । काजी कहलाइरहेका अर्का छोरा रेवन्त राणा बेकार रहे । ठाउँ खाली नहुँदा काजी अजम्बर पन्थ आदि खोसिए । यही हाल अरू काजीघरानाको भयो । बेकार रहेका काजी र काजीका छोराहरूलाई आलोपालो गरी कज्याइँ दिने नियम भीमसेन थापाले चलाए । काजी दामोदर पाँडेका छोरा रणजङ्ग पाँडेलाई सर्दारी दिए । काजीका छोराहरू काजी वा कप्तान हुन्थे । त्यसभन्दा कम दर्जामा भर्ना हुन आफ्नो अपमान सम्झन्थे । रणजङ्ग पाँडेले अङ्ग्रेजहरूलाई शत्रु बनाइसकेका हुनाले लाचार भएर नेपाल-सरकारको भर पर्नुपरेको थियो । यस कारणले अपमान सहेर सर्दारी कबूल गरेका थिए ।

---

२१७. वि. सं. १८७३–१८८८ ।

२ । अङ्ग्रेजसँगका युद्धमा जो हानि भइरहेको थियो, त्यसको दोष भीमसेन थापाका शिरमा अधिकांश भारादारहरूले मढेका थिए । यस कारण यिनीहरूले नवयुवक महाराज श्री ५ गीर्वाणलाई शासनको बागडोर लिन लगाई भीमसेन थापालाई उछिट्ट्याउने अठोट गरे । भीमसेन थापाका बनारसका साथी रङ्गनाथ पण्डितज्यू, प्राण शाह र दलभञ्जन पाँडे तिनका पक्षमा अटल रहे । यस समयसम्म श्री ५ गीर्वाणकी रक्षिका भएर रहेकी त्रिपुरीदेवीका हातमा नाम मात्रको भए पनि शासनको बागडोर रहेको थियो । ती भीमसेन थापाका हातकी कठपुतली बनिरहेकी हुनाले तिनको पक्ष छोडिनन् । श्री ५ गीर्वाणको उमेर १९ वर्षको भइसकेको थियो तापनि शासनको बागडोर लिन चाख मान्दैनथे । यस कारणले अरू भारादारको जोर नपुगेर भीमसेन थापाको शक्ति बचेर रह्यो । यस समयमा अर्थात् ई. सं. १८१६ का[२१८] बर्सादमा काठमाडौँमा बिफरको प्रकोप ज्यादा बढेर हजारौँ बालबालिका र युवकयुवतीसमेत मरे । बर्सात सकिएपछि पनि यो रोग नहटेर दिसम्बरका दिन[२१९] श्री ५ गीर्वाणको यसै रोगले स्वर्गवास भयो । यी बालककालमा पहिले सुवर्णप्रभाका र पछिबाट विद्यालक्ष्मीदेवीका काखमा बढेका थिए । सातौँ वर्षका उमेरदेखि यिनका पालनपोषणको काम त्रिपुरीदेवीले लिएकी थिइन् । शिक्षा दिने काम रङ्गनाथ पण्डितज्यूले लिएका थिए । तर भीमसेन थापाले क्षत्रियोचित शस्त्रशिक्षा दिनामा बाधा दिएका थिए । यस कारणले तिनमा राजसी स्वभाव नआई सात्त्विक स्वभाव भरिएको थियो । राज्यको काम मन्त्रीहरूलाई छोडेर देवताका पाठपूजामा मस्त रहन्थे । दयालु स्वभाव हुनाले राजभवनभित्र पशुपक्षी मार्न बन्द गरिदिएका थिए ।

(मसँग यस ग्रन्थको जति भाग थियो, त्यो यहीँ टुङ्गिएको छ । )

□

---

२१८. वि. सं. १८७३ का । २१९. मार्गमा ।

# नेवारराज्य र ब्राह्मण

**—महेशराज पन्त**

स्थिति मल्लभन्दा अघि नेपालमा जातपात थिएन । स्थिति मल्लले नै नेपालमा पहिले जातपातको व्यवस्था बाँधेका हुन् भन्ने व्यापक धारणा भएकोमा नेपालको प्रामाणिक इतिहास पाइएदेखि नै नेपालमा जातपात थियो भन्ने कुरा अनेकन् प्रमाणको आधारमा सिद्ध गरी पिताजी पं. नयराज पन्तले लेख प्रकाश गर्नुभएको पनि २९ वर्ष पुग्न लाग्यो ।[1] वर्णव्यवस्था मान्ने के कस्ता जाति नेपालमा पहिले थिए, अहिले एकै वर्णका मानिस पनि वेदका शाखाले, भाषाले र ठाउँ आदिले गर्दा विभिन्न वर्गमा छुट्टिएका देखिएकाले पहिले पनि त्यस्तै अवस्था थियो कि थिएन आदि प्रश्न मेरो मनमा यस अन्तरालमा खेल्न लाग्यो । यसले गर्दा नेपालमा जातिव्यवस्थाको प्रामाणिक इतिहासको जरूरत म देख्न लागें र यस विषयमा टिपोट गर्दै गएँ ।

नेपालमा अन्तभन्दा नेपालखाल्डोमा इतिहासको लागि काम लाग्ने लिखित सामग्री निकै पाइएकाले मेरो टिपोटमा यतातिरकै सामग्री बढी पर्नु अस्वाभाविक भएन । यसैले नेपालखाल्डोमा बसोबास गरिआएका, नेवारी-भाषी द्यौभाजू वा राजोपाध्याय भनी चिनिने एक थरी ब्राह्मणहरूको विषयमा ती सामग्रीहरूको आधारमा मैले लेख्न थालें । जर्मन-अनुसन्धानार्थसभाको सहायता लिई नेवारराज्यका कानूनी र अर्थसम्बन्धी इतिहासको साधनको अनुसन्धान गर्दै जाँदा ताडपत्रमा लेखिएका लिखतपत्रको फोटो र पाठको मसँग निकै राम्रो सङ्ग्रह यसैबीच हुन गयो । ती लिखतपत्रको एक अंश मात्र उपयोग गर्दाखेरि नै मेरो लेखले निकै ठूलो रूप लिएको देखेर ती लिखतपत्रको पूरै उपयोग गरेर लेख लेख्नु मैले उचित सम्झें र ब्राह्मणको चर्चा परेका लिखतपत्र जति लिखतपत्रको रासबाट छुट्ट्याउँदै गएँ । ती लिखतपत्रमध्ये धेरैजसो अहै अप्रकाशित अवस्थामा रहेकाले ती लिखतपत्रको मेरो लेखमा ठाउँठाउँमा निर्देश गर्नुपर्दा ती पत्र छाप्नु नै पर्ने भयो र ती पत्र पनि गाभ्दा त्यस लेखले एउटा ठूलै पुस्तकको रूप लिने भयो । त्यसैले ब्राह्मणको चर्चा परेका, अहिलेसम्म प्रकाशमा नआएका लिखतपत्र **पूर्णिमामा** क्रमशः प्रकाश गर्दै जाने मैले विचार गरें । अनि मैले त्यस्ता लिखतपत्रको कालक्रमानुसार सूची बनाएँ र प्रकाशितको हकमा चाहिँ कहाँ छापिएको हो, ती पुस्तक वा पत्रिकाको पूरा निर्देश गर्ने र अप्रकाशित जतिको पूरा पाठ दिने गरी **पूर्णिमामा** क्रमशः प्रकाश गर्दै जाने विचार गरें ।

**पूर्णिमाको** यस अङ्कमा प्रकाशित र अप्रकाशित गरी जम्मा २३ वटा लिखतपत्रको चर्चा परेको छ र वि. सं. १२०९ देखि १५०६ भित्रका यी लिखतपत्रमध्ये १५ वटा पहिले प्रकाश भएका थिएनन् । यहाँ अहिले प्रकाश गरिएका लिखतपत्रमा आएका ब्राह्मणहरूको नाउँ र वतन भिन्नै अक्षरमा दिइएका छन् । यी लिखतपत्रको सूचीमा प्रकाशित लिखतपत्रहरूको चर्चा गर्दा त्यही त्यही पुस्तक वा लेखको चर्चा बारंबार आइरहने हुनाले तिनको छोटकरी रूप तत्तत्स्थानमा दिइएका छन् । यस अङ्कमा आवश्यक भए जति पुस्तक वा लेखको छोटकरी रूप र तिनको समग्र रूप खुलाई रचयिताको नाउँको वर्णक्रमानुसारको तालिका यस प्रकारको छ—

---

१. वि. सं. २०२१ मा प्रकाशित **पूर्णिमाको** २ अङ्कका १–१० पृष्ठमा छापिएको स्थिति मल्ल तथा जातपात भन्ने निबन्ध । विशेष अक्षरमा छापिएका वाक्य त्यही अङ्कका १ र ९ पृष्ठमा क्रमशः परेका छन् ।

पूर्णरत्न वज्राचार्य २०४४

= वि. सं. २०४४ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित **अभिलेखको** ५ अङ्कमा छापिएको, पूर्णरत्न वज्राचार्यको **भूमिसम्बन्धी केही तमसूक–ताडपत्र** भन्ने निबन्ध, सो अङ्कका ५०–६१ पृष्ठ ।

पूर्णरत्न वज्राचार्य २०४५

= वि. सं. २०४५ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित **अभिलेखको** ६ अङ्कमा छापिएको, पूर्णरत्न वज्राचार्यको **भूमिसम्बन्धी केही** तमसूक–ताडपत्र भन्ने निबन्ध, सो अङ्कका ८०–९९ पृष्ठ ।

बर्नहार्ड क्योलभर र हेमराज शाक्य २०४२

= वि. सं. २०४२ मा जाङक्ट आगुस्टीनबाट फेराइनिगुङ फुइर गेशिखट्सविसेनशाफ्ट होखआजिआन्ज–विसेनशाफ्ट फेर्लाग गेएमबेहाद्वारा प्रकाशित, बर्नहार्ड क्योलभर र हेमराज शाक्यको डक्युमन्ट्स् फ्रम् द रुद्रवर्ण–महाविहार, पाटन् [ पाटनको रुद्रवर्णमहाविहारका लिखत ]

महेशराज पन्त २०४७

= वि. सं. २०४७ मा प्रकाशित **पूर्णिमाको** ७७ अङ्कमा छापिएको, महेशराज पन्तको **ताडपत्रमा लेखिएका, अहिलेसम्म प्रकाशमा नआएका, विक्रमको चौधौँ शताब्दीका १५ वटा लिखतपत्र** भन्ने निबन्ध, सो अङ्कका १–१४ पृष्ठ ।

**रोलम्ब** २०४०

= वि. सं. २०४० मा ललितपुरबाट जोशी रिसर्च इन्स्टिच्यूटद्वारा प्रकाशित **रोलम्बको** ३ वर्ष ४ अङ्कको २४ पृष्ठमा छापिएको **इतिहासको कुरा** भन्ने निबन्ध ।

शङ्करमान राजवंशी २०४०

= वि. सं. २०४० मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित; शङ्करमान राजवंशीको **भूमिसम्बन्धि तमसूक ताडपत्र** १ भाग ।

शङ्करमान राजवंशी २०४१

= वि. सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित; शङ्करमान राजवंशीको **भूमिसम्बन्धी तमसूक–ताडपत्र** २ भाग ।

हेमराज शाक्य २०३७

= वि. सं. २०३७ मा ललितपुरबाट बुद्धजयन्तीसमारोहसमितिद्वारा प्रकाशित, हेमराज शाक्यको **शिवदेव संस्कारित श्री रुद्रवर्ण महाविहार स्थित तालपत्र–अभिलेख** ।

१ सङ्ख्या

ने. सं. २७२ [वि. सं. १२०९] वैशाखशुक्लपूर्णिमा

यो पत्र हेमराज शाक्य २०३७ : १५ मा र बर्नहार्ड क्योलभर र हेमराज शाक्य २०४२ : २०१–२०३ मा छापिएको छ ।

२ सङ्ख्या

नै. सं. ४४६ [वि. सं. १३८२] फाल्गुनशुक्लअष्टमी

यो पत्र महेशराज पन्त २०४७ : १२–१३ मा छापिएको छ ।

३ सङ्ख्या

ने. सं. ४८३ [वि. सं. १४२०] भाद्रशुक्लत्रयोदशी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई २२३२/१४

मूलपाठ

१. ॐ श्रेयोऽस्तु ।। सम्बत[2] ४८३ भाद्रपदशुद्धि १३ श्रीग्वाछेंबहार भिक्षु श्रीञ्जथविरपाजुस ।। श्रादिन सर्व्वसंघ(स)[3]-

२. मूहस हस्तोदारसन्दम शिवकामेककर्षादिक प्ल मेकाङ्क प्ल १ कष १ तस्य भोगबन्दकोदेस स एव ग्वाछे-

३. बहार खण्डचोक येकुलिछे कुनमेक०ॱ द्वार १ लिफु स्मेत बिय शीमासह ।। तलपत्तरहित ।। प्र × ×[4] पति गोंपतिभावो

४. पोलेस ॱ उदारपा जुरो०ॱ भाषा ङा दं  पयाच मदो जुरो०ॱ ङा दंन लितो पयाच दो जुरो०ॱ — —[5]

श्रीधनि जसभावो जुरो०ॱ

५. सायेस भिग्व दाम जुरो०ॱ अत्र पत्राथे साक्षि श्रीहटखानिह्मं द्विज श्रीगोव्रधनजुस मेकं दृ(ष्ट) ज्ञाताश्चः ।। शुभ ।।

४ सङ्ख्या

ने. सं. ४८४ [वि. सं. १४२०] मार्गकृष्णचतुर्दशी

नेपाल राष्ट्रिय अभिलेखालयमा बट्टाको सङ्ख्या ६९, क्रमसङ्ख्या १०१६ मा मूल पत्र छ ।

मूलपाठ

१. १ श्रेयोऽस्तुः ।। सम्बत् ४८४ मार्ग्गशिरकृष्णचतुदस्यान्तिथौ ।। श्रीपसुपतिमहास्थाने श्रीग्वलो नकछें-

---

२. मूलमा म्ब र तको बीचमा पर्ने गरी माथि खाली ठाउँमा च्छ लेखिएको छ, त्यसको प्रसङ्ग भने मिलाउन सकिएन ।

३. मूल भाँचिएर गएका वा स्पष्ट नभएका अक्षर प्रसङ्गानुरोधले यहाँ यस्तो ( ) कोष्ठभित्र पढिन्छन् । यहाँ मूल भाँचिएकोले सको अघिल्लो भाग अलिकति देखिन्छ ।

४. मूलमा भाँचिएर गएका अक्षर यस्ता × चिह्नले जनाइन्छन् ।

५. मूलमा अस्पष्ट भई पढ्न नसकिएका अक्षर यस्ता — चिह्नले जनाइन्छन् ।

कुटुम्बज द्विजवर श्रीशिवदासउपाध्यायजुस[६] ।। श्रीमानेगल श्रीहटकोविहार सोठविहारकुटुम्बज प्रधान-महापात्र श्रीजयतेजरामवन्मस ।। श्रीयंबू श्रीदाथबहार-

२. कुटुम्बज पात्र श्रीजयतेजवर्धनवन्मादिभ्रात्यपात्रसहस ।। एते तिभय अपासयस स्वविद्यमानेन मितिपत्रिका[७]-लिक्षितेन ।। स्वशामरशा श्रीटेडोबहारमद्धिवाशिन शिक्षिलीकार जयरामभारोस नामाय पुत्रपोत्रादि मिति-पत्रिका सम्प्रदत्ता भवन्ति ।। भाषा विवा-

३. ह चेत ग्वाल मोल थुते आदिन छोछीनोसवु अविवेखन वजन बिय मटेव । चेत वदावन विवाह वन्दाकन थुतेस जुको सामरगीस सोचन अपासेस मन्दरपकोन विवेख जुयमाल्व ।। ग्वाल मोल स्वान मोल्व ममाल्व ।। थुते अपासेसन खवथे लाखरप विवेखन सो-

४. सन लाखरप येजमाल्व जुरो० ।। थुते भाषाया साक्षि श्रीथंबहिरि द्विज श्रीत्रञ्जुस ।। श्रीनोगल ह्लोल्व-विहार श्रीज्यन्त महाथभारोस ।। श्रीकोविहार तव ह्लङ्चा मुलमीस ।। श्रीयंबू यथनिम्म जयपतिभारोस ।। श्रीयङ्गल मनसबहार लक्ष्मचन्दभारोस एते दृष्टेति ।।

५ सङ्ख्या

ने. सं. ५०३ [वि. सं. १४४०] ज्येष्ठकृष्णअष्टमी

यो पत्र शङ्करमान राजवंशी २०४० : ७९–८० मा छापिएको छ ।

६ सङ्ख्या

ने. सं. ५११ [वि. सं. १४४८] वैशाखकृष्णद्वादशी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १०६७/३१

मूलपाठ

१. ❈ श्रेयोऽ[स्तु][८] ।। सम्बत ५११ वै[श]ाखकृ[ष्ण]द्वादस्या० ति[थौ] । ललीतब्रूम्याया[९] श्रीनोग्लके ।।

---

६. यी शिवदास उपाध्यायसँग वि. सं. १४३७ वैशाखकृष्णअमावास्याको दिन सूर्यग्रहण लाग्दा स्थिति मल्ल र उनकी रानी राजल्लदेवीले दीक्षा लिएका थिए (गोपालराजवंशावलीको ५९ क पत्रका ४–५ पङ्क्ति) । यी शिवदास उपाध्याय वि. सं. १४४४ आषाढशुक्लनवमीको दिन परलोक भए (गोपालराजवंशावलीको ६३ ख पत्रका १–२ पङ्क्ति) ।
(वि. सं. २०४२ मा स्टुट्गार्टबाट फ्रन्स स्टाइनर फेर्लाग बीस्वादेन गेएम्बेहाद्वारा प्रकाशित, धनवज्र वज्राचार्य र कमलप्रकाश मल्लको द गोपालराजवंशावलीबाट)

७. बाइमात्राको डिकोभन्दा माथिको भाग मूलमा लेखिएको छैन ।

८. मूलमा मसी मेटिएका अक्षर यहाँ यस्तो [ ] कोष्ठभित्र पढिन्छन् ।

९. श्रीनोग्लकेका अगाडि लेखिएको कुनै अक्षर केरी माथि खाली ठाउँमा ललीतब्रूम्याया थपिएको छ । पङ्क्तिको सङ्केत दिँदा त्यहाँ १ लेख्नु पर्नेमा भ्रमवश २ लेखिएको छ ।

पोव्वस्थ ।। श्रीदाथोला विसुनिछें० निन्म० द्विजवर श्रीवंकुलिदेवजुस ।। नाम्नेन स्वकियं स्वभुजिमानिक० तत्रैव ग्यालछे वंटागृहाद्विवाशिनो ।। लोतोभावोस नाम्नेन सकाशात् ।। स एव बिसुनिछें०-निन्मं वंकुलि व्यजनवाडिकाभूना-

२. म[प्र]देसे ।। धनिकस्य गोसालभूमिकाया पछिमत ।। सखुभारोस वयंवं गोसालभूमिकाया उर्त्तत ।। जयवमसुल्मीस चोखागृहपराकारशिमाया० पोव्वतो० दषिनत ।। एतत्मधे बिसुनिछेनिन्म वंकुलिव्यंजनवाडिकाभूं स्वक्रयपरिभोग्य० ता व्यजनवाडिकाभूं तद्यथानग्रप्रवत्तमानसंश्चाराघ-

३. न जथोश्चि[त] मूलमादा[य] क्रयविक्रयस्वादिनेन [ते]नानिविक्तिकन्यायेन क्रेन विक्रीत भवत्ति मिद० ता व्यंजनवाडिकाभू संकतव्यावादकाले तर्दा धार्ण्णकेन सोधनिय० अत्र पत्राथे द्विढकरनाय साक्षिः श्रीभंगारि वंथछे० मेगशिभारोस ।। मेक दृष्ट प्रमानमित्तिः शुभमस्तु सर्व्वकालंः शुभ

(पछाडिपट्टि बायाँ)

१. बिसुनिछेनिन्मं वंकुलि वयंवं क्रयपत्र ।।
२. भाषा धार्ण्णकसभूंस ।। थ्व वयंवंया छें गोसा-
३. ल गोकाले पाखा हायके तेव ।। ग्वाखङ्या-

(पछाडिपट्टि दायाँ)

१. ल म
२. तेव
३. जुरो

७ सङ्ख्या

ने. सं. ५२० [वि. स. १४५७] भाद्रशुक्लचतुर्थी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई २६८३/१०

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ।

मूलपाठ

१. १ । श्रेयोऽस्तु ।। सम्बत ५२० भाद्रपदशुक्लचतुथ्याया० ।। श्रीललितब्रुमाया० । श्रीमानीग्लकेः पश्चिमस्थ ।। श्रीविद्याधरसोमकारित जसोधरवम्म श्रीनकबहार युकुलिग्रहवास्तव्य शाक्यभिख वजाचार्य्य श्रीकुलदतपालजुस नाम्ना० शकाशात ।। खालाछलाछ वंटा यंटाछेंवाशिन पर्व्वतमालाकार भीमः भ्रात्य राज द्वयो नाम्नेन स्वकीयं स्वभूज्यमानिक० ।। ज्यार्ठाशको-

२. वाटिकानामप्रदेशे ।। श्रीदक्षिनबहारप्रधानमहापात्र श्रीजयराजवन्मस भ्रात्य भ्रात्यपुत्रसहस वाटिकायां पश्चिमत । मंकोमगुद्धि जयरामकस्यः श्रीसोहलनिमं द्विजवर श्रीसिवाजुस द्वयो वाटिकायां उर्त्तररत । धनिकस्य वाडचं वाटिकाया० पूर्व्वत । स्वबहार श्रीबोदराजवाहिंसः मंकोमगुद्धिछें० जयतकस्य द्वयो वाटिकाया० दक्षिनत ।। एतेषा०

३. मध्ये: प्ल मेकाधिक ् कर्ष मेकां कृत वाटिका कर्ष १ प्ल १ ता वाटिका सकप्रक० स्पर्यरिश्रोद्र० ॥ तद्यथा-नगरप्रवर्त्तमानसंचारार्घेन यथोच्चितमोल्यमादाय क्रयविक्रीस्वादीनापि तेनानिवृर्त्त क० न्यायेन क्रयेन विक्रीतं भवति ॥ ता वाटिका संघटव्यावादकाले तदा धार्ण्णकेन सोध्य ॥ शाक्षि वंला मंक्रोमगुद्धि येटाछें लुन्तउक्रा एक दृष्ट ॥ प्रमान शुभ ॥

(पछाडिपट्टि बायाँ)

१. ॰ सम्बत ५५७ थ्व संवछलश ् कास मनिकपाल मामन बिया श्रीमनि-
२. कपालया वंथो द्यं वल जुरो अशिकोन छेया दम्म ९ मफाले थ्व दाम
३. लिव बिमाल किज हरपाल बिये मलाकसं थ्व दाम बिय ममाल्व जु-
४. रो थ्वते भाख शाहंशकेवु चोता दो शाषि श्रीमुतजुस लिषित छुपया
५. दृष्ट

(पछाडिपट्टि दायाँ)

॰ ज्यार्ठशिको बल क्रयपत्र ॥

८ सङ्ख्या

ने. सं. ५२० [वि. सं. १४५७] आश्विनशुक्लपञ्चमी

यो पत्र शङ्करमान राजवंशी २०४१ : ५१–५२ मा छापिएको छ ।

९ सङ्ख्या

ने. ५३३ [वि. सं. १४६९] मार्गकृष्णत्रयोदशी

यो पत्र रोलम्ब २०४० : २४ मा छापिएको छ ।

१० सङ्ख्या

ने. सं. ५३५ [वि. सं. १४७२] वैशाखशुक्लपञ्चमी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १९७०/४९

मूलपाठ

१. ॰ श्रेयोऽस्तु ॥ सम्बत ५३५ वैशाखशुद्धि ५ धनि कोथो थंव ॥ जयराजमूलमीसकें ॥ रनिया येथछें ॥ प्रजापति
२. वुदियकुरन ॥ ह्लस दतो आबिदि भोगब ॥ त्याङ हया गुदम्म शिवका एकबिस शिवकाङ्क मेक प्ला कृत
३. प्ल १ शिवका २१ तस्य भोग बू० बिसूनिगाड झोह्ल बू रोव ४ प्रते भिक्षु श्रीसघुनिजुस पोलेस त्याङ हया० ्
४. सायेस दाम ॥ पह्लिबिहे चोया दो ॥ साक्षि द्विज श्रीसंघराजजुस ॥ श्रीहाकोभारोस ॥ आत्य लोतोथकुर तृय दृष्ट

११ सङ्ख्या

नेे. सं. ५३८ [वि. सं. १४७५] आश्विनशुक्लप्रतिपदा

यो पत्र पूर्णरत्न वज्राचार्य २०४५ : ८०–८१ मा छापिएको छ ।

१२ सङ्ख्या

ने. सं. ५३९ [वि. सं. १४७६] आषाढकृष्णनवमी

यो पत्र पूर्णरत्न वज्राचार्य २०४४ : ५४–५५ मा छापिएको छ ।

१३ सङ्ख्या

ने. सं. ५४० [वि. सं. १४७७] वैशाखशुक्लप्रतिपदा

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १९६१/३०

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

मूलपाठ

१. ᳲ श्रैयोऽस्तु ।। सम्बत ५४० वेसाषशुक्ल ।। प्रतिपद्यायां तिथो ।। श्रीललितब्रुमाया ।। श्रीमानिग्लके दक्षिनत ।। जेष्टग्राम जतलं श्रीनिह्मंगृहवास्तव्य ।। स्वगोत्र भ्राता हेदयभारोस ।। नाम्नाय सकासात् ।। स्वगोत्र भ्रात्य लूंतराजभारोसः नाम्नेन स्वकि स्वपुजिमानिक० पाकोक्षत्रना[म]प्रदेसेत ।। धरशिनाया पस्चिमत ।। स्वल्पमागस्य ।। × × ×

२. पूर्व्वत ।। श्रीयोथो वंकु यंथछे प्रजापति जोतिथकुरकस्य क्षेत्रे ।। दक्षिनत ।। एततमध्ये वपलङ रोव ।। एकारह रोपनि जत क्षेत्र रोव ११ अधभागतो क्षेत्रे आबीदि व्रर्ष ५ ता क्षेत्र पंञ्चव्रषावदिना बंदकतेनोस तेन गृहीतं ।। गुदम्म शिवकामेक ऋषा कृतः द्वय प्ला कृत प्ल २ ऋष १ ता क्षत्रे सूवस्तापविदि स्यात् ।। लाभ वर्षभोगमा-

३. त्रन ।। ता क्षत्र सत्या देव क्राचित विनासंकष्टव्यावादकाले ।। तदा धान्यकेन सोधनियं० प्रत्ये सेष्टमूलमी पोलेस उदारपं भोगन ज्वङा ।। सायेस दाम याङन माल्व ।। पह्लिबिहे चोता मदो ।। साक्षि

द्वं

श्रीथंबू बषनिह्मं द्विज श्रीविक्रमराजजुस ।। श्रीथपाटराजकुल ।। हाकोभावोस ।। स्वगोत्र जीवाभावोस ।। तृय दृष्ट प्रमान शुभ ।।

(पछाडिपट्टि)

पाकोवू आबिदिपत्र चोता०

१४ सङ्ख्या

नेे. सं. ५४१ [वि. सं. १४७७] पौषशुक्लद्वितीया

नेपाल - जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई २२३७/२०

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको गोलो छाप छ । छापको बीचमा श्री, श्रीको दायाँ मा, श्रीको तल नी, श्रीको बायाँ ग र श्रीको माथि ल लेखिएका छन् ।

मूलपाठ

१. ९ श्रेयोऽस्तुः ॥ सम्बत ५४१ पोखशुक्लः दुतियातिथौ ॥ श्रीललिटंब्रमाया ॥ श्रीमानेग्लके दक्षिनथाने ॥ भेत्ररथ्यया० श्रीवंलाः श्रीपीथो वंलानिमंकुतुंबज द्विजवर श्रीहरखपतिजुसः श्रात्यसहस नामन सकासात ॥ तत्रेव दक्षिनविहारे० श्रीगाडविहारकुतुंबजः प्रधानाङ्गपात्र श्रीहरखपाल-

२. वन्मनस नामनेः स्वकिये० सुबूजमानिक० चाध्वाखाः खारसिबाटिकानामप्रदेसे ॥ मार्गशिमायाः पछिमत ॥ श्रीगाडविहार श्रीजगजोतिपालवन्मनसः सोह्लनिमः द्विजवर श्रीजयतरामजुसः एते द्वय वाटिकाया उत्रत ॥ तत्रेव श्रीजगादेववन्मनस वाटिकाया पूर्व्वत ॥ श्रीदक्षिनविहारमहा-

३. पात्र श्रीजयध्रमशिह्ङवन्मनस वाटिकाः स एव यथबहारवोः धार्ण्णकसवोः बादभुः खारः एते भूमिकाया दक्षिनत ॥ एतेखा मधेः । त्रय ऋष प्रमाननः वाटिका ऋष स्व ३ बादभू वाहिकः ता वानिका सऋषं स्मपरिभोज्ञः जद्यस्थानग्रप्रवतमानसंचारघेन मुल्यमादाय ऋयविक्रीस्वादिने ऋ न

(दायाँ फट्केमा पहिला दुइ पङ्क्तिको हाराहारीमा)

१. विक्रीय-

२. त भवति

(पछाडिपट्टि बीचमा)

१. जदि सत्या संखटव्यावादकालेः तदा धार्ण्ण पात्राना

२. परिसोधनिय० अन्नार्थे साक्षि धार्ण्णपुत्र प्रधानांगपात्र श्रीजयजितपालस श्रात्य तिभस[१०] श्रीनकबहार येटा-

३. छे गुनिमुलमीस दृष्टः ॥ पुन भाष स्व ऋस ने

४. ग्वालतोः वलः स्व ऋस नोयकेमाल्व जुरो०

(पछाडिपट्टि छेउमा)

१. वा टिका

२. क र्ष ३

---

१०. साक्षिपछि यस्तो ˘ चिह्न दिई खाली ठाउँ धार्ण्णदेखि °नांगसम्म पहिलो पङ्क्तिमा, पात्रदेखि °पालसम्म दोस्रो पङ्क्तिमा, °सदेखि तिभससम्म तेस्रो पङ्क्तिमा थपिएको छ । त्यसपछि पङ्क्तिको सङ्केतको रूपमा २× लेखिएको छ ।

१५ सङ्ख्या

ने. सं. ५४६ [वि. सं. १४८२] पौषशुक्लसप्तमी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १०६७/३६ र ई २२३८/३१

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ।

मूलपाठ

१. ९ श्रेयोऽस्तु ॥ सम्बत ५४६ पौषशुक्लसप्तम्यायां॰ ॥ श्रीललितब्रुमायां॰ ॥ श्रीमानीगल भ्वत वंटाव्राशिनोः शेखरामनायककीयनाम्ना॰ सकासात ॥ श्रीछुकलं थंबीछेंवाशिन सोमबंदकस्य नाम्नेन स्वकीयं स्वभूज्य-मानिक॰ ॥ थंथछें ल यथो वाटिकानामप्रदेशे ॥ हटखा कोनालछें ग्रखयकस्य वाटिकाया॰ पश्चिमत ॥ हटखा कोनालछें लोतोकस्यः श्रीमानीगल महिछें द्विजवर श्रीउल्लाससन्मजुस वाटिका द्वयो वाटिका-

२. या॰ उत्तत ॥ बृहत्मार्गशीमाया॰ पूर्व्वत ॥ श्रीछुकल॰ श्रीविद्यापीठिवाशिन लुन्तकस्य वाटिकाया॰ दक्षिनतश्च ॥ एतेषा॰ मध्येः सार्द्ध सहकर्षकप्रमानवाटिका कर्ष १ ॥ ता वाटिकामेकर्षक॰ सोपरिभोज्ञ॰ ॥ तद्यथानगरप्रवर्त्तमानसंचारार्घन जथोश्रितमुल्यमादाय क्रीविक्रीस्वादीनेन तेनानिवृर्त्तक॰ न्यायेन क्रयेन विक्रीत भवति ॥ ता वाटिका संषटव्यावादकाले धार्णकेन सोधनीय॰ ॥ साक्षि श्रीयोथ कोछेंलाछ वटा दुठिगने-

(पछाडिपट्टि)

छेंवासिनो यंटा ढंगुरिस एक दृष्ट ॥ थंथछें ल्ल यौथ्व बल क्रीपत्र

१६ सङ्ख्या

ने. सं. ५५३ [वि. सं. १४९०] ज्येष्ठशुक्लपञ्चमी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १८३५।४४

यस पत्रको बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ। त्यस छापको फोटो स्पष्ट नभएकोले अरू बयान गर्न सकिंदैन।

मूलपाठ

१. ९ श्रेयोऽस्तु ॥ सम्बत ५५३ जेष्टशुक्लपंचम्यायां तिथौ ॥ श्रीललितब्रुमाया ॥ श्रीमानिग्लके उत्तत ॥ श्रीसोहलनिह्म कुतुवज द्विजवर श्रीरोदासजुस भ्रात्यसह तिभेस नाम्ना सकाशात् ॥ वंतषाग्रहाद्धि-वास्तव्यः प्रितिराजभारोसः भ्रात्यः नाथु भारोसः थ्वते भ्रात्यसहस नाम्नेन स्वकियं शु(भुज्यमा)-

२. निक॰ ॥ योद्योलक्षेत्रनामप्रदेसे ॥ स्वलपमार्गस्य पश्चिमत ॥ मेलषाबाहारः जयरामया क्षेत्रे ॥ श्रीबह्नबाहार श्रीबंदेसङ्गया क्षेत्रे ॥ श्रीयंग्लः प्रजापतिया क्षेत्रे एते शिमाक्षेत्रे उत्तत ॥ धरशिमाया नायमदिलंशिमाया पूर्व्वत ॥ धरशिमाया दक्षिनत ॥ एतेषा मधे ॥ एतेषा ××× 

३. ततक्षेत्रे अथारह रोपनिक जतक्षेत्रे बु रोव प्यक १८ ततक्षेत्रे सकषकं समपरिभोग्य०् ।। जथानगरप्रवतमान-संचाराघेन जथोचितमुलमादाय क्रियविक्रीस्वादिनेन तेनानिवर्त्तकंन्यायेन क्रयेन विक्रीयतं भवति ।। संषत-व्यावादकाले धारनकेन परिसोधनिय०् । ×××××

४. ह्मोतल थेथे बु लिपु ह्ङपु मह्व ।। प्रते ह्ङा त्याङ तया लेया देया ङ दव ल्याषसनो: तवषंद बु लितिङ तया ल्याषसनो बरसान जुकोया: थ्वतेया ल्याषन थ्व बु काया जुरो: परिभाषा तवषंद बु मसोधकालेनो: थ्व बु मसोधकालेनो: ह्ङा बंदक जोङ तया: षारशि बु: धनिसन: चचरपं ×××××

५. रो०् ।। उदारपति थोङान चास याङा धास्यं धनितो हार मह्व ।। अंक मवाको रनिसन दुं तंङ यंजमालव ।। संषतव्यावादकाले धारनकेन परिसोधः शाक्षि श्रीपुलचोबहिरि ब्रह्मचर्ज श्रीअषयशिरि यवरपाजुसः श्रीयेत × बाहारः विरशिमूलमीसः श्रीपानेश्वरबाहारः ××××××

(पछाडिपट्टि)

१. १ परिभाषाः दंछिन ह्ङाः पयातवकाले:
२. प्यफलत्या अंकन पयाचकेमाल्वः दंछि-
३. न लिपयाव मह्व जुरो०् । पयाकाले दंछिया
४. वा धनिस जुरो०् योदोलबु क्रीपत्र जुरो०्

१७ सङ्ख्या

ने. सं. ५५६ [वि. सं. १४९२] फाल्गुनशुक्लअष्टमी

यो पत्र पूर्णरत्न बज्राचार्य २०४४ : ५६–५७ मा छापिएको छ ।

१८ सङ्ख्या

ने. सं. ५६० [वि. सं. १४९७] वैशाखशुक्लपञ्चमी

नेपाल राष्ट्रिय अभिलेखालयको बट्टाको सङ्ख्या ७०, क्रमसङ्ख्या १०३२

मूलपाठ

(बायाँपट्टि छेउमा)

१. ᳵ सम्बत ५६० वेशाखशुक्ल । पञ्चम्यायां०् श्रीनकविहारी लिबिछें०् तेजराज-
२. भारोस नामनेन सकासात् । श्रीतेदोबहारः यंटाछें०् उदयभावोसः भान्याः ज-
३. (यत)नमाः द्वयो त्रीपुरख स एको छायाः नामना स्वकीयं स्वभुज्यमानिक०् थंपा-
४. (को)क्षेत्रनामपदेशेः ताक्षेत्र रोव ६ स ग्रहित गुन्दम्मशिवका प्लछि १ शिव-
५. का ११ श्राबिदि वर्ष ७ तलपत्र पो २ सहः साक्षि स येव दृष्ट ।। शुभमस्तु ।।

१. ᳵ श्रेयोऽस्तु ।। सम्बत् ५६० वंशाखशुक्ल । पञ्चम्यायां०् तिथौः श्रीललितब्रुमायां०् श्रीमानिग्लकं । उत्रस्थाने श्रीनकविहारी लिबिछेंगृहाद्धिवास्तव्यः तेजराजभारोस नामनेन सकासात् । श्रीयंबु तेदोबहार यंटाछेंवासिनोः

उदयभावोत: स्वभार्ज्या: जयतनमा थ्वस नेह्म त्रीपुरुख एको छाया शिहृङलरन: नामनां स्वकीयं स्वभुज्य-मानिक०

२. थंपाकोक्षेत्रनामपदेशे । श्री  ङनविहारि: हाकोकीय: क्षत्रे पछिमत । धरशीमाया० उत्रत । वंतुं श्रीआचान्दगोष्टिसमुहस क्षेत्र । पूर्व्वत । श्रीतेदोबहार: भारोमिकस्य क्षेत्र: दक्षनत । एतेखा मधे खटरोपनिकं जत क्षेत्र रोवाङ्क रोव ६ जत क्षेत्र सकर्षक० सप्तवर्षाविदिना बन्दकतेनोपदिस तेन ग्रहीत: संग्रहित: गुन्दम्म शिवका: एकारह शिवका-

३. द्विक: प्लमेका कृत: प्लछि १ शिवका ११ आबिदि वर्ष ७ तलपत्र पो २ स्मेत: तत शुवर्ण्णोप उपवृद्धि वर्षभोगलाभमात्रस्मपरिभोज्ञं । ता क्षेत्र संखटव्यावादकाले तदा धार्ण्णकेन स्वयं परिसोधनिय० भाखा सायेस बछि श्रीयद दाम: वछि श्रीयंया दाम जुरो० प्रत्य धार्ण्णकया दिवंगत[11] पिता: जयचन्दया जलंगेसा: श्रीमतश्रीश्रीपासुपति-

४. स्व अपाभेसके दोहरपेस थ्व बु आबिदिभोगन ज्वंङा जुरो० पह्निवेह चोस्यं बिस्यं हंङादो० अत्र पत्राथे साक्षि श्रीसोहलनिह्म ब्रह्मपुरो द्विजवर श्रीआसजुस: स येव श्रीतेदोबहार: धार्ण्णक स्वगोस्त्र दायत: जसु-ढंगुरिस: द्वय दृष्ट ।। स येव धार्ण्णक स्वगोस्त्र दायत: सोमढंगुरिस मेक श्रुत ।। शुभमस्तु सर्व्वं ।। शुभाशुभः ।। शुभ: ।।

### १६ सङ्ख्या

### ने. सं. ५६५ [वि. सं. १५०२] वैशाखशुक्लपञ्चमी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १८७७/२३

#### मूलपाठ

(बायाँपट्टि छेउमा)

१. ॥ सम्बत ५६५ वेशाखशुद्धि ५ मूर्त्यङ्ग श्रीजयतराम अग्नि-
२. होत्रजुस नाम्ना सकासात ।। भिक्षु श्रीगुनाजुस: पुत्रसहस
३. नाम्ना स्वकियं स्वभुज्यमानिक: ।। मतिमलक्षेत्रनामप्रदे-
४. शे: ता क्षत्र षट्रोपनिक: जत् क्षेत्रं रोव षु ६ ता क्षेत्र०
५. पञ्चवर्षाविदिना: बन्दकत्वेनोपदिस तेन ग्रीत: संग्री-
६. त: पंद्रह शिवकाङ्क शिवका १५ आबिदि व्रष ५ शुभ ।।

१. ॥ श्रेयोऽस्तु ।। सम्बत ५६५ वैशाखशुक्ल ।। पञ्चम्याया० ।। तिथो ।। श्रीललितब्रुमाया० श्रीमानीग्लके पछिमत ।। श्रीसोहलनिह्म ब्रह्मपुरो: द्विजवर मूर्त्यङ्ग श्रीजयतराम अग्निहोत्रजुस: नाम्ना सकासात् श्रीपिंथबहार चैत्यरंङन येताछेंगृहवास्तव्य ।। भिक्षु श्रीगुनाजुस: पुत्रसहस नाम्ना स्वकिय स्वभुज्यमानिक ।। (मति)-

---

११. दिपछि कुविकएर लेखिएको गको टाउकोमा ४ वटा मसिना ठाडा धर्का दिई मेटेर वंगत लेखिएको छ ।

२. मलक्षेत्रनामप्रदेशे ।। श्रीपिंथबहारया क्षेत्रे पछिमतोश्च ।। दक्षनतश्च ।। तवङ्याया अखयराजभारोस क्षेत्रे उत्वत ।। श्रीपिंथबहारः रावुत (श्रीउ)दयराजभारोसः क्षेत्रः श्रीयंग्ल मनशुनिबहार — — — — —[१२] भारोस क्षेत्र पूर्व्वंत ।। एतेखा मधेः षटरोपनिक०, जत्क्षेत्र रोवाङ्क रोव बु ६ ता क्षेत्र०, पञ्चवर्षाविदिनां

३. बन्दकतेनोपदिसः तेन ग्रीतसंग्रीत ।। गुन्दम्म शिवकाः पंद्रह शिवकाङ्क शिवका शलंङा १५ आबिदि वर्ष ङा ५ तत्शुवण्णोपवृद्धिसात् ।। भोगलाभमात्रेन स्मपरिभोग्य०, ता क्षेत्र संक्तव्यावाडकाले धार्ण्णके स्वाध्य०, अत्राथे साक्षि द्व राजबहार — — भारोस । दृष्ट ।। शायेस प्रचर पो मात्र दामः तलपत्र पो छि १ मात्र

(पछाडिपट्टि)

१. सह ।। प्रत्य घरशार बये यायेस आबिदिन ज्वं-

२. ङा ।। पह्लिवेह चोयादो ।। मतिमल बू आबिदिपत्र ।।

२० सङ्ख्या

ने. सं. ५६५ [वि. सं. १५०२] भाद्रकृष्णत्रयोदशी

नेपाल–जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई २११६/५३

मूलपाठ

१. ᳵ श्रेयोऽस्तु ।। सम्बत ५६५ भाद्रपदवद्धि १३ श्रीसोहलनिह्मं ब्रपुरोः द्विजवर मूर्त्यङ्ग श्रीजयतराम अग्नि-

२. होत्रजुसः भ्रात्यसहसः भ्रातापोत्रसहसः थ्वते प्रमोखः श्रीइन्द्रगुथिसमूहस वोः श्रीअथंकबहार लि-

३. बिछे ज्यंतरामभावो वोः योलामन्दो कोछेंयाः थेथे छिनकं तरङाया भाष थ्वते जुरो०, परिभाषा

४. चपाड लिव क्यंसः ज्यंतरामः दाम बिस्यं ज्यंतरामया क्यंवंसः बछि वं ज्याङन गुथिस्यं क्यंवं कास्यं

५. गुथियाः येताछेंनः येखंङनः ज्यंतरामः लं जोये लं बिस्यं थेथे छिनकं हेल तया जुरो०, । पुन

६. भाषाः क्यंवंस विवाडद्वाकालेः ज्यंतरामन सोधकं यंजमाल्व ।। लंया विवाडद्वाकाले गुथिस्यं सोध-

७. कं यंजमाल्व ।। थ्वते भाषा नेभिंवु चोयादो ।। साक्षि श्रीचोखाबहारः मेगराजमुलमिस दृष्ट शुभ ।।

(पछाडिपट्टि)

ᳵ योला क्य वंया पति

---

१२. लिखतपत्रलाई रद्द गरिएको जनाउन यस लिखतपत्रमा ठाउँठाउँमा यस्तो × चिह्न पछि दिइएकाले कहीँ कहीँ अक्षर पढ्न सकिँदैनन् ।

## २१ सङ्ख्या

ने. सं. ५६६ [वि. सं. १५०३] श्रावणकृष्णसप्तमी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई २१२७/४

मूलपाठ

१. ॥ श्रेयोऽस्तु ॥ सम्वत ५६६ श्रावणदधि ७ थेलं थंथछें तात जिवलक्ष्मीभरिस वोः भ्रात्य कास्कार रूपसिंहङ-भारोसः भ्रात्य

२. वंताभारोस वोः दामनो छुतु जुरसनोः काय कास्यं बिय बिस्यं थ्व संवछलन हृङाया सर्व्वसोधन धुग्व जुरो॰ अवनलि-

३. : स कालान्त्र पुरुषात्रसवु श्रीश्रीराजकुल पात्रकुल हृङ्वतं थेथेसनवु छो धाय नो मदोः साक्षि संछें द्विजत्र श्रीरगुजु-

(दायाँ फट्केमा)

सः शुभ ॥

(पछाडिपट्टि)

१. वंदुंचुस वंनङासया सासा दा-

२. म रोंङाया ल्याख नो धुंग्वः ॥

## २२ सङ्ख्या

ने. सं. ५६६ [वि. सं. १५०३] आश्विनकृष्णचतुर्दशी

नेपाल-जर्मनहस्तलिखितग्रन्थसंरक्षणपरियोजनाको रीलसङ्ख्या ई १९७०/१५

यस पत्रमा बायाँपट्टि फट्केमा माटाको, वरिपरि थोप्लैथोप्ला भएको गोलो छाप छ र त्यहाँ श्री अक्षर लेखिएको छ ।

मूलपाठ

१. ॥ श्रेयोऽस्तु ॥ सम्बत ५६६ अशुणिकृष्णचतुरदस्यायां॰ तिथौ श्रीललितब्रुमायां॰ श्रीमानिग्लके श्रीज्याठ-विहार वंकुलिकुतुंबज प्रधानमाहापात्र श्रीजयनार्थशिंहङवन्मनस भ्रात्यपुत्रसहस, श्रीवंथनिह्म विहारकुतुंबज पात्र श्रीजयशिंहङवन्मनस, पात्र श्रीजोतिराजवन्मनस भ्रात्यसहस, पात्र श्रीरूपराजव-

२. न्मनस, छूकुलं ग्वाछें मालाकार क्षयभावोस भ्रात्यपुत्रसहस, असोगभावोस, जिवाभावोस भ्रात्यसहस, मलयभावोस पुत्रसहस, पंदुभावोस, रुपाभावोस, जयतरामभावोस भ्रात्यसहस एते प्रमुखन ग्वाछेंस कुहृङास, एते नामन स्वकियं स्वभुजमानिक॰ श्रीगुसतलविहारि मुलचोकलिबिछे वंता-

३. ग्रहवारतव्य, आसभावोकस्य नामनेन सकासात, धनिकस्य लकलंख्वात बुया धार्नकसकें थंने माल्व

तलप्यंद श्रोदधान्य वाग्राहङ स्वं ३ एते तलप्यंद नामप्रदेसे ,' तत ˎ तलप्यंद सकश्रकं परिभोग्य० ˎ जथा-नग्रप्रवर्तमानसंचाराघेन जथोश्रितमूल(माद)ाय क्रियविक्रियस्वादिसनेन तेनानिवर्त्य-

४. कंन्यायेन क्रयन विक्रियतं भवतिः तत ˎ तलप्यंद संखतव्यावादकाले ,' एतत धार्नकेन स्वयं परिसोधनिय० ˎ अत्र पत्राथे साक्षि श्रोमह्लिछें ब्रह्मपुरोकुतुंबज द्विजवर श्रीहृदयजुपः श्रीचाखाबाहारः हरखुभारोसः श्रीवखनविहार लिबिछें रूपराजभारोस एते त्रय दृष्ट शुभ

(पछाडिपट्टि)

१. ꣸ जयतराम भ्रात्यसहसन क्रिनं कास्यं तया दिवंगत जयताया
२. — या जयतरामन थम प्रतेखन कास्यं तया दिवंगत जय-
३. राजया वो ,' यंकुलिया वो थ्वते बुं क्रि जुरो० ˎ संफूह्लि आख-
४. र जुरङान पति काय मद्व । जङान थ्वते भाषा चोस्यं तयाः

२३ सङ्ख्या

ने. सं. ५७० [वि. सं. १५०६] चैत्रशुक्लअष्टमी

नेपाल राष्ट्रिय अभिलेखालयको बट्टाको सङ्ख्या १०, क्रमसंख्या १५०

मूलपाठ

१. ꣸ श्रेयोऽस्तु ।। सम्बत ५७० चेत्रशुक्लः अष्टंम्यायां तिथो श्रीललिटब्रुमायां श्रीनोग्लके पश्चिमत श्रीग्वाछे-बहार मूलचोक येकुलिगृहाद्धिवास्तव्यः साक्षेभिक्षु श्रोहंतरामनायक हिंसनामनाय सकासात ×××× ××× वलमुगुह्लिमदोग्वछिवासिनोः यताभावोस नाम्नेन... [१३]
२. श्रीयंछुबहार भिक्षु श्रीनंतराजजुस भ्रातेसहस क्षत्रेन ˎ पश्छिमतः[१४] क्षेत्रेन उत्ततः तुथिछे द्विजवर श्रीजिवदेवजुसः भ्रातेसहस क्षेत्रेन ˎ पोर्वतः श्रीदाथबहार उग्रराज मुग्मोत क्षेत्रन दक्षिनत एतेषां मधेः ता क्षेत्र ता अर्द्ध सहः चतुररोपनिक० ˎ जत क्षेत्र रोव पित्या ४ ।। ता क्षत्र — ...
३. थान नग्रप्रवतमानसञ्चाराघेन ˎ यथोश्रितमुलमादाय क्रयविक्रीयस्वाद्धिनेन तेनानिर्त्रेतुक० ˎ न्यायेन क्रयेन विक्रीतं भवति मिद० ˎ ता क्षत्र संकतव्यावादकाले तदा धार्ण्णकेन ˎ परिसोध्यनिय० ˎ प्रते ह्ङा भोगन जोङ तासे दाते छासा बिस्यं ˎ न क्रिन चोस्यं का ता जुरो ।। शाक्षि श्री ××××६ वंकुलिछेवासिन साकेभिक्षु श्रीभ...

(यी लिखतपत्रको पाठनिर्णयमा मदत गर्नुभएकोमा श्रीकाशीनाथ तमोटलाई यथोचित धन्यवाद छ । )

१३. मूल ताडपत्र दायाँपट्टि छेउमा टुक्रिएर गएकोले नष्ट भएका, तर यति नष्ट भए भनी किटन नसकिएका अक्षर यस्ता ... चिह्नले जनाइन्छन् ।

१४. पश्छिमतः र क्षेत्रेनको बीचमा केही ठाउँ खाली छोडिएको छ ।

□

# बीसौं वर्षको आम्दानीखर्चको विवरण

| | |
|---|---|
| **आम्दानी** | **३२९५२।११** |
| संशोधन–मण्डललाई सालबसाल रु. १०००। अर्थसहायता दिने श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाजकल्याणमन्त्रालय ( तात्कालिक शिक्षा तथा संस्कृतिमन्त्रालय) बाट आएको | १०००। |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | १०००। |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख–सङ्ग्रह, विद्या–रक्षा, सावधान–पत्र, पञ्चाङ्ग–संशोधन, इतिहास–संशोधन, बुद्धि–विनोदप्रश्नावली र त्यसको उत्तर, श्री ३ महाराज पद्मशमशेरका कुरा, नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य बिक्री हुँदा | १४६५।८१ |
| पूर्णिमाको बिक्रीबाट | ९७५। |
| अभिलेख–सङ्ग्रहको बिक्रीबाट | १।५० |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | ५८। |
| नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यको बिक्रीबाट | ५। |
| पञ्चाङ्ग-संशोधनको बिक्रीबाट | १५। |
| रत्नदीपको बिक्रीबाट | २।५० |
| सावधान–पत्रको बिक्रीबाट | २५। |
| वृत्तशतकको बिक्रीबाट | ३। |
| व्याकरण–संशोधनको बिक्रीबाट | ३।५० |
| श्री ३ महाराज पद्मशमशेरका कुराको बिक्रीबाट | १२। |
| अभिनन्दनग्रन्थको बिक्रीबाट | ।२० |
| दिनेशराज पन्तबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | ६००। |
| मुद्दतीखाताको ब्याज | १८८४८।६१ |
| बचतखाताको ब्याज | १५१०।७२ |
| पोहोरको बाँकी (पूर्णिमा ७७ अङ्कमा प्रकाशित) | ७०९५।९७ |
| **खर्च** | **१९४५४।९७** |
| पूर्णिमा ७७ अङ्कमा | ५२१०।६५ |
| पूर्णिमा ७८ अङ्कमा | ४४८९। |
| पूर्णिमा ७९ अङ्कमा | ३६२०।८५ |
| पूर्णिमा ८० अङ्कमा | ४३७८।७५ |
| संस्थानवोकरणखर्च | ५०। |
| अरू | १७०५।४२ |
| **बाँकी** | **१३४९७।१४** |
| मुद्दतीमा | ८२०००। |

# एक्काइसौँ वर्षको आम्दानीखर्चको विवरण

## आम्दानी

५४५१६।१३

| | |
|---|---|
| संशोधन–मण्डललाई सालबसाल रु. १०००। अर्थसहायता दिने श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा, संस्कृति तथा समाजकल्याणमन्त्रालयबाट २ वर्षमा आएको | २०००। |
| मदनपुरस्कारपुस्तकालयबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | १०००। |
| साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेख–सङ्ग्रह, इतिहास-संशोधन, बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर, श्री ३ महाराज पद्मशमशेरका कुरा बिक्री हुँदा | ४३३९।७३ |
| २०४९ मा नववर्षको उपलक्ष्यमा पूर्णिमा, अभिलेख–सङ्ग्रह, बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर, श्री ३ महाराज पद्मशमशेरका कुरा बिक्री हुँदा | १२०९।२० |
| पहिलो इतिहास–संशोधनको प्रकाशन भएको ४० वर्ष पुगेको उपलक्ष्यमा पूर्णिमा, अभिलेख–सङ्ग्रह, इतिहास–संशोधन, सावधान–पत्र, विद्या–रक्षा, व्याकरण–संशोधन, पञ्चाङ्ग–संशोधन, कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या, बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तर, रत्नदीप, वृत्तशतक, नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्य, श्री ३ महाराज पद्मशमशेरका कुरा, अभिनन्दनग्रन्थ बिक्री हुँदा | ६०१६।०८ |
| पूर्णिमाको बिक्रीबाट | ८७४७।५० |
| अभिलेख–सङ्ग्रहको बिक्रीबाट | १२। |
| इतिहास–संशोधनको बिक्रीबाट | ४५५। |
| सावधान–पत्रको बिक्रीबाट | १५६। |
| बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | ३१। |
| व्याकरण–संशोधनको बिक्रीबाट | २७। |
| कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्याको बिक्रीबाट | १०। |
| विद्या–रक्षाको बिक्रीबाट | ६०। |
| अभिनन्दनग्रन्थको बिक्रीबाट | ५। |
| महेशराज पन्तको अन् स्यान्स्क्रिट् एड्युकेशन्को बिक्रीबाट | ३५। |
| महेशराज पन्तको ह्वट् हिड् अंशुवर्मन् राइट् ? को बिक्रीबाट | १६०। |
| महेशराज पन्तको इनेप्ट् स्पेसुइमिन् ? को बिक्रीबाट | ६४। |
| महेशराज पन्तद्वारा प्रकाशित ज्ञानमणि नेपालद्वारा विरचित पशुपतिनाथको दर्शन स्पर्शन पूजनको विषयमा समीक्षाको बिक्रीबाट | ३८४। |
| दिनेशराज पन्तबाट संशोधन–मण्डलले पाएको अर्थसहायता | ९००। |
| मुद्दतीखाताको ब्याज | १४३५६।९८ |
| बचतखाताको ब्याज | १०५०।५० |
| पोहोरको बाँकी (यही अङ्कमा प्रकाशित) | १३४९७।१४ |

| | |
|---|---|
| **खर्च** | **४३५७०।५२** |
| पूर्णिमा ८१ अङ्कमा | १६००३।५० |
| पूर्णिमा ८२ अङ्कमा | १०५७३।८२ |
| पूर्णिमा ८३ अङ्कमा | ५६८६। |
| पूर्णिमा ८४ अङ्कमा | ५५०४। |
| २०४६ मा नववर्षको उपलक्ष्यमा पुस्तकबिक्रीको विज्ञापन आदिमा | ४३२।५० |
| पहिलो इतिहास-संशोधनको प्रकाशन भएको ४० वर्ष पुगेको उपलक्ष्यमा पुस्तक-बिक्रीको विज्ञापन, साझाप्रकाशनबाट पुस्तकखरीद, पुराना इतिहास-संशोधन-हरूको फोटोकपी, जिल्द आदिमा | ४६२४।२० |
| संस्थानवीकरणशुल्क | २५। |
| अरू | ४१८।५० |
| **बाँकी** | **१०६४५।६१** |
| मुद्दतीमा | ८२०००। |

चाँडै निस्कँदैछ

# गोरखाको इतिहास

## (चौथो भाग)

मूल्य रु. २००।

(हाम्रा प्रकाशित कृतिको बाँकी)

## नेपाल–सांस्कृतिक–परिषद्तर्फबाट

| | |
|---|---|
| १. जयरत्नाकरनाटक | ८। |
| २. त्रिरत्नसौन्दर्यगाथा | १०। |
| ३. ऐतिहासिक-पत्रसङ्ग्रह (पहिलो भाग) | ४।५० |
| ४. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग) | ३।५० |

## जगदम्बा–प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. गल्लीमा फर्याकिएका कसिंगर | ६।२५ |
| २. इतिहास–संशोधनको प्रमाणप्रमेय | १८। |
| ३. श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१–५ खण्ड) | ४१। |

## त्रिभुवनविश्वविद्यालय पाठ्यक्रमविकासकेन्द्रतर्फबाट

| | |
|---|---|
| १. गोलबोध | १३।७२ |
| २. सुमतितन्त्र (त्रिभुवनविश्वविद्यालय संस्कृतअध्ययनसंस्थानको आयोजनामा तयार भएको) | १०२।५० |

## नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानतर्फबाट

| | |
|---|---|
| १. पण्डित गोपाल पाँडे र उनको घनमूल ल्याउने रीति | १६।५० |
| २. प्राचीन र नवीन गणितको तुलना | १५। |
| ३. त्रिकोणमिति (ज्योत्पत्ति) | २५।२५ |
| ४. श्री ५ पृथ्वीनारायण शाहको उपदेशको संस्कृत तथा नेपाली पद्यमयी व्याख्या | २५।४० |
| ५. लिच्छविसंवत्को निर्णय | १००। |
| ६. हिन्दू सिद्धान्तज्यौतिष र ग्रीक सिद्धान्तज्यौतिषको तुलना | २६। |
| ७. रत्नदीप (पहिलो भाग) | १०५। |

## महेन्द्रसंस्कृतविश्वविद्यालयतर्फबाट

| | |
|---|---|
| १. कालचक्रको ज्यौतिष भाग र त्यसको विवेचना | ३१। |

## अरू प्रकाशनतर्फबाट

| | |
|---|---|
| १. लिच्छविकालमा चलेका संवत् | १२। |
| २. गोरखाको इतिहास (१–३ भाग) | ३००। |
| ३. अन् स्यान्स्क्रिट् एड्युकेशन् | ३५। |
| ४. इनेप्ट् स्पेसइमिन् ? | २०। |
| ५. व्हट् डिड् अंशुवर्मन् राइट् ? | ४०। |
| ६. पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा | ८०। |

 का. मे. अ. द. नं. १५५/२४६

कार्यालय

संशोधन-मण्डल

वटु सवलबहाल

ग-१-५३० काठमाडौँ-३

नेपाल

फोन नं. २-२०४९२

वि. सं. २०५० वैशाख

यस अङ्कको मूल्य रु. ४०।-

मुद्रक

लुष प्रेस

नयाँ बानेश्वर

ख-१-३७३ काठमाडौँ-१

नेपाल

फोन नं. ४-७३५८६